# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

भद्रकुमारी घलेको जन्म वि.सं. १९८८ फागुन १९ गते बागमती अञ्चल काठमाडौँ जिल्लाको डिल्लीबजार वडा नं. ३३ मा भएको हो । भद्रकुमारी घले पिता कृष्णबहादुर घले र माता भक्तकुमारी घलेकी दोस्रो सन्तान हुन् । उनको पुर्ख्यौली थलो नेपालको पूर्व ३ नम्बर ओखलढुङ्गा जिल्लाको आमबोटे घले गाउँ हो ।

भद्रकुमारी घलेका प्रकाशित निबन्ध सङ्ग्रहहरू **राष्ट्रिय चिन्तन** (२०४५), **समय दृष्टि** (२०५९), **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोहर नारी** (२०६१), **आइमाई हिजो आज भोलि** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **जीवन र समाज सेवा** (२०६६), **राष्ट्र र राष्ट्रियता** (२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास** (२०६८), **आजको माहोल** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा**(२०६८), **चरम सीमामा** (२०६९), **बुद्ध्यौलीको गन्थन** (२०७०) गरी जम्मा १७ वटा रहेका छन् ।

भद्रकुमारी घले तत्कालीन राणा शासन र सती प्रथाको विगविग भएको समयमा जन्म भएकी एक सशक्त निबन्धकार हुन् । तत्कालीन समयमा उच्च शिक्षा हासिल गर्न सक्नु घलेको साहसिक कार्य हो । जनजाति परिवारमा जन्मेकी घलेले तत्कालीन समयमा शिक्षाको यस्तो पहुँच पाउनु त्यति बेलाको चुनौतीको विषय रहेको देखिन्छ । यी निबन्ध सङ्ग्रहहरूको विश्लेषणबाट भद्रकुमारी घलेका निबन्धकारिताको मूल्याङ्कन गर्नु नै प्रस्तुत शोधकार्यको मूल विषय हो ।

## १.२ शोध समस्या

भद्रकुमारी घले नेपाली साहित्यको निबन्ध विधाकी एक प्रतिभाशाली निबन्धकार हुन् । घलेको नेपाली साहित्यका क्षेत्रमा जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, **आमा** काव्यको कृतिपरक अध्ययन भएका छन् । उनका निबन्धहरूको भने गहन अध्ययन हुन सकेको छैन । तसर्थ प्रस्तुत शोधकार्य भद्रकुमारी घलेको निबन्धकारिताको बारेमा निम्न लिखित समस्यासँग सम्बद्ध गरिएको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

(क) भद्रकुमारी घलेका निबन्धात्मक यात्रा र प्रवृत्ति के कस्तो रहेको छ ?

(ख) भद्रकुमारी घलेका निबन्धहरू के कस्ता छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही शोधकार्य प्रस्तुत गरिएको छ ।

## १.३ शोधका उद्देश्यहरू

यस शोधकार्यका मूल उद्देश्यलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ ।

(क) भद्रकुमारी घलेका निबन्धात्मक यात्रा र प्रवृत्तिको खोजी गर्नु ।

(ख) भद्रकुमारी घलेका निबन्धलाई निबन्ध तत्त्वका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

भद्रकुमारी घले नेपाली साहित्यको निबन्ध विधामा लामो समयदेखि कलम चलाइरहेकी लेखक हुन् । नेपाली साहित्यका क्षेत्रमा विशेष गरी निबन्ध रचनामा साधनारत घलेको साहित्यिक योगदान, निबन्धकारिताका बारेमा विभिन्न विद्वान्, साहित्यकारहरूले केही टिकाटिप्पणी गरेका छन् । विभिन्न व्यक्तिले फरक-फरक ढङ्गले निबन्धकार भद्रकुमारी घलेको निबन्ध रचनाका बारेमा चर्चा गरेका छन् । जसलाई यसरी प्रस्तुत गरिएको छ ।

कृष्णचन्द्र सिंह प्रधानले भद्रकुमारी घलेको **राष्ट्रिय चिन्तन** (२०४५) निबन्ध सङ्ग्रहको शीर्षक लेखनमा घलेको व्यक्तित्वलाई चिनाउँदै उनका लेखनका बारेमा छोटो टिप्पणी गरेका छन् । प्रधानले घलेलाई राजसंस्थाप्रति आस्था, धर्मप्रति विश्वास, शान्तिको कामना, नारी वर्गको उत्थान र नेपाली समाजको सकारात्मक परिवर्तन चाहने निबन्धकारका रूपमा लिएका छन् । प्रधानका अनुसार घले अतुलनीय प्रयत्नशील निबन्धकार हुन् ।

रामप्रसाद दाहालले भद्रकुमारी घलेलाई **नेपाली भाषा साहित्यका इतिहास र इतिहासकारको परिचय** (२०५४) मा घलेलाई नेपाली साहित्यमा निबन्ध विधाका एक सचेत निबन्धकारका रूपमा लिएका छन् । दाहालले घलेलाई नेपाली साहित्यको निबन्ध विधाका महत्त्वपूर्ण निबन्धकार हुन् भनेका छन् । घलेको निबन्ध रचनामा समसामयिक विषयवस्तु पाइन्छ भनी जानकारी दिएका छन् ।

घटराज भट्टराईले भद्रकुमारी घलेलाई **नेपाली लेखक कोष** (२०५६) मा कवि, कथाकार र निबन्धकार व्यक्तित्वका रूपमा चिनाएका छन् । भट्टराईले घलेलाई नेपाली साहित्यमा बहुआयामिक व्यक्तित्वका रूपमा चित्रण गरेका छन् । यस क्रममा भट्टराईले नेपाली साहित्यको निबन्ध विधामा घलेको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् ।

सीता सापकोटाले भद्रकुमारी घलेको *जीवनी, व्यक्तित्व र कृतित्को अध्ययन* (२०५६) मा घलेको **राष्ट्रिय चिन्तन** (२०४५) निबन्ध सङ्ग्रहका बारेमा चर्चा गरेकी छन् । सापकोटाका अनुसार घलेले तत्कालीन नेपालको राजसंस्था, सामाजिक व्यवस्था, नारीको स्थिति, राष्ट्रिय महत्त्व, आध्यात्मिकवादको आवश्यकताका साथै समसामयिकता उनको प्रस्तुत निबन्ध सङ्ग्रहको निबन्ध रचनाहरूको प्रमुख विषयवस्तुका रूपमा समेटेकी छन् । चिन्तनशीलता, समस्यामूलकता घलेका

निबन्धात्मक प्रवृत्ति हुन् । सापकोटाले घलेलाई सरल भाषा र सामान्य शैलीमा निबन्ध रचना गर्ने निबन्धकार हुन् भनेकी छन् ।

दान खालिङ्ले भद्रकुमारी घलेको **समय दृष्टि** (२०५९) निबन्ध सङ्ग्रहको भूमिकामा घलेको निबन्ध लेखनको विषयमा सङ्क्षिप्त रूपमा प्रकाश पारेका छन् । खालिङ्ले घलेलाई आफ्नो जीवनको अनुभवबाट जगत् र जीवनका बारेमा चिन्तन गर्ने निबन्धकारका रूपमा चिनाएका छन् ।

इन्दिरा प्रसाईले भद्रकुमारी घलेको **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०) निबन्ध सङ्ग्रहको भूमिकामा घलेलाई चिन्तनशील निबन्धकारका रूपमा चिनाएकी छन् । इन्दिराका अनुसार घलेले प्रस्तुत निबन्ध सङ्ग्रहमा देश र जनताको दयनीय अवस्थाप्रति सहानुभूति प्रकट गरेकी छन् । प्रसाईले घलेलाई राष्ट्रभक्त निबन्धकारका रूपमा मूल्याङ्कन गरेकी छन् ।

रामदयाल राकेशले भद्रकुमारी घलेको **आइमाई हिजो आज भोलि** (२०६१) निबन्ध सङ्ग्रहका सम्बन्धमा घलेको प्रस्तुत निबन्ध कृति नारी केन्द्रित रहेको बताएका छन् । राकेशका अनुसार घलेले निबन्धमा नारीलाई आजको युग अनुसार आफ्नो पहिचान प्रस्तुत गर्न आग्रह गरेकी छन् । निबन्धकार स्वयम् नारी भएकाले उनलाई एक नारीवादी निबन्धकारका रूपमा चित्रण गरेका छन् ।

दुर्गाप्रसाद भण्डारीले भद्रकुमारी घलेको **आजको मेरो मन** (२०६५) निबन्ध सङ्ग्रहको बारेमा घलेको निबन्ध रचनाले नेपाली निबन्ध क्षेत्रलाई उच्च स्थान प्रदान गरेको छ भनेका छन् । भण्डारीका अनुसार घलेका निबन्धमा देशप्रेम, नारी जागृति, सामाजिक परिवर्तनका आवाज उठाइएका छन् । भण्डारीले घलेलाई एक सचेत नारी निबन्धकारका रूपमा चिनाएका छन् ।

पूर्णप्रकाश नेपाल यात्रीले भद्रकुमारी घलेको **जीवन र समाजसेवा** (२०६६) निबन्ध सङ्ग्रहको सन्दर्भमा कर्मजीवि युग सचेत नारी निबन्धकारका रूपमा मूल्याङ्कन गरेका छन् । यात्रीले घलेका प्रकाशित निबन्ध सङ्ग्रहहरूका आधारमा घलेलाई प्रतिभाशाली नेपाली नारी रत्नका रूपमा उच्च स्थान प्रदान गरेका छन् ।

श्यामदास वैष्णवले भद्रकुमारी घलेको **राष्ट्र र राष्ट्रियता** (२०६६) निबन्ध सङ्ग्रहका प्रसङ्गमा घलेलाई निबन्ध रचनाका माध्यमबाट घले एक खुलस्त वक्ता हुन् भनेका छन् । वैष्णवका अनुसार घलेका निबन्धले समाजमा लुकेर रहेका सामाजिक हिंसा र कुसंस्कारका आवाज बाहिर ल्याएको छ । वैष्णवले घलेको निबन्धहरूले भावी सन्ततीहरूलाई उत्प्रेरित गर्न सक्छन् भन्ने विश्वास राखेका छन् ।

गोपीकृष्ण शर्माले भद्रकुमारी घलेको **अहिलेको परिस्थिति** (२०६६) निबन्ध कृतिको भूमिका लेखनमा घलेलाई प्रतिभाशाली निबन्धकारका रूपमा प्रस्तुत गरेका छन् । शर्माका अनुसार घलेका निबन्धहरूमा देशप्रति चिन्ता, सर्वसाधारण जनताको जीवनमा परिवर्तनको कामना रहेका छन् । शर्माले घलेको निबन्ध लेखनलाई चिन्तनशील निबन्ध लेखनका रूपमा मूल्याङ्कन गरेका छन् ।

ठाकुर वेलबासेले भद्रकुमारी घलेको **मेरो जीवन यात्रा** (२०६६) निबन्ध सङ्ग्रहको सन्दर्भमा घलेका वि.सं. २०४६ पछिको समय निबन्ध रचनाको हो भनेका छन् । वेलबासेले घलेका निबन्ध लेखन कार्यलाई नेपाली निबन्धको भण्डार भर्ने स्रोतका रूपमा प्रस्तुत गरेका छन् । वेलबासेका अनुसार घले निबन्ध विधाको कुशल र सचेत निबन्धकार हुन् ।

देबु मल्ले भद्रकुमारी घलेको **आमा महात्म्य काव्यको अध्ययन** (२०६७) मा घलेले वैदिककालमा नारीलाई देवीका रूपमा पुजिए पनि आधुनिक युगका पुरुष वर्गले नारीलाई खोक्रो र परजीवी बनाएको छ भन्ने नारीवादी चिन्तन काव्यमा प्रस्तुत गरेकी छन् भनेकी छन् । आमाको सम्मान गर्न सके नारीले मुक्ति पाउन सक्छ भन्ने घलेको प्रस्तुत कृति मार्फत बोध गर्न सकिन्छ । मल्लका अनुसार घले राष्ट्रिय चिन्तन, मानवतावादी स्वर आमाप्रति गरिएका आधुनिक दुनियाँको स्वार्थी प्रवृत्तिलाई वैचारिक र चिन्तन पक्षले सफल नारीवादी कवयत्री हुन् । मल्लले सरल र संप्रेषणीय भाषाशैली घलेको प्रस्तुत **आमा** काव्यमा पाइन्छन् भनेकी छन् ।

प्रकाश समीरले भद्रकुमारी घलेको **बुढ्यौलीको गन्थन** (२०७०) निबन्ध सङ्ग्रहको सम्बन्धमा घले देशको विग्रँदो अवस्थाप्रति चिन्तित देखिन्छन् भनेका छन् । समीरले घलेका निजी भावनाहरूले मुलुकको दयनीय अवस्थालाई समेटेको छ भनेका छन् । समीरका अनुसार घले निबन्धमा आधुनिक समय र मानव समाजको जस्ताको तस्तै चित्रण गर्न सक्ने निबन्धकार हुन् ।

भद्रकुमारी घलेको निबन्ध लेखन माथि गरिएका प्रस्तुत पूर्वकार्यको विवरणबाट घलेका रचनाको सामान्य टिकाटिप्पणी मात्र भएको पाइन्छ । घलेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, **आमा** काव्यको अध्ययन भए पनि उनको निबन्धको समग्र अध्ययन भएको पाइँदैन । तसर्थ प्रस्तुत शोधपत्रमा घलेको निबन्धको अध्ययन र विश्लेषण गरिएको छ ।

### १.५ शोधकार्यको औचित्य

वि.सं. २०४५ देखि नेपाली साहित्यको निबन्ध क्षेत्रमा प्रवेश गरेकी भद्रकुमारी घलेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र **आमा** महात्म्य काव्यको अध्ययन मात्र भएको छ । उनको निबन्धकारिताका विषयमा सामान्य टिप्पणी मात्रै भएको छ । मूलतः कृतिको भूमिकामा मात्रै घलेको निबन्धका बारेमा चर्चा गरिएको पाइन्छ । अतः निबन्धहरूको व्यवस्थित अध्ययन नगरिएको कुरा पूर्वकार्यबाट स्पष्ट हुन्छ । त्यसैले यस अध्ययन घलेका निबन्धमा केन्द्रित भएर गरिएको छ ।

नेपाली निबन्ध विधामा पन्ध्र वर्षदेखि निरन्तर कलम चलाएर झन्डै डेढ दर्जन कृतिहरू प्रकाशित गरिसकेकी घलेका अनुसन्धान औचित्यपूर्ण छ । घलेका निबन्धहरूको बारेमा जान्न चाहने व्यक्तिका लागि यो शोधकार्य महत्त्वपूर्ण बन्न सक्छ । नेपाली साहित्यमा निबन्ध अनुसन्धान परम्पराको विकासमा पनि यसको महत्त्व रहन्छ ।

## १.६ शोधकार्यको सीमा

भद्रकुमारी घलेको निबन्धहरूलाई यस अध्ययनमा समेटिएको छ । घलेका प्रकाशित निबन्ध सङ्ग्रहका निबन्धहरूको विश्लेषण विषयवस्तु र भाषाशैलीका आधारमा गरिएको छ । उनका निबन्धलाई माथि उल्लेख भए बाहेक अन्य सन्दर्भबाट विश्लेषण गरिएको छैन । त्यस्तै घलेको निबन्ध यात्रा र प्रवृत्तिको विश्लेषण सर्वेक्षणात्मक र समीक्षात्मक ढङ्गले मात्र गरिएको छ । यो नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

यस शोधकार्य गर्दा अपनाइएको सामग्री सङ्कलन र विश्लेषण ढाँचाको जानकारी तल दिइएको छ ।

### १.७.१ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्रको तयारीमा साग्री सङ्कलनका लागि पुस्तकालयी कार्यको प्रयोग गरिएको छ । यस अध्ययनमा भद्रकुमारी घलेका सत्रओटा निबन्ध सङ्ग्रहहरू प्राथमिक सामग्री हुन भने उनका बारेमा लेखिएका भूमिका तथा समीक्षा लेखहरू द्वितीयक सामग्री हुन् । ती सामग्रीको सङ्कलन गरी तलका शोध ढाँचाका आधारमा शोधपत्र तयार गरिएको छ ।

### १.७.२ विश्लेषणको ढाँचा

यस अध्ययनमा निबन्धको विश्लेषण निबन्ध तत्त्वका आधारमा गरिएको छ । भद्रकुमारी घलेको निबन्ध विश्लेषणमा विषयवस्तु र भाषाशैलीलाई प्रमुख आधार मानी निबन्धको विश्लेषण गरिएको छ । यस अध्ययनमा विषयवस्तु र भाषाशैली निबन्ध विश्लेषणको आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्न परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

**पहिलो परिच्छेद** : शोध परिचय

**दोस्रो परिच्छेद** : निबन्ध विश्लेषणका आधारहरू

**तेस्रो परिच्छेद** : भद्रकुमारी घलेको निबन्ध यात्रा र प्रवृत्ति

**चौथो परिच्छेद** : भद्रकुमारी घलेका निबन्धको विश्लेषण

**पाँचौं परिच्छेद** : सारांश तथा निष्कर्ष

परिच्छेदको अन्त्यमा सन्दर्भ सामग्री सूची पनि प्रस्तुत गरिएको छ । शोधपत्र लेखनका क्रममा प्रयोग गरिएका पुस्तक र अप्रकाशित शोधपत्र आदिको सूची वर्णानुक्रममा दिइएको छ ।

# दोस्रो परिच्छेद

## निबन्ध विश्लेषणका आधारहरू

### २.१ विषय परिचय

साहित्यका प्रमुख चार विधाहरूमध्ये निबन्ध पनि एक हो । साहित्यका श्रव्य र दृश्य गरी दुई भेद छन् । साहित्यको श्रव्य भेद अन्तर्गत दुई हागा गद्य र पद्य मध्ये निबन्ध गद्य भाषामा लेखिन्छ । साहित्यका कविता आख्यान र नाटक जस्तै निबन्ध पनि हो । निबन्ध विषय केन्द्रित हुन्छ । निबन्धको सामान्य सैद्धान्तिक चिनारीका साथै निबन्ध विश्लेषण गर्ने आधारहरूका बारेमा प्रकाश पारिएको छ ।

### २.२ निबन्धको पूर्वीय मान्यता

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने बन्ध धातुमा 'घञ' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ (सुवेदी, २०५८ : ६) । 'नि' उपसर्ग रहने बन्ध धातुमा 'अच' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ । यसको व्युत्पत्तिगत अर्थ भने 'निबध्नातीति निबन्ध' भन्ने हुन्छ (सुवेदी, २०५८ : ६) । वासवदत्ता र न्यायमञ्जरीमा ग्रन्थ रचनाका अर्थमा तत्त्व दीपतको चमत्कृत अर्थमा 'शिशुपालवध' मा भव्य र ग्रन्थका अर्थमा 'निबन्ध' शब्दको अर्थ प्रयोग भएको देखिन्छ (गौतम र लुइटेल, २०५५ : १) । वर्तमान समयमा निबन्धले जुन अर्थ दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइँदैनथ्यो । यसको कारण संस्कृत साहित्यमा अरूको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । नेपाली साहित्यमा आधुनिकताको प्रभाव पाश्चात्य साहित्यको वरदान भएकाले निबन्ध विधा पनि पाश्चात्य साहित्यको उपज मान्न सकिन्छ ।

### २.३ निबन्धको पाश्चात्य मान्यता

अंग्रेजीमा निबन्धलाई एस्से भनिन्छ । यो फ्रान्सेली शब्द एसाइबाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ (थापा, २०४२ : १८०) । पाश्चात्य साहित्यमा निबन्ध प्रयोग गर्ने प्रथम फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । सोह्रौँ शताब्दीको अन्त्यतिर उनले आफ्नो रचनालाई एसाई भन्ने नाम दिएका थिए, जसको अर्थ प्रयास हुन्छ (भोलुम, सन्

१९६८ : ६२) । मोन्तेनले आफ्नो रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । 'म नै मेरो निबन्धको विषयवस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ ।' फ्रान्सिस वेकन निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीर्पा चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो भन्दछन् (सुवेदी, २०५८ : १७) ।

पाश्चात्य साहित्यमा निबन्धका नामहरू विभिन्न रूपमा प्रचलित छन् । ग्रिसेली भाषामा निबन्धलाई 'एसिज' भनिन्छ । जसको अर्थ हुन्छ 'प्रयास गर्नु' यसलाई फ्रान्समा मोन्तेनले एस्से नाम दिए जसको अर्थ पनि प्रयास गर्नु हुन्छ । तसर्थ आजको निबन्ध पाश्चात्य साहित्यको देन हो ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग गर्दै आए पनि त्यस साहित्यको विशिष्ट गद्य विधालाई बुझाउन सकेको देखिदैन तर पाश्चात्यको 'एस्से' शब्दले प्रारम्भदेखि नै साहित्य रचनाको अर्थ वहन गरेर व्यापक अर्थमा गद्य विधा विषयलाई समेट्दै आएको छ । यसर्थ पाश्चात्य नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्यत्पत्तिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसँग नै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दका रूपमा नेपाली निबन्ध शब्द प्रचलित भएको छ ।

## २.४ निबन्धको परिभाषा

साहित्यका चार विधाहरू मध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो । निबन्ध हुनका निम्ति के के कुरा आवश्यक पर्दछन् भनी धेरै विद्वान्हरूले आ-आफ्नो मान्यतामा रहेर परिभाषा गरेका छन् । निबन्धमा विचार विमर्शका रूपमा आएको हुन्छ । निबन्ध विषयको केन्द्रियता भित्र लेखक वा चिन्तकको आत्म प्रकाशन पनि हुनु पर्छ (शर्मा, २०६६ : ३) । निबन्धलाई साहित्यिक र साहित्येतर दुई प्रकारमा विभाजन गर्न सकिन्छ । परिभाषा दिने क्रममा पाश्चात्य जगत्का प्रथम स्रष्टा मोन्तेनका अनुसार "मेरो इच्छा हुन्छ निबन्धमा बिना आडम्बर सहज र साधारण तरिकाले स्वयम् स्थापित होउँ यसमा म कुनै वास्तविकता वा कला भर्न चाहन्न मेरो निबन्धको विषय म नै हुँ भनी निबन्धको चिनारी दिएका छन् (शर्मा, २०६६ : १४) । मोन्तेनले निबन्ध रचनाका बारेमा पहिलो निजात्मक दृष्टिकोणको प्रारम्भ यिनै कथनबाट भएको कुरा पुष्टि हुन आउँछ । यस्तै फ्रान्सिस बेकनँका अनुसार "निबन्ध एउटा छरिएको चिन्तन हो" भन्दछन् (शर्मा, २०६६ : १४) । बेकनँले निबन्धलाई अव्यवस्थित चिन्तनलाई समेट्ने रचनाका रूपमा परिभाषित गरेका छन् ।

- लक्ष्मीप्रसाद देवकोटाका अनुसार "यो रौ चिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमको धुर्त बद्मास ठिटो हो । जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ कतै - कतै आनन्दले फूलेर हेर्छ, तर घोरिदैन ।" पठ घोकुवा हलन्त मिजासले यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछो मार्ने कला हो (देवकोटा, २०३८ : ख) । लक्ष्मीप्रसाद देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रह सङ्कलित गर्ने समयमा निबन्धको परिभाषा व्यक्त गरेका हुन् ।
- दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार "अन्तरङ्ग विचार वा भावना अनित्यक भएको अथवा वहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमा भित्र बाँधिन बाध्य नभएर पनि निश्चित प्रकारको शीलशीला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ" (श्रेष्ठ र शर्मा, २०५९ : ११५) भन्ने दृष्टिकोण नै दयाराम श्रेष्ठ र मोहनराज शर्माले निबन्धको परिभाषा गर्ने क्रममा राखेका छन् ।
- ईश्वर बरालका अनुसार "निबन्ध एक किसिमको कुरा गराइ हो । यो लेखकका मनमा उठेका भावनाहरूलाई स्वगत कथनका रूपमा उद्कारित गराउने विधा विशेष आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइ दिनु, आन्तरिक शन्देशलाई फिजाउनु, मानिसका आद्य सिर्जना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ । मेरा कुरा कसैले सुनीदिउन्" (बराल, २०४८ : ख) । यस किसिमको अभिव्यक्ति दिने रचनालाई बरालले निबन्ध भनेका छन् । बराललाई निबन्धका सशक्त समीक्षक एवम् विश्लेषणशील प्रतिभा मानिन्छन् ।
- रामलाल अधिकारीका अनुसार "निबन्ध त्यो काव्य विधा हो । जसमा लेखकको व्यक्तित्व पाठकसम्म पूर्णतया प्रकाशन मान हुन्छ । यसमा लेखकले उपदेष्टा नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्छ" (अधिकारी, १९७५ : १०) भनेर अधिकारीले निबन्धलाई परिभाषित गरेका छन् । यस कथनका आधारमा निबन्धको परिभाषा सामान्य तथा गद्यको सहज र संवेद्यतायुक्त रचना हो भन्ने ठहर्छ । संवेदनापूर्ण प्राण सञ्चार गर्ने निजात्मक गद्य विशेष नै निबन्ध हो भन्ने पनि निजात्मक निबन्धका पद्यमा देखिन्छन् ।

- आचार्य रामचन्द्र शुक्लका विचारमा "निबन्धमा वैयक्तिक विशेषता व्यक्त गर्ने कामका निमित्त र त्यसमा विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञात रूपले वा अज्ञात रूपले होस् विशृङ्खलित भने हुन दिनु हुन्न । भावप्रवाहको विचित्रता देखाउनका निम्ति अनुभूतिका स्वाभाविक वा लोक सामान्य रूपसँग कुनै सम्बन्ध राख्न सक्नु निबन्धको पहिचान हो । बौद्धिकताको जटिल समस्याहरू थपेर व्यायामिक शैलीमा आसन साधन गराइरहनु हुँदैन" (शुक्ल, १९७५ : १०) । यस शृङ्खलित अभिव्यक्तिलाई शुक्लले निबन्ध हो भनेका छन् ।

माथि उल्लेख भएका परिभाषाहरूलाई समग्रमा हेर्दा निबन्धकारका विचारहरू वस्तुपरक ढङ्गबाट पाठक सामु प्रस्तुत गर्ने र जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न बाध्य पारिएको हुन्छ । निबन्ध वास्तवमा आत्म प्रतिपादन, संवेदना आदिको समष्टि रूप हो भन्ने निष्कर्षमा आउन सकिन्छ ।

## २.५ निबन्धको स्वरूप

निबन्धको स्वरूप अति सूक्ष्मदेखि वृहत् आयतनमा फैलिएको हुन्छ । यो दैनिक जनसाधारणका निम्ति भाव संप्रेषण गर्ने गद्य विधा हो । निबन्धलाई सङ्क्षिप्तदेखि लघु आयतनमा रचना गर्न सकिने साहित्यिक विधाका रूपमा चिनिन्छ । निबन्धमा व्यक्तिगत अनुभूति र तत्वको प्रयोग हुन्छ । तसर्थ पाश्चात्य र पूर्वीय निबन्धहरूका मान्यता र परिभाषालाई हेर्दा निबन्धका स्वरूप यसरी निर्धारण भएको पाइन्छ ।

(क) निबन्ध छोटो साहित्यिक विधा हो ।

(ख) यो मनको बह पोख्ने माध्यम हो ।

(ग) निबन्ध सङ्क्षिप्त र लघु आयतनमा सिर्जित हुन्छ ।

(घ) निबन्ध कुनै विषयवस्तुमा केन्द्रित वा तटस्थ भएर गरिने वर्णन हो ।

(ङ) निबन्ध निरन्तर साधनाबाट सुन्दर र सुललित बन्न सक्ने गद्यात्मक रचना हो ।

(च) निबन्धमा परमाणुदेखि बृहत पिण्डसम्म यसका विषयवस्तु भएका हुन्छन् ।

(छ) निबन्ध स्रष्टाको प्रकृति झल्किने, परिस्कृत भाषाशैली भएको विचारात्मक अभिव्यक्ति हो ।

निबन्ध भनेको कुनै एउटा शीर्षकमा लेखकद्वारा प्रस्तुत गरिएको निजी धारणाहरूको अभिव्यक्ति हो । यसमा आन्तरिक शृङ्खलाबद्ध र काल्पनिक तथा वस्तुनिष्ठ, तार्किक र निजी शैलीमा व्यक्त अवधारणाको प्रस्तुति हुन्छ । प्रत्येक निबन्धमा विषयगत र शैलीगत विविधता रहेको पाइन्छ । निबन्ध एक स्वतन्त्र रचना भएकोले शृङ्खलित र निश्चित आयाम निबन्धमा नभई नहुने विषय हुन् ।

## २.६ निबन्धका तत्त्वहरू

"कुनै पनि साहित्य सिर्जना गर्नका लागि केही आधार वा संरचना निर्धारण गरिएका हुन्छन् । यसैगरी निबन्धका लागि पनि आफ्नै संरचना हुन्छ । विधाको निर्माण त्यसका अवयव वा तत्त्वले गर्दछ । तिनीहरूलाई निबन्ध तत्त्व भनिन्छ" (शर्मा, २०५५ : ५१६) । निबन्ध गतिशील विधा भएकाले यसको स्वरूपगत भिन्नता देखिन्छ । ती भिन्नतालाई यसरी हेर्न सकिन्छ ।

- विनय कुमारका अनुसार निबन्धका तत्त्वहरूलाई विषयको प्रतिपादन, आत्मतत्त्वको प्रमुखता, कलात्मकता र एकान्विती भनी समेटेका छन् (विनय, सन् १९६८ : ११) ।
- मोहनराज शर्माले निबन्धका उपकरण विषय, शैली र प्रयोजनलाई यसरी औंल्याएका छन् (शर्मा, २०६६ : ५१६) । शर्माका अनुसार विषय भनेको निबन्धको शीर्षक हो । जसको सेरोफेरोमा नै निबन्धकार आफ्नो विचार व्यक्त गर्दछ । विषय अति सामान्यदेखि विशिष्टसम्म हुन सक्छ ।
- राजेन्द्र सुवेदीले निबन्धमा विषय संवेदना निजात्मक उद्देश्य, यथार्थको प्रतिपादन, लघुआयाम, पूर्णता गद्य र रचनात्मक शैलीलाई तत्त्वका रूपमा निर्धारण गरेको पाइन्छ (सुवेदी, २०६८ : ५९-६०) । सुवेदीले निबन्धको विषयमा संवेदना र निजात्मकता आवश्यक हुन्छ भनेका छन् । यथार्थको प्रतिपादन निबन्धमा हुन्छ । लघु आयाम र रचनात्मक शैलीलाई निबन्ध तत्वका रूपमा प्रस्तुत गरेका छन् ।
- देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलले निबन्धका विषयवस्तु उद्देश्य, हार्दिकता, बौद्धिकता, भाषाशैली, दृष्टिविन्दुलाई तत्त्व भनी उल्लेख गरेका छन् (गौतम र लुइटेल, २०५५ : ५) । गौतम र लुइटेलले निबन्ध रचनामा विषयवस्तु, उद्देश्य, हार्दिकता, बौद्धिकता, भाषाशैली र दृष्टिविन्दुलाई निबन्धका तत्वहरूमा निर्धारण गरेका छन् ।

- गोपिकृष्ण शर्माले निबन्धको तत्त्वलाई वस्तु, शैली र उद्देश्य भनी प्रस्तुत गरेका छन् (शर्मा, २०५५ : २१) । शर्माले निबन्धका तत्वका रूपमा वस्तु, शैली र उद्देश्यलाई प्रमुख रूपमा निर्धारण गरेका छन् ।

यसरी विभिन्न स्वदेशी तथा विदेशी विद्वन्हरूले निबन्धका तत्त्वलाई आ-आफ्नो तरिकाले प्रस्तुत गरेको पाइए पनि सबैका मान्यतालाई आत्मसात गरी समग्रमा निबन्ध तत्त्वका रूपमा निम्न लिखित पक्ष समेट्नु उपयुक्त देखिन्छ ।

### २.६.१ विषयवस्तु

जुन विषयबारे निबन्ध लेखिएको छ, त्यसलाई निबन्धको विषयवस्तु भन्दछन् । विषयलाई निबन्धको आत्मा मानिएको पाइन्छ । प्रत्येक निबन्धमा कुनै विषयको मूर्त रूप हुन्छ । यसको विषय सूक्ष्मदेखि वृहतसम्म हुन्छ । जुनदेखि कसिङ्गरसम्म र भ्रुणदेखि मानिससम्म हुन्छ भन्ने मानिन्छ । कुनै पनि विचार, भाव, घटना, व्यक्ति र स्थान आदि यसको विषय हुन सक्छ (शर्मा, २०५५ : २१) ।

निबन्धमा बौद्धिक तत्त्व, भाव तत्त्व रहेको हुन्छ । तत्त्व निबन्धको मेरुदण्ड हो । विषयवस्तुको ज्ञानविना निबन्धको कल्पना पनि गर्न नसकिने हुनाले यसको क्षेत्र व्यापक र विस्तृत हुन्छ ।

### २.६.२ उद्देश्य

जेका निम्ति निबन्ध लेखिएको छ । त्यसलाई निबन्धको उद्देश्य भनिन्छ । उद्देश्य तथा प्रयोजन विना कुनै पनि विधा सिर्जना भएको हुँदैन । प्रत्येक निबन्ध कुनै न कुनै प्रयोजन पूरा गर्नका लागि लेखिन्छ । यो विचार पक्षसँग सम्बन्धित हुन्छ । यसैका माध्यमबाट आफ्ना धारणा पाठक सामु प्रस्तुत गरिएको हुन्छ । विचारको प्रस्तुति गर्दै जायज पक्ष यो वा त्यो हो भनी निष्कर्षमा पुग्ने काम उद्देश्यबाट गरिन्छ (शर्मा, २०५५ : २१) । शर्माका अनुसार लेखकले आफ्नो सिर्जनाको अभिव्यक्तिका माध्यमबाट सामाजिक अवस्थालाई परिवर्तन गर्न सक्नु उद्देश्य मानेका छन् ।

### २.६.३ भाषाशैली

निबन्धको तेस्रो महत्त्वपूर्ण तत्त्व भनेकै भाषाशैली हो । गद्य विधा भएकाले यसको प्रस्तुति पनि गद्यमा गरिन्छ । निबन्धका शैलीका विश्लेषण भाषिक विचलन, समानान्तरता,

विविधता, शब्दभण्डार, सादृश्य विधान आदिका आधारमा गरिन्छ । यसको प्रस्तुति औपचारिक वा अनौपचारिक शैली र उच्च वा सामान्य शैली, काव्यात्मक वा पत्रपत्रिका शैली आदि विविध शैलीय रूपमा गरिन्छ (शर्मा, २०५५ : २१) ।

लेखकको विचार वा पाठकसामु प्रसारित गर्न निर्माण गरिएको वाक्य वा अनुच्छेदको बुनोटलाई शैली भनिन्छ । शैलीले भाषा र भावलाई समन्वय गर्दछ । क्रम, सङ्गति, सङ्गठन र अन्विती शैली आन्तरिक गुण हुन् । भावका दृष्टिले शैली दुई प्रकारका हुन्छन् ती हुन् : प्रसाद शैली र समास शैली हुन्छन् (शर्मा, २०५५ : १५) ।

## २.७ निष्कर्ष

प्रस्तुत परिच्छेदमा विषय परिचय, निबन्धको पूर्वीय र पाश्चात्य मान्यतामा विविध विद्वान्हरूका अवधारणा प्रस्तुत गरिएको छ । निबन्धको परिभाषा दिने क्रममा पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूका आ-आफ्ना विविध परिभाषाहरूलाई उल्लेख गरिएको छ । निबन्धको स्वरूपमा निबन्धलाई छोटो साहित्यिक विधाका रूपमा उल्लेख गरिएको छ । निबन्धको विषयवस्तु परमाणुदेखि पिण्डसम्म हुन्छ भनिएको छ । निबन्धलाई परिष्कृत भाषाशैली भएको विचारात्मक अभिव्यक्ति मानिएको छ । निबन्धका तत्वहरू विषयवस्तु, उद्देश्य र भाषाशैलीलाई मानिएको छ ।

# तेस्रो परिच्छेद

## भद्रकुमारी घलेको निबन्ध यात्रा र प्रवृत्ति

### ३.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा भद्रकुमारी घलेको निबन्ध यात्रा चरण विभाजन र निबन्धात्मक प्रवृत्तिहरूको अध्ययन गरिएको छ । भद्रकुमारी घलेले वि.सं. २०४५ देखि औपचारिक रूपमा निबन्ध यात्रा प्रारम्भ गरेकी हुन् । घलेको निबन्ध यात्रा हालसम्म आइपुग्दा तीन दशकको समयावधि रहेको देखिन्छ । घले आफ्नो औपचारिक निबन्ध यात्राको क्रममा अहिलेसम्ममा जम्मा १७ ओटा निबन्ध सङ्ग्रहहरू प्रकाशन गर्न सफल देखिन्छन् । घलेको निबन्ध रचनाहरूमा देशको सामाजिक विकृति र विसङ्गतिहरूलाई उन्मुलन गरेर स्वच्छ समाजको निर्माण गर्न सम्पूर्ण नेपालीलाई निबन्धका माध्यमबाट आग्रह गरिएको छ । मुलुक र समाजको गिर्दो अवस्थाप्रति निबन्धकार चिन्तित रहेको देखिन्छ ।

भद्रकुमारी घले नेपाली साहित्यको कविता, कथा, नाटक र निबन्ध क्षेत्रमा कलम चलाउँदै आएकी एक बहुआयामिक व्यक्तित्व हुन् । भद्रकुमारी वि.सं. २०४५ सालदेखि नेपाली निबन्ध क्षेत्रमा प्रवेश गरेकी निबन्धकार हुन् । भद्रकुमारी घलेको निबन्ध यात्राको थालनी **राष्ट्रिय चिन्तन** (२०४५) निबन्ध सङ्ग्रहबाट भएको हो । प्रस्तुत सङ्ग्रहको ‘राजसंस्था र धर्मबाट हाम्रो समस्याको समाधान’ शीर्षकको निबन्ध उनको पहिलो निबन्ध रचना हो । निबन्धकार भद्रकुमारी घलेले यही लेखनलाई हालसम्म निरन्तरता दिइरहेकी छन् । घलेले निबन्धमा मुलुक र समाजमा घटेका विभिन्न घटनाहरूलाई निबन्धको विषयवस्तुमा चित्रण गरेकी छन् । सामाजिक, शैक्षिक, राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई सङ्ग्रह गरेर **समय दृष्टि** (२०५९), **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोहर नारी** (२०६१), **आइमाई हिजो हाज भोलि** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **जीवन र समाज सेवा** (२०६६), **राष्ट्र र राष्ट्रियता** (२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास** (२०६८), **आजको माहोल** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरम सीमामा** (२०६९) र **बुढौलीको गन्थन** (२०७०) गरी जम्मा १७ वटा निबन्ध सङ्ग्रह प्रकाशित रहेका छन् ।

## ३.२ निबन्ध यात्रा

वि.सं. २०४५ देखि हालसम्म जारी रहेको उनको निबन्ध यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्न सकिन्छ ।

### ३.२.१ पूर्वार्द्ध चरण (२०४५-२०५९ सालसम्म)

भद्रकुमारी घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरण वि.सं. २०४५-२०५९ सम्म मान्न सकिन्छ । घलेका यस चरणका प्रकाशित निबन्ध सङ्ग्रहहरू **राष्ट्रिय चिन्तन** (२०४५) र **समय दृष्टि** (२०५९) रहेका छन् ।

भद्रकुमारी घलेका पूर्वार्द्ध चरणका निबन्ध सङ्ग्रहहरूमा तत्कालीन मुलुकको राजसंस्थाप्रति नेपालीहरूले राखेको आस्था प्रस्तुत भएको छ । तत्कालीन समयमा राजसंस्थाबाट मुलुक संचालन हुने परम्पराको सन्दर्भ निबन्धमा पाइन्छ । निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरणलाई उनको निबन्ध यात्राको आभ्यासिक चरणका रूपमा लिन सकिन्छ । यस चरणका निबन्धहरूमा घलेले राष्ट्र र राजसंस्थालाई प्रमुख रूपमा देखाउँदै राष्ट्र र राजसंस्थालाई निबन्धमा प्राथमिकता दिइएको देखिन्छ । निबन्धकार भद्रकुमारी घलेका यस चरणका निबन्ध “राजसंस्थाप्रति आस्था, धर्मप्रति विश्वास, शान्तिको कामना, महिला वर्गको समस्या तथा उत्थानका लागि ध्यानाकर्षित छन्” (प्रधान, २०४५ : ख) । घलेले राजनीतिक दलका नेताहरूलाई मुलुक र जनताको विकास गर्न निबन्धका माध्यमबाट आग्रह गरेकी छन् ।

भद्रकुमारी घलेले तत्कालीन समय र समाजमा देखेका विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा चित्रण गरेकी छन् । नेपाली समाजमा रहेको परम्परा र रुढीवादीले निम्त्याएको सामाजिक समस्याको समाधान गर्न घलेले जातीय भेद, वर्गीय द्वन्द्व, लैङ्गिकता क्षेत्रलाई प्रमुख रूपमा लिएकी छन् । यस्ता समस्याहरूको समाधान समाजबाट नै हुनु पर्छ भन्ने मान्यता पाइन्छ । निबन्धकार घले स्वयम् नारी भएका कारणले उनले नारी उत्थानका लागि सामाजिक परिवर्तन आवश्यक छ भनेकी छन् । सबै मानवमा समान व्यवहार भए सामाजिक समस्याका रूपमा देखिएको नारी समस्यालाई उन्मूलन गर्न सकिन्छ । घले एक सचेत नारी भएकाले सम्पूर्ण नारीवर्गलाई अरूको लोभलालचमा फस्नु हुन्न भनेकी छन् ।

भद्रकुमारी घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरणमा निबन्ध सङ्ग्रहहरूका **राष्ट्रिय चिन्तन**मा १४ वटा र **समय दृष्टि** निबन्ध सङ्ग्रहमा २३ गरी जम्मा ३७ वटा निबन्धहरूको

संगालो रहेको देखिन्छ । ती निबन्धहरू तत्कालीन समाजको चित्र कोर्न सफल देखिन्छन् । यस चरणका उनका निबन्धहरूले समसामयिक घटनाहरूलाई प्राथमिकता दिएका छन् । घलेको **समय दृष्टि** निबन्ध सङ्ग्रहमा प्रमुख रूपमा मानव समुदायलाई विषयवस्तुका रूपमा लिइएको देखिन्छ । घलेका निबन्धहरूमा उनका जीवनका सुख दुःखलाई प्रस्तुत गरेको पाइन्छ । उनले सहयोगी भावनाले व्यवहार गर्दा विश्वासघात पाएको र आफू ठगीमा परेको सन्दर्भहरू निबन्धमा रहेका छन् । यसले वर्तमान मानवीय समाजको चित्रण गरेको छ । घलेले समाजमा यस्ता कुसंस्कारलाई फैलिन दिनु हुँदैन भन्ने सन्देश निबन्धका माध्यमबाट दिएकी छन् । उनले समाज र राष्ट्रमा शान्तिको चाहना राखेकी छन् । निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरणका निबन्धहरू आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक तथा समसामयिक विषयवस्तुमा आधारित रहेका देखिन्छन् । यस चरणमा घलेलाई चिन्तनशील निबन्धकारका रूपमा लिइएको छ (खालिङ, २०५९ : भूमिका) । घलेको निबन्ध रचनालाई यस अवस्थासम्म ल्याई पुऱ्याउने यही पूर्वार्द्ध चरण भएकाले उक्त चरणमा प्रकाशित भएका उनका निबन्ध सङ्ग्रहहरू महत्त्वपूर्ण रहेका देखिन्छन् ।

### ३.२.२ उत्तरार्द्ध चरण (२०६० सालदेखि हालसम्म)

भद्रकुमारी घलेको निबन्ध यात्राको उत्तरार्द्ध चरण वि.सं. २०६० देखि हालसम्म मानिएको छ । घलेको निबन्ध यात्राको उत्तरार्द्ध चरण छुट्याउने मूल आधार विषयवस्तु र परिष्कृत शैली रहेको छ । यस चरणमा घलेको १५ ओटा निबन्ध सङ्ग्रहहरू प्रकाशित रहेका छन् । तीन हुन् : **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोहर नारी** (२०६१), **आइमाई हिजो आज भोलि** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **जीवन र समाजसेवा** (२०६६), **राष्ट्र र राष्ट्रियता** (२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास** (२०६८), **आजको माहोल** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरम सीमामा** (२०६९) र **बुढौलीको गन्थन** (२०७०) निबन्ध सङ्ग्रहहरू प्रकाशित रहेका छन् ।

भद्रकुमारी घलेको निबन्ध यात्राको उत्तरार्द्ध चरणमा लेखिएका उनका निबन्धात्मक रचनाहरू पूर्वार्द्ध चरणका निबन्ध रचना भन्दा विषय र शैलीमा केही फरक देखिन्छ । पूर्वार्द्ध चरणका धेरै जसो निबन्धहरू आत्मपरक शैलीमा रचना गरिएका देखिन्छन् भने उत्तरार्द्ध चरणका निबन्धहरूमा निजात्मक शैली, यात्रा संस्मरणात्मक शैली, प्रश्नात्मक शैली एवम् व्यङ्ग्यात्मक गरी विविध शैलीको प्रयोग भएको देखिन्छ । घलेका निबन्ध यात्राको उत्तरार्द्ध

चरणका निबन्धहरूमा सामाजिक, ऐतिहासिक, प्राकृतिक, समसामयिक एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई निबन्धको विषयवस्तु बनाइएको पाइन्छ । यस चरणमा घलेले विविध विषयमा स्वदेश तथा विदेश भ्रमणका क्रममा आफूले देखेका, भोगेका र अनुभव गरेका विषयवस्तुहरूलाई आत्मसंस्मरणात्मक रूपमा निजात्मक पाराले रचना गरिएका निबन्धहरू रहेका देखिन्छन् । यस चरणमा घलेले सामाजिक, राजनैतिक, ऐतिहासिक, समसामयिक र अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएको विकृति र विसङ्गतिहरूलाई निबन्धमा देखाएकी छन् ।

भद्रकुमारी घलेका उत्तरार्द्ध चरणका निबन्धहरू घलेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमणका क्रममा विविध विषय र परिवेशबाट प्रभावित भएर रचना गरिएका छन् । घलेका कतिपय निबन्धहरूमा अन्तर्राष्ट्रिय जनजीवनलाई पनि विषयवस्तुका रूपमा देखाइएको छ । यसका साथै देशका विविध परिवेश र समाजलाई निजात्मक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ । घलेका उत्तरार्द्ध चरणका निबन्धहरूले विश्वका विविध प्रसङ्गलाई समेटेको देखिन्छ । जसमा विश्व शान्तिका सन्दर्भलाई पनि निबन्धको विषयवस्तुमा उल्लेख गरिएको छ । अन्तर्राष्ट्रिय स्तरको राजनीति लगायत समसामयिक विषयहरू उठाइएका छन् ।

भद्रकुमारी घलेका उत्तरार्द्ध चरणका निबन्धहरूमा ऐतिहासिकता, कला र संस्कृतिलाई महत्त्व दिइएको छ । हाम्रा पुर्खाहरूले निर्माण गरेका विभिन्न मठमन्दिर र धार्मिक तीर्थ स्थलहरूलाई जोगाउनु हाम्रो कर्तव्य हो भनिएको छ । यस चरणमा निबन्धकारले धार्मिक, सामाजिक, राजनैतिक र ऐतिहासिक महत्त्वलाई निबन्धमा व्यक्त गरेकी छन् । तिनीहरूका महत्त्वका बारेमा चर्चा गर्दै भावी सन्ततीका लागि जोगाई राख्नु हाम्रो कर्तव्य हो भनिएको छ ।

भद्रकुमारी घलेले नेपालको प्राकृतिक सम्पदाहरूको महत्त्वलाई प्रस्तुत गरेकी छन् । नेपाल प्राकृतिक सम्पदाको देश भएर पनि त्यसलाई सहि सदुपयोग गर्न नसकेकोमा निबन्धकारले चिन्ता व्यक्त गरेको देखिन्छ । जलस्रोत, वन सम्पदा, पशुपन्छी लगायत प्राकृतिक सम्पदालाई संरक्षण गर्नु आवश्यक रहेको देखिन्छ । त्यस्तै प्रकृतिप्रति निबन्धकार मोहित भएको देखिन्छ । भद्रकुमारी घलेले उनको निबन्ध यात्राको उत्तरार्द्ध चरणका केही निबन्धहरूमा मानिसको बुढेसकाललाई पनि प्रस्तुत गरेकी छन् । मानिसको वृद्धावस्था अशक्त अवस्था हो र अरूको सहारामा बाँच्नु पर्ने अवस्थालाई देखाइएको छ । वृद्धावस्थाका मानिसलाई सबैले माया सद्भावनाको व्यवहार गर्नु पर्छ भन्ने सामाजिक भावनाको प्रसङ्गलाई

देखाइएको छ । यो उमेरमा विभिन्न समस्या आउने हुनाले आफ्नो खानपान र स्वास्थ्यमा विचार पुऱ्याए स्वास्थ्य राम्रो हुन्छ भन्ने सन्देश घलेले नेपाली वृद्धवृद्धालाई दिएकी छन् । उनले आफ्नो उमेरलाई डाँडा माथिको अस्ताउन लागेको घामसँग तुलना गरेकी छन् । यो जहिले पनि अस्ताउन सक्छ भन्ने विचार प्रस्तुत गरेकी छन् ।

भद्रकुमारी घलेका उत्तरार्द्ध चरणका निबन्धहरू समग्र रूपमा भन्नु पर्दा उनको यो तीन दशक लामो निबन्ध यात्रामा नेपाली निबन्ध विधालाई संख्यात्मक र गुणात्मक दृष्टिकोणले उच्चता प्रदान गरेको पाइन्छ ।

## ३.३ भद्रकुमारी घलेका निबन्धात्मक प्रवृत्तिहरू

भद्रकुमारी घले नेपाली साहित्यको निबन्ध विधाका एक प्रतिभाशाली निबन्धकार हुन् । वि.सं. २०४५ देखि औपचारिक निबन्ध यात्रा प्रारम्भ गरेकी घलेका निबन्ध सङ्ग्रहहरू **राष्ट्रिय चिन्तन** (२०४५), **समय दृष्टि** (२०५९), **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोहर नारी** (२०६१), **आइमाई हिजो आज भोलि** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास** (२०६८), **आजको माहोल** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरम सीमामा** (२०६९) र **बुद्ध्यौलीको गन्थन** (२०७०) निबन्ध सङ्ग्रहहरू प्रकाशित रहेका छन् । यिनै निबन्धात्मक रचनाका आधारमा भद्रकुमारी घलेको निबन्धात्मक प्रवृत्तिलाई केलाउन सकिन्छ ।

### ३.३.१ आत्मपरकता/निजात्मकता

निबन्धकार भद्रकुमारी घलेका निबन्धात्मक रचनाहरूमा आत्मपरकता पाइन्छन् । निबन्धमा निबन्धकारले विषयवस्तुको स्पर्श मात्र गरेर आफ्ना गुनासा एवम् अनुभवहरूलाई प्रथम पुरुष शैलीमा प्रस्तुत गरेकी छन् । निबन्धकारले यहाँ कुनै पनि कल्पनाको नजिक नपुगी वास्तविक सत्य घटनाहरूलाई टिपेर आफ्नो निबन्धमा प्रस्तुत गरेकी छन् । वैयक्तिक जीवनमा देखेका, भोगेका र जाने बुझेका अनुभव गरेका अनुभूतिहरूलाई विषयवस्तु बनाई निबन्ध रचना गर्ने काम निबन्धकारको रहेको छ । घलेले आफैलाई आफ्ना निबन्धको विषयवस्तु बनाएर आफ्ना जीवनका सुख, दुःख, हर्ष विष्मात आदिको अभिव्यक्ति आफ्नो निबन्धमा व्यक्त गरेकी छन् ।

### ३.३.२ चिन्तनशीलता

भद्रकुमारी घलेले आफ्नो निबन्ध रचनाहरूमा सामाजिक, शैक्षिक, राजनीतिक, आर्थिक क्षेत्रमा देखिएका नकारात्मक पक्षप्रति चिन्ता व्यक्त गरेकी छन् । निबन्धकार भद्रकुमारी घलेको 'लक्ष्मीप्रसाद देवकोटा सत्वार्षिकी' (२०६६), 'मेरो दृष्टिमा कवि शिरोमणि लेखनाथ' निबन्धमा चिन्तनशील प्रवृत्ति पाइन्छ । घलेले यहाँ नेपाली साहित्यप्रति चिन्ता व्यक्त गरेकी छन् । मानिस जन्मे पछि केहि गर्नु पर्छ पृथ्वीको भार र निरर्थक जीवनप्रति चिन्तन गरेकी छन् । समाज अन्धविश्वास र परम्परामा अडेको देखेर घले चिन्तित हुँदै मान्छेको दृष्टिकोण परिष्कृत भएपछि मात्र सभ्य समाजको सिर्जना हुने सन्देश दिएकी छन् । देवदेवीको नाममा मठमन्दिरमा पैसा चढाउनु भन्दा गरिब दुःखिलाई दिएर खाँचो टारिदिनु धर्म हुने सन्दर्भ प्रस्तुत गरिएको छ । मानिसले आफ्नो धर्म गर्ने परम्परालाई परिवर्तन गरी दुःखिको सेवा गर्नु धर्म मानेकी छन् । छोरा जन्मदा खसी र छोरी जन्मदा फर्सी जस्ता सामाजिक कुप्रथालाई समाजबाट हटाउनु पर्छ भन्ने मान्यता घलेका निबन्धमा पाइन्छन् । समाज परिवर्तनका लागि जनचेतना फैलाउन आवश्यक हुन्छ । यसर्थ चिन्तनशीलता घलेको निबन्धात्मक प्रवृत्ति हो ।

### ३.३.३ समस्यामूलकता

निबन्धकार भद्रकुमारी घलेको निबन्ध रचनामा समस्यामूलक प्रवृत्ति पाइन्छ । घलेले मुलुकको सामाजिक, राजनैतिक, शैक्षिक र नारी विषयमा देखिएका समस्याहरूलाई निबन्धमा प्रस्तुत गरेकी छन् । यिनै समस्याहरूले गर्दा समाजमा विकृति र विसङ्गतिले नराम्रो प्रभाव पारेको छ । यस्ता समस्याहरूलाई समाधान गर्नका लागि सामाजिक चेतना जोगाउनु पर्छ । समाजका सबै मानिसमा शिक्षाको विकास हुनु आवश्यक छ । विकसित समाज भएमा राष्ट्रमा विकास हुन्छ भन्ने मान्यता निबन्धकार घलेको देखिन्छ । परम्परावादी समाजको सागुरो मानसिकताका कारण समाजमा लुकेर रहेका समस्याहरूलाई घलेले निबन्धमा देखाएकी छन् । त्यसैले घलेलाई समस्यामूलक विषयमा निबन्ध रचना गर्ने निबन्धकार भनिन्छ ।

भद्रकुमारी घलेले आधुनिक नेपाली समाजमा फैलिएको विकृति र विसङ्गतिले समाजलाई समस्याको बाटोतर्फ डोऱ्याएको अवस्थालाई चित्रण गरेको देखिन्छ । यसरी निबन्धकार भद्रकुमारी घलेले समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका समस्याहरूलाई

केन्द्र बनाएर निबन्ध रचना गरेकी छन् । त्यसले उनलाई समस्यामूलक विषयमा केन्द्रित लेखन प्रवृत्ति भएको निबन्धकार भनिन्छ ।

### ३.३.४ राष्ट्रवादी भावना

निबन्धकार भद्रकुमारी घले राष्ट्रवादी भावना भएका निबन्धकार हुन् । घलेले आफ्नो निबन्धका माध्यमबाट राष्ट्र भावना व्यक्त गरेकी छन् । उनले आफ्नो निबन्धमा देशको महिमा, नेपाली स्वाभिमान प्रस्तुत गरेकी छन् । आधुनिक नेपाली समाजले पाश्चात्य संस्कृतिको ग्रहण गरेको विषयलाई प्रष्ट पारेकी छन् । आधुनिकताका नाममा राष्ट्रलाई हानी हुने खालका क्रियाकलापहरूलाई आत्मसात गर्न नहुने विचार निबन्धमा पाइन्छ । त्यस्ता क्रियाकलापले हाम्रो राष्ट्रको स्वाभिमानमा असर गर्छ भन्ने सन्देश पाइन्छ । निबन्धकार भद्रकमारुी घले स्वयम् नेपाली राजनीतिमा संलग्न व्यक्ति भएकाले पनि घलेका निबन्ध रचनामा राष्ट्रवादी भावना पाइनु स्वाभाविक मानिन्छ । घलेले आफ्नो निबन्ध रचनामा राष्ट्र भावना व्यक्त गरेर सम्पूर्ण नेपालीलाई आफ्नो राष्ट्रको कुशल नागरिक बन्न र देशका निम्ति आफ्नो कर्तव्य पूरा गर्नु पर्छ भनी आग्रह गरेकी छन् । त्यसैले निबन्धकार भद्रकुमारी घले राष्ट्रवादी देशभक्त निबन्धकार हुन् ।

### ३.३.५ नारीवादी भावना

निबन्धकार भद्रकुमारी घलेले समाजको परिवर्तन गर्नका लागि नारीको विकास हुनु आवश्यक ठानेकी छन् । समाजको आधा जनसंख्या नारीको भएकाले नारीमा परिवर्तन आए सामाजिक अवस्थाको सुधार हुन्छ भनेकी छन् । सामाजिक सुधारका निम्ति नारीहरूलाई पुरुष सरह समान अवसरको आवश्यकता छ भनिएको पाइन्छ । यदि नारीलाई शिक्षित बनाएमा त्यहाँको समाज पनि शिक्षित बन्छ भन्ने धारणा निबन्धकारको पाइन्छ । पितृसत्तात्मक समाजमा नारीहरूको दयनीय अवस्थाप्रति निबन्धकार चिन्तित देखिन्छन् । निबन्धकार स्वयम् नारी भएका कारणले सम्पूर्ण नेपाली नारीलाई आजको युगमा चुप लागेर बस्न हुँदैन भन्ने सुझाव दिएकी छन् । नारीले पनि समान अवसर प्राप्त गरेमा पुरुष भन्दा कम नहुने विश्वास निबन्धकारले राखेकी छन् । आजको नारीलाई युग अनुसार आफूलाई संचालन गर्न घलेले निबन्धका माध्यमबाट आग्रह गरेकी छन् । घलेका नारी केन्द्रित निबन्ध सङ्ग्रहहरू **सृष्टिको धरोहर नारी**, **आइमाई हिजो आज भोली** रहेका छन् । घलेका यी निबन्ध सङ्ग्रहहरूमा नारीका विविध अवस्था र

योगदानलाई चित्रण गरिएको छ । त्यसैले घलेलाई नारीवादी भावना भएका निबन्धकारका रूमा लिन सकिन्छ ।

### ३.३.६ व्यङ्ग्यात्मकता

निबन्धकार भद्रकुमारी घलेको निबन्ध रचनामा व्यङ्ग्यात्मकता पाइन्छ । घलेले देशको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक अवस्थामा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेकी छन् । विशेष गरी घलेले राजनीतिक दलका नेताहरूले देशको विकास गर्ने बहानामा आफ्नो मात्र विकास गरेकोमा व्यङ्ग्य गरेकी छन् । आधुनिक समाजमा मानिसहरू सभ्य हुने क्रममा स्वार्थी बन्दै गएको अवस्था माथि व्यङ्ग्य गरेकी छन् । समाजमा बढ्दै गएको कुसंस्कारप्रति व्यङ्ग्य गर्दै निबन्धकारले स्वार्थी प्रवृत्तिलाई त्याग्नु पर्छ नभए मानवीय सद्भाव हराउँछ भनेकी छन् । यिनै व्यङ्ग्यहरूका आधारमा निबन्धकार घलेलाई व्यङ्ग्यात्मक निबन्धकार भनिन्छ ।

यिनै विविध प्रवृत्तिका आधारमा घलेलाई नेपाली साहित्यको निबन्ध विधाका एक प्रतिभाशाली निबन्धकारका रूपमा लिन सकिन्छ ।

## ३.४ निष्कर्ष

भद्रकुमारी घले नेपाली साहित्यको निबन्ध क्षेत्रमा एक प्रतिभाशाली निबन्धकार हुन् । घलेले **राष्ट्रिय चिन्तन** (२०४५) निबन्ध सङ्ग्रहबाट निबन्ध यात्रालाई अघि बढाएका छन् । घलेका हालसम्म १७ वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । घलेका हालसम्म प्रकाशित निबन्ध सङ्ग्रहहरूलाई विषयवस्तु र शैलीका आधारमा दुई चरणमा विभाजन गरिएको छ । घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरण उनको निबन्ध यात्राको आभ्यासिक चरण मानिएको छ । उनको निबन्ध यात्राको पूर्वार्द्ध चरण आभ्यासिक चरण हुँदा हुँदै पनि समसामयिक विषयलाई प्रस्तुत गर्न सफल देखिन्छन् । भद्रकुमारी घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरणमा देशभक्ति र चिन्तशीलता जस्ता प्रवृत्तिहरू पाइन्छन् ।

निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्राको उत्तरार्द्ध चरणमा प्रकाशित निबन्ध सङ्ग्रहहरू पूर्वार्द्ध चरणका निबन्धहरू भन्दा विषयवस्तु र शैलीमा फरक रहेको देखिन्छ । घलेका उत्तरार्द्ध चरणका निबन्धहरूमा प्रकृति प्रेम, मानवीयता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई निबन्धका विषयवस्तुका रूपमा प्रस्तुत गरिएका छन् । उनको निबन्ध यात्राको उत्तरार्द्ध चरणका निबन्धहरूमा परिष्कृत शैली र विषयगत सचेतता

रहेको देखिन्छ । घलेले वैयक्तिक जीवनमा देखेका, भोगेका, जाने बुझेका अनुभव र अनुभूतिलाई समेटेर निबन्ध रचना गर्ने काम गरेकी छन् । घलेले आफूलाई आफ्नो निबन्धको विषयवस्तुमा प्रस्तुत गरेर निजी जीवनका दुःख, सुख र आरोह अवरोह आदि अभिव्यक्त छन् । उनले आफ्नो निबन्धका माध्यमबाट देशभक्त र मानवीय भावनालाई प्रस्तुत गरेकी छन् ।

विषयवस्तुका दृष्टिले भद्रकुमारी घलेका निबन्धहरूलाई हेर्दा विषयवस्तुगत विविधता भेटिन्छन् । घलेका निबन्धात्मक प्रवृत्तिलाई हेर्दा आत्मपरकता यिनको मूलभूत निबन्धात्मक प्रवृत्ति हो । यसमा साथै समस्यामूलकता, चिन्तनशीलता, राष्ट्रिय भावना, नारीवादी चिन्तन र व्यङ्ग्यात्मकता आदि निबन्धात्मक प्रवृत्तिहरू घलेका निबन्धमा पाइन्छन् । त्यसैले यिनलाई एक कुशल निबन्ध प्रतिभाका रूपमा लिन सकिन्छ ।

# चौथो परिच्छेद

## भद्रकुमारी घलेका निबन्धको विश्लेषण

### ४.१ विषय परिचय

भद्रकुमारी घलेको निबन्ध यात्रा **राष्ट्रिय चिन्तन** (२०४५) निबन्ध सङ्ग्रहबाट भएको हो । त्यस पछिका उनका निबन्ध सङ्ग्रहहरू **समय दृष्टि** (२०५९), **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोहर नारी** (२०६१), **आइमाई हिजो हाज भोलि** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **जीवन र समाज सेवा** (२०६६), **राष्ट्र र राष्ट्रियता** (२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास** ( २०६८), **आजको माहोल** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरम सीमामा** (२०६९) र **बुढौलीको गन्थन** (२०७०) गरी १७ वटा निबन्ध सङ्ग्रह प्रकाशित रहेका छन् । घलले विविध विषयलाई निबन्धका विषयवस्तुमा प्रस्तुत गरेको पाइन्छ । घलेले आफ्नो जीवनमा देखेका, भोगेका र अनुभव गरेका विषयवस्तुहरूलाई निबन्धमा समेटेकी छन् । सामाजिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई मुख्य विषयवस्तु बनाएर निबन्ध रचना गरेको पाइन्छ । घलेका हालसम्म प्रकाशित १७ वटा निबन्ध सङ्ग्रहहरूको विश्लेषण यस परिच्छेदमा गरिएको छ । प्रत्येक निबन्ध सङ्ग्रहको विश्लेषण निबन्ध तत्त्वका आधारमा गरिएको छ । विश्लेषणका मुख्य आधारहरू विषयवस्तु र भाषाशैलीलाई मानिएको छ ।

### ४.२ 'राष्ट्रिय चिन्तन' निबन्ध सङ्ग्रहका निबन्धहरूको विश्लेषण

भद्रकुमारी घलेको **राष्ट्रिय चिन्तन** (२०४५) निबन्ध सङ्ग्रह हो । यो निबन्ध सङ्ग्रह तत्कालीन राजा वीरेन्द्र शाहको ४४ औं जन्मोत्सवको उपलक्ष्यमा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कृतिमा १४ वटा निबन्ध रचनाहरू सङ्गृहीत छन् । ती हुन् 'राजसंस्था र धर्मबाट हाम्रो समस्याको समाधान', 'हाम्रो शान्ति क्षेत्रको प्रस्ताव', 'शान्ति र प्रजातन्त्र', 'अछुत', 'हाम्रो स्थिति र परिवार नियोजन',

'नेपाली महिलावर्ग र व्यवसायिक क्लब', 'नारी श्रमको ह्रास र मूल्य', 'महिला र समाज कल्याण', 'महिला वर्गमा आर्थिक स्रोतको परिचालन आजको खाँचो हो', 'हामीले गर्नु पर्ने काम', 'श्री ५ वडामहारानी सरकार र महिला वर्ग', 'श्री ५ वडामहारानी सरकारको नारी र देश विकासमा देन', 'मेरो दृष्टिमा कवि शिरोमणि लेखनाथ', 'आजको स्थितिमा आध्यात्मिकवादको खाँचो छ' निबन्धहरू रहेका छन् ।

यहाँ **राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रहका निबन्धहरूलाई विषयवस्तु र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ विषयवस्तु

भद्रकुमारी घलेको **राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रहका निबन्धमा विषयगत विविधता पाइन्छन् । यस सङ्ग्रहका निबन्ध रचनाहरूमा तत्कालीन समाजको सामाजिक, राजनीतिक, सांस्कृतिक, महिलावर्ग समस्या र समसामयिक विषयलाई मुख्य विषयवस्तु बनाइएको छ ।

'राजसंस्था र धर्मबाट हाम्रो समस्याको समाधान' **राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रहको पहिलो निबन्ध हो । यस निबन्धमा तत्कालीन राजपरिवारका सदस्यहरूले देश र जनताका लागि सामाजिक तथा आर्थिक परिवर्तन ल्याउनका निम्ति गरेका कार्यहरूलाई निबन्धको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । राजपरिवारका सदस्यहरूबाट भएका सुधारका कार्यहरूको चर्चा गर्दै निबन्धकार भद्रकुमारी घलेले हिन्दु धर्म र हिन्दु धर्मसँग सम्बन्धित सांस्कृतिक विविधताले अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान उच्च रहेको सन्दर्भलाई निबन्धमा उल्लेख गरेकी छु ।

आधुनिकताको पछाडि बढ्दो भौतिकवादले मानिसलाई स्वार्थी तुल्याएको छ । मानिसको मन शान्ति छैन । विकृति र विसङ्गतिको पछाडि दौडि रहेको अवस्थालाई मध्यनजर गरेर निबन्धकार घलेले समाजमा शान्ति, सद्भाव र स्थायित्व कायम गर्न आध्यात्मिक चिन्तनको विकास हुनु पर्छ भन्ने विषयलाई प्राथमिकता दिएका छन् । संसारमा आधुनिकताले भित्र्याएको अन्याय, अत्याचार, सामाजिक हिंसा जस्ता भौतिकवादबाट जन्मेका यस्ता घटनाहरूलाई रोक्न आध्यात्मिक चिन्तनको आवश्यक छ भन्ने विचार निबन्धमा व्यक्त गरिएको छ ।

'हाम्रो शान्ति क्षेत्रको प्रस्ताव', 'शान्ति र प्रजातन्त्र' शीर्षकका निबन्धहरूमा मुलुकको राजनीतिक, सांस्कृतिक अवस्थाको चर्चा गरिएको छ । नेपालीले कल्पना गरेको शान्ति क्षेत्रको महत्त्वलाई चित्रण गरेको पाइन्छ । तत्कालीन राणाकाललाई फाँसीवादको युगका रूपमा निबन्धकार भद्रकुमारी घलेले प्रस्तुत गरेकी छन् । मानव समाज र देश बन्नका लागि शान्ति अपरिहार्य भएको सन्दर्भ व्यक्त गर्दै निबन्धकारले निबन्धमा मानव शान्ति, एकता, विश्वास, अधिकार जस्ता विषयले प्रजातन्त्रलाई सहयोग पुऱ्याउने विचार व्यक्त गरेकी छन् । 'अछुत' निबन्धमा मानिस ईश्वरको सिर्जना हो । मानव जाति सबै एकै हो, सबैको रगत रातो हुन्छ । जाति र वर्गका आधारमा कसै माथि भेदभाव गर्नु हुन्न भन्ने धारणा प्रस्तुत भएको छ ।

'हाम्रो स्थिति र परिवार नियोजन' निबन्धमा नेपालीको आर्थिक अवस्था कमजोर छ । जनसङ्ख्या वृद्धिका कारणले अझै कमजोर बन्दै गएको अवस्थालाई चर्चा गरिएको छ । परम्परागत धारणा अनुसार सन्तानले डाँडाकाँडा ढाकोस भन्नु स्वभाविकै थियो । तत्कालीन समयमा अशिक्षाका कारणले जति धेरै सन्तान त्यति नै राम्रो मान्यता रहेको थियो । ती सबै अशिक्षा र गरिबीका परिणाम हुन् । परम्परागत मान्यतालाई त्यागेर आफूले सम्हाल्न सक्ने मात्र सन्तान जन्माउनु पर्छ भन्ने सन्देश निबन्धमा रहेको छ । 'नारी श्रमको ह्रास र मूल्य', 'महिला र समाज कल्याण', 'महिला वर्ग र आर्थिक परिचालन आजको खाँचो हो' शीर्षकका निबन्धहरूमा नारीका स्थितिका बारेमा आफ्नो धारणा व्यक्त गरेकी छन् । देशको कूल जनसङ्ख्याको आधा नारीको भए पनि नारीले राष्ट्रको विकास परिचालन गर्न नसकेको अवस्थालाई स्पष्ट पारिएको छ । यसको प्रमुख कारण नारी र पुरुषमा समान अवसर नहुनु हो । प्रकृतिले नारीलाई आमा बनाएको र आमाको सेवा तुलनात्मक दृष्टिले हेर्दा महत्त्वपूर्ण रहेको पाइन्छ । आमाहरू घर व्यवहारमा मात्र सीमित रहेकाले पीछडिएको हो । पञ्चायती व्यवस्था यता नारी आफू को हुँ र आफूले समाजमा के कति सेवा गर्न सकिन्छ भन्ने चेतना नारीमा आएको छ । नारीलाई सुशिक्षित बनाई आवश्यकता अनुसार समस्या समाधान गर्न सक्ने बनाउनु पर्छ भन्ने धारणा निबन्धमा प्रस्तुत भएको छ । कालान्तरको नारीबाट

आधुनिक नारीमा परिवर्तन आएको विश्वास निबन्धकार भद्रकुमारी घलेको रहेको देखिन्छ ।

'श्री ५ वडामहारानी सरकार र महिला वर्ग', 'श्री ५ वडामहारानी सरकारको नारी र देशमा विकासमा देन' शीर्षकका निबन्धमा नारी प्रत्येक दृष्टिमा योग्य र विकशीत हुनु आवश्यक छ । आधी आकाशका रूपमा नारीलाई प्रस्तुत गरिएको छ । देश विकासका लागि पुरुष एउटा खम्बा र नारी अर्को खम्बाको क्षमता हो । नारी र पुरुषलाई समान अवसर दिए नारी पनि पुरुषले जति कर्तव्य निभाउन सक्छे भन्ने दृष्टिकोण पाइन्छ । तत्कालीन राजा महेन्द्रबाट स्थापना र वडामहारानीबाट व्यवस्थित भएको 'नेपाल महिला सङ्गठन' हो । उक्त सङ्गठनले नारी उत्थानमा जोड दिएको छ । 'मेरो दृष्टिमा कवि शिरोमणि लेखनाथ' निबन्धमा निबन्धकार भद्रकुमारी घलेले कवि शिरोमणि लेखनाथ पौड्यालको सम्झना गरेकी छन् । 'बालक बबुरो द्विज सुकनामा' भन्ने कविताको चर्चा गरेकी छन् । प्रस्तुत कविताले निबन्धकारको मन छोएको प्रसङ्गलाई उल्लेख गरिएको छ । कविता अत्यन्त रोचक भएको र कवितालाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ भन्ने विचार प्रस्तुत भएको छ । घलेलाई कविताले मर्माहत तुल्याएको प्रसङ्ग व्यक्त भएको छ । 'आजको स्थितिमा अध्यात्मवादको खाँचो छ' प्रस्तुत सङ्ग्रहको अन्तिम निबन्ध रचना हो । संसारको विकासमा भौतिकवाद भन्दा अध्यात्मवादको महत्त्व रहेको हुन्छ भन्ने सन्दर्भलाई निबन्धकार भद्रकुमारी घलेले उठाएकी छन् । प्रस्तुत निबन्धमा हिन्दु धर्म र संस्कृतिको महत्त्वलाई प्रमुख विषयवस्तु बनाइएको पाइन्छ ।

### ४.२.२ भाषाशैली

भाषा अभिव्यक्तिको सरल माध्यम हो । भाषालाई प्रस्तुत गर्ने तरिका शैली हो । भद्रकुमारी घलेको **राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रहमा राष्ट्र, समाज, महिला जस्ता विविध विषय भएकाले शैली र स्वरूपका दृष्टिले यो निबन्ध सङ्ग्रह वस्तुपरक शैलीमा लेखिएको छ । यस निबन्धको भाषिक संप्रेषण सरल र छोटो हुनु यिनको भाषिक वैशिष्ट्य हो । भद्रकुमारी घलेको **राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रहमा सरल र स्पष्ट भाषाको प्रयोग भएको देखिन्छ । सरल भाषाको प्रयोग भएकाले पाठकलाई बुझ्न सजिलो भएको पाइन्छ ।

घलेको प्रस्तुत निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग हुँदाहुँदै पनि उनको 'महिला र समाज कल्याण' शीर्षकको निबन्धमा काव्यात्मक शैलीको प्रयोग भएको पाइन्छ । जस्तै :

हिमाल झै रहि रहुन सागर जस्तै विशालता भै रहून ।
सागर झै गुण थपिएर सहनशील धरती सदा भै रहुन ।
पहरा जस्तै बज्र भएर कठिनाई झेलिन शक्ति प्राप्त होस् ।
सबको कल्याण गरि जगत्मा कीर्ति सदा बढी रहोस् । (पृ. ३३)

निबन्धकारले मिठासयुक्त काव्यात्मक शैलीको प्रयोग गरेकी छन् । उनको यस काव्यात्मक शैलीले उनको कवि व्यक्तित्वलाई झल्काएको देखिन्छ ।

**राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रहका निबन्धहरूमा प्रयोग भएको शब्द स्रोतगत स्थिति यस प्रकार रहेको छ :

भद्रकुमारी घलेको **राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रहमा तत्सम शब्दको प्रयोग गरिएको छ । जस्तै : ऋषि (पृ. १), दुःख (पृ. ५), कृषि (पृ. ७), शान्ति (पृ. ९), राष्ट्रिय (पृ. २०), शिशु (पृ. ३४), वर्ष (पृ. ४१), ऐश्वर्य (पृ. ४३) आदि तत्सम शब्दहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा पाइन्छन् । त्यस्तै घलेका प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूमा आगन्तुक शब्दको प्रयोग पनि गरिएका छन् : जस्तै टेक्नोलोजी (पृ. ३), फिट (पृ. ६), सरकार (पृ. १२), मेसिन (पृ. ४४) आदि ।

## ४.३ 'समय दृष्टि' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **समय दृष्टि** (२०५९) निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा २३ वटा निबन्ध रचना सङ्गृहीत रहेका छन् । ती हुन् : 'म ठीक गरिरहेकी छु कि बेठिक', 'संवैधानिक पदको कदर', 'सिन्धुलीमा शिक्षाको पहिलो किरण', 'दुई हजार एक साल र साहित्य', 'प्रजातान्त्रिक समाज र आजको स्थिति', 'हामी के बन्दै छौं', 'रहस्य', 'पर्यटन र सिन्धुली जिल्ला', 'मातृभूमि', 'पत्रपत्रिकाहरू', 'अफगानमाथि अमेरिकन हमला', 'कृषिप्रधान देशको स्थिति', 'देशमा सङ्कट कालीन स्थिति', 'मान्छेको ?', 'विश्वास र मेरो धर्म भाई', 'विवेकहिन हामी मान्छे' र 'पुस्तकालय र हामी' निबन्धहरू छन् । निबन्धकार भद्रकुमारी घलेले जीवनमा भोगेका, अनुभव गरेका र तत्कालीन सामाजिक राजनीतिक परिवेशलाई निबन्धमा प्रस्तुत गरेकी छन् ।

### ४.३.१ विषयवस्तु

'म ठीक गरिरहेकी छु कि बेठिक' निबन्धमा निबन्धकार भद्रकुमारी घलेका जीवनमा आइपरेका सुख दुःखका घटनालाई प्रस्तुत गरिएको छ । मान्छे कतिसम्म स्वार्थी हुन सक्छ भन्ने सन्दर्भ निबन्धको मुख्य विषयवस्तु हो । चेतनशील प्राणी भएर पनि मानिसले अरूलाई पीडा दिन्छन् भन्ने मार्मिक प्रसङ्ग उल्लेख भएको पाइन्छ । समाजसेवी भद्रकुमारी घलेको सहयोग र सद्भावको परिणाम नकारात्मक आउँदा ती मानिसहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउनु घलेको बाध्यता हो । मानिस बहुरूपी हुन्छन् । मानिसको स्वभाव, चरित्र र भावना सङ्गत गरेपछि मात्र थाहा पाउने विषय हो । 'संजोग' निबन्धमा मानवीय स्वाभिमान तथा सरलपनको चर्चा गरिएको छ । घलेलाई सहयोग गर्ने सहयोगी मित्रको स्वभालाई निबन्धमा उल्लेख गरिएको छ । रचनात्मक सल्लाह सुझावका साथै धेरै सहयोग गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । त्यस्ता घनिष्ट मित्रलाई समयमै भेट्न नसकेर पछि भेट्न जाँदा साथीको परलोक भइसकेको घटनाले निबन्धकारलाई दुःखी तुल्याएको छ ।

'संवैधानिक पदको कदर' निबन्धमा देशका वरिष्ठ एवं प्रतिष्ठित व्यक्तिहरूलाई सबैले सम्मान गर्नु पर्दछ । हाम्रा अग्रज र सम्माननीय व्यक्तित्वलाई सम्मान गर्न सकनौ भने उहाँहरूको स्वाभिमानमा धक्का लाग्नेछ । जसले समाज र देशका लागि केही गरेर अगाडि बढेका छन् । राष्ट्रका सम्माननीय व्यक्तिको हामीले कदर गर्नु जान्नु पर्छ भन्ने धारणा निबन्धमा पाइन्छ । 'ग्रहण' समाजको इमान्दार व्यक्ति कुसंगतमा लागेर फस्छ । समाज भएको सोझो मानिस आफ्नो सत्कार्यमा लागि पर्नु स्वभाविकै हो । भलादमी मानिस कुसंस्कारप्रति प्रभावित हुनु यसको नकारात्मक पक्ष हो । यसलाई आत्मसात् गरे पछि स्वभावमा अप्ठ्यारो आउँछ । निबन्धकारले जीवनमा भोगेका विषयलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । 'सिन्धुलीमा शिक्षाको पहिलो किरण' र 'सिन्धुलीको भविष्य' नामक निबन्ध रचनाहरूमा सिन्धुली जिल्लामा प्रथम विद्यालय स्थापनाको चर्चा गरिएको छ । सिन्धुली जिल्लामा विद्यालय स्थापनाले नेपालको शिक्षा नीतिको प्रतिनिधित्व गरेको छ । विद्यालय निर्माण गर्नका लागि सबै मानिस, समाजसेवी, स्थानीय बासिन्दा लगायतका व्यक्तिको उत्तिकै महत्त्व रहन्छ । सिन्धुली जिल्लाको प्राकृतिक, आर्थिक,

राजनीतिक र सामाजिक पक्षलाई चित्रण गर्दै सिन्धुलीको भविष्य उज्ज्वल रहेको सन्दर्भ आएको छ । विविध प्रकारका व्यापर व्यवसाय अपनाउन सकिने । फलफूल खेती, नगदेवालीका रूपमा गर्न सकिने र पर्यटन व्यवसायको राम्रो भविष्य सिन्धुली जिल्लामा देखिन्छ । पर्यटकीय स्थलका रूपमा विकसित गर्न सक्नु सिन्धुलीको भविष्यमा परिवर्तन ल्याउनु हो । सिन्धुलिलाई प्रकृतिले सङ्ग्रहालय बनाएको निबन्धकारको दावी छ ।

'दुई हजार एक साल' मा अविस्मरणीय घटनाहरू घटेका सन्दर्भलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । ती विविध घटनाहरू राजपरिवारमा एक हप्तामा तीनजना राजा भएको, अन्तर्राष्ट्रिय स्तरमा अर्जेन्टिनामा चारजना प्रधानमन्त्री फेरिएका चर्चा गरिएको छ । नेपाली साहित्य क्षेत्रमा सम्पूर्ण अङ्प्रत्यङ्ग, अपाङ्ग, थिग्रन नसक्ने, खुट्टाका सहाराले लेख्ने झमककुमारी कवयत्री, कथाकार, उपन्यासकारका रूपमा आएकी छन् । बाह्र वर्षको केटोले कविता सङ्ग्रह निकालेकोमा निबन्धकार भद्रकुमारी घलेबाट पूरस्कार वितरण गर्नु अकल्पनीय क्षण हो । यस निबन्धमा विविध विषयवस्तु समेट्दै नेपाली साहित्यमा भएका अविस्मरणीय क्षणलाई प्राथमिकता दिइएको छ । 'प्रजातान्त्रिक सरकार र आजको स्थिति' निबन्धमा आदिवासी जनजातिहरू अन्यायमा परेका छन् । प्रजातन्त्रको स्थापना पछि जनजातिहरूले आफ्नो हक र अधिकारको लागि उत्साहित बनेको विचार प्रस्तुत भएको पाइन्छ । समय र अवसर पाउँदा आफ्नो अस्तित्वलाई बचाउनु पर्छ भन्ने भावनाको विकास आदिवासी जनजातिमा हुनु पर्छ । उनीहरूको पनि गैरजनजाति सरह नै उत्थान हुनु आवश्यक छ भन्ने दृष्टिकोण यस निबन्धको विषयवस्तुमा पाइन्छ ।

'रहस्य' आधुनिक मानिसहरू विकृति र विसङ्गतिको पछि लागेको चर्चा गरिएको छ । धनिले गरिबलाई र शक्तिशालीले कमजोरलाई शोषण गरिरहेको समाजमा सर्वविधितै छ । समाजमा बढ्दै गएका यस्ता समस्याहरूलाई उन्मुलन गर्नु पर्छ । यी समस्याले देश समाजको भविष्यमा राम्रो सङ्केत गरेको छैन भन्ने विचार निबन्धकार घलेले व्यक्त गरेकी छन् । 'हामी के बन्दै छौ ?' नामक निबन्धमा आजका मानिसहरू व्यस्त रहेका छन् । समाजमा घटेका घटनाले मानव मन छुन सक्दैन । प्रत्यक्ष अगाडि देखेको कुरा पनि नदेखे जस्तो गर्ने यो मानिसको

स्वार्थीपन हो । मानिस आफ्नो स्वार्थका लागि मानव कतिसम्म तल झर्छ, क्रुर बन्न सक्छ भन्ने धारणा प्रस्तुत भएको छ । यस्ता घटनाले मानवीय सम्बन्ध घट्दै गएको देखिन्छ । 'पत्रपत्रिकाहरू' देशको राजनीतिक दल, सामाजिक सङ्घ संस्थाहरूले जनविरोधी र गलत कार्य गरेमा पत्रपत्रिकाहरूले जनआवाज उठाउन सक्नु पर्छ । कतिपय पत्रपत्रिकाहरूले आफ्नो जिम्मेवारी पुरा गरिरहेका छन् भने कति चाहिँ व्यक्तिको पैसा कमाउने भाँडो भएका छन् । वास्तवमा जे उद्देश्य लिएर प्रकाशनमा आएका छन् सोहि अनुरूप जनसेवा गर्नु पर्छ भन्ने विचार निबन्धकार घलेले यस निबन्धमा उल्लेख गरेकी छन् । 'मातृभूमि' शीर्षकको निबन्धमा हाम्रा पुर्खाहरूले देशका लागि बलिदान दिएका छन् । हामीले राष्ट्र र समाजको हितको लागि कार्य गर्नु पर्छ । आफूलाई जन्म दिने आमाको आज्ञापालन गर्नु र मातृभूमिप्रति सेवा गर्नु पर्छ भन्ने सन्देश यस निबन्धमा आएको देखिन्छ ।

'संस्था र हाम्रो काम कर्तव्य', 'तुषारापात' निबन्धहरूमा मुलुकमा विद्यमान रहेका कुरीति र कुसंस्करालाई अन्त्य गर्नका लागि सामाजिक सङ्घ संस्थाको स्थापना हुनु आवश्यक छ । जनताका लागि सरकारबाट आएको स्रोत र साधनलाई जनतामै खर्च गर्नु पर्छ । देशमा भएको भ्रष्टाचार र घुसघोरीको विरोधमा संस्थाका सञ्चालकले आवाज उठाउन सक्नु पर्छ । देशमा रहेका राजनीतिक समस्यालाई चर्चा गर्दै मानिसले समय, स्थिति र अवस्था नबुझी काम गर्दा अप्ठ्यारोमा परिन्छ । त्यसप्रति सोच विचार पुऱ्याए राम्रो हुन्छ । 'अफगानमाथि अमेरिकन हमला' निबन्ध रचनामा सरकारको खुलेर विरोध गरिएको छ । अमेरिकी सरकारलाई मानवता विरोधीको संज्ञा दिइएको छ । कुनै वहानामा सार्वभौम राष्ट्रमाथि आक्रमण गर्नु गलत कार्य हो भनेर निबन्धकार घलेले आलोचना गरेकी छन् । 'कृषिप्रधान देशको स्थिति' नेपाल कृषिप्रधान देश भएर पनि मुलुकमा उत्पादन भएको अन्नले जनतालाई धान्न नसकेको, अन्तर्राष्ट्रबाट खाद्यान्न ल्याउनु परेको बाध्यात्मक परिस्थितिको चित्रण भएको छ । कृषि उत्पादन मात्र कमजोर नभएर देशको राजनीतिक गतिविधि पनि कमजोर भएको अवस्थाप्रति घलेले चिन्ता व्यक्त गरेकी छन् ।

'देशमा सङ्कटकालीन स्थिति' निबन्धको विषयवस्तुमा तत्कालीन माओवादी जनयुद्ध र जनयुद्धमा सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रको कमजोर अवस्थालाई चित्रण गरिएको छ । नेपाल र नेपालीले झेल्नु परेका समस्यालाई

निबन्धमा प्रस्तुत गरिएको छ । 'मान्छे के हो' र 'विवेकहीन मान्छे' शीर्षकका निबन्धहरूमा मानवीय संवेदना र अस्तित्वको विषयलाई महत्त्व दिइएको छ । मानिसको जन्म समाजमा हुन्छ, समाजमा बाँच्नका लागि सामाजिक क्रियाकलाप समाजबाट ग्रहण गर्न सक्नु पर्छ । तर आजका मानिसहरूमा मानवीयता नभएको र अरूलाई जतिसुकै मार परे पनि थाहा नपाए जस्तो गर्ने स्वभावले मानिसको चेतनामाथि प्रश्न उठाएको छ । 'पुस्तकालय र हामी' निबन्धमा मानिसलाई ज्ञान आर्जन गर्नका लागि सहज माध्यमका रूपमा पुस्तालयलाई लिइएको छ । पुस्तकालय खोलेर अध्ययन गर्न पाउनु भनेको समाजमा शिक्षित मानिसको सङ्ख्या वृद्धि गर्नु हो । प्राचीन समयका इतिहास र परिस्थितिका बारेमा जानकारी पाउन सकिन्छ । अध्ययनका लागि पुस्तकालय राम्रो माध्यम बन्ने धारणा निबन्धकार घलेमा पाइन्छ ।

### ४.३.२ भाषाशैली

भद्रकुमारी घलेको **समय दृष्टि** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । भाषामा सरलता पाइनु उनको भाषिक सफलता मान्न सकिन्छ । सरल भाषाको प्रयोगले पाठकलाई बुझ्न सहज भएको पाइन्छ । त्यस्तै प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग भएका छन् । आत्मकथनात्मक शैली, प्रश्नात्मक शैली र नेपाली उखानको प्रयोग भएको देखिन्छ ।

आत्मकथनात्मक शैलीका उदाहरणका रूपमा यसलाई सकिन्छ "मलाई जाडोमा जहिले घाँटीको समस्या हुने बडो मेहनतले आफैले सत्तरी वर्षको उमेरमा पूरानो स्वीटर उधारेर दुइवटा नेक भएको स्वीटर बुने" (पृ. १) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "पहिले आफूलाई हेर अनि अरूलाई । आफै ठीक छैन भने के परोपकार गर्छौ ?" (पृ. ५) ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा नेपाली उखानको प्रयोग गरिएको छ । जस्तै : "बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई कोदालीको बिँड" (पृ. ११) ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा आगन्तुक शब्दको प्रयोग गरिएको छ । जस्तै : "ब्राउन (पृ. १), क्याम्पस, पोलिटिक्स, स्कुल, फिक्स डिपोजिट, फर्स्ट (पृ. १५), ड्रेस, फिस, मिटिङ (पृ. ६९)" जस्ता अङ्ग्रेजी शब्दलाई प्रयोग गरिएको पाइन्छ ।

सरल भाषा, विविध शैली र नेपाली उखानको प्रयोगले निबन्धकार भद्रकुमारी घलेको **समय दृष्टि** निबन्ध सङ्ग्रह रोचक बनेको पाइन्छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा तत्सम शब्दको प्रयोग गरिएको छ । जस्तै : दुःख (पृ. ३), विचित्र (पृ. ९), श्रीखण्ड (पृ. ११), वर्ष (पृ. १५), विश्वास (पृ. २२), त्रिभुवन (पृ. ३६), कृषि (पृ. ३६), दर्शन (पृ. ४४), राष्ट्र (पृ. ५६), दर्शन (पृ. ६०), सुख (पृ. ६१), राष्ट्रिय (पृ. ६२), शान्त (पृ. ६३) आदि शब्दको प्रयोग गरिएको पाइन्छ ।

## ४.४ 'राजसंस्थाप्रति नेपालीको आस्था' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०) निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध कृतिमा २७ वटा निबन्ध रचनाहरू सङ्गृहीत छन् । ती हुन् 'राष्ट्रको भविष्य रत्न श्री ५ युवराजधिराज पारसवीरविक्रम शाहदेव सरकार', 'हाम्रा राष्ट्रका भविष्यरत्न श्री ५ युवराज सरकार', 'श्री ५ ज्ञानेन्द्रको गहकिलो कदम', '२०६० जेठ १६ गतेको ७२ घण्टे अल्टिमेट', 'राजसंस्था नै आजको मिलन विन्दु', 'संविधानसम्मत प्रजातन्त्र बनाउन श्री ५ लाई सघाउँ', 'श्री ५ ज्ञानेन्द्रको एक ओजपूर्ण व्यक्तित्व', 'धैर्यशील श्री ५ बडामहारानी', 'राजा र राजसंस्था', 'प्रजातन्त्र र नेपाली जनता', 'वर्तमान स्थितिमा राजसंस्थाको आवश्यकता', 'वर्तमान स्थिति र राजसंस्था', 'राजतन्त्रात्मक नमूना प्रजातन्त्र', 'श्री ५ बाट शान्ति मन्त्रिपरिषद्', 'संवैधानिक पदको कदर', 'श्री ५ बाट उठाइबक्सेको कदम कति वैधानिक ?', 'राष्ट्र राष्ट्रियता, राजसंस्था र प्रजातन्त्र', 'बहुदलीय व्यवस्थामा प्रजातन्त्र मानवतावादी, एउटा व्यक्ति, प्रधानमन्त्री र सरकार', 'श्री ५ महेन्द्रको व्यक्तित्व, कर्तव्य र देन', 'श्री ५ रत्नको व्यक्तित्व', 'श्री ५ बडामहाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव', 'श्री ५ बडामहारानी ऐश्वर्य', 'राजसंस्थाप्रति नेपालीको आस्था', 'सङ्घर्षशील राजा श्री ५ वीरेन्द्र', 'श्री ५ महेन्द्रको दर्शनमा पीछडिएको वर्ग र महिला', 'श्री ५ वीरेन्द्र र नेपाली जनता' र 'श्री ५ वीरेन्द्रको सङ्घर्षशील आयाम' रहेका छन् । प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूमा तत्कालीन राजसंस्था र राजपरिवारको चर्चा गरिएको छ ।

### ४.४.१ विषयवस्तु

'राष्ट्रको भविष्यरत्न श्री ५ युवराजधिराज पारस वीरविक्रम शाहदेव सरकार', 'हाम्रा राष्ट्रका भविष्यरत्न श्री ५ युवराज सरकार' शीर्षकका निबन्धहरूमा निबन्धकार

भद्रकुमारी घलेले तत्कालीन युवराज पारसले देशका लागि गरेका कार्यको चर्चा गरेकी छन् । पारसले आफ्नो युवराज कालमा गरेका विविध क्रियाकलापहरूले नेपाली जनतामा पारेको सकारात्मक प्रभावको चित्रण निबन्धको विषयवस्तुमा प्रस्तुत भएको छ । सामाजिक सेवा लगायत खेलकुद क्षेत्रमा पनि सफल व्यक्तित्व भएको पाइन्छ । पदभार सम्हालेको तेस्रो वर्षका साथै उनको ३३ औँ शुभजन्मोत्सवको शुभकामना निबन्धकार घलेले निबन्धको विषयवस्तुमा चर्चा गरेकी छन् । 'श्री ५ ज्ञानेन्द्रको गहकिलो कदम' र 'श्री ५ ज्ञानेन्द्रको एक ओजपूर्ण व्यक्तित्व' शीर्षकका निबन्धमा तत्कालीन राजा ज्ञानेन्द्र शाहको व्यक्तित्वलाई महत्त्व दिइएको छ । देशका राजनीतिक दलका नेताहरूले मुलुकको अवस्था कमजोर बनाएको र तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट राष्ट्रको उद्धार हुने कार्य गरेको चर्चा गरिएको छ । देशको सङ्कट कालीन अवस्थामा राष्ट्र जनताको विकास हुन नसकेको विषयमा निबन्ध केन्द्रित रहेको छ । तत्कालीन राजा ज्ञानेन्द्र शाह नेपालको एक ओजस्वी व्यक्तित्वका रूपमा खडा भएको निबन्धकारले उल्लेख गरेकी छन् । 'श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेव' र 'श्री ५ वीरेन्द्र र नेपाली जनता' नामक निबन्धहरूमा तत्कालीन राजा वीरेन्द्र शाहको शाहसको बारेमा प्रष्ट पारिएको छ । विविध व्यक्तित्वका धनि तत्कालीन राजा वीरेन्द्र शाह थिए । दुरदर्शी, साहित्यप्रेमी, देशको भलो चिताउने राजाका रूपमा वीरेन्द्र शाहलाई चित्रण गरिएको छ । नेपालको शाहवंशको इतिहासमा छुट्टै महत्त्व बनाउन सफल देखिन्छ । विविध व्यक्तिले पूर्ण भएका सङ्घर्षशील व्यक्तित्वका रूपमा निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । देश र जनताका लागि लड्न सक्ने शक्तिशाली थिए । नेपाली जनताहरूले रुचाएका राजाहरूमध्ये उनी एक प्रमुख राजा थिए ।

'राजसंस्था नै आजको मिलन विन्दु', 'राजसंस्थाको महत्त्व', 'वर्तमान स्थितिमा राज संस्थाको आवश्यकता', 'वर्तमान स्थिति र राजसंस्था', 'राष्ट्र र राष्ट्रियता', 'राजसंस्था र प्रजातन्त्र', 'राजसंस्थाप्रति नेपालीको आस्था' नामक निबन्धहरूमा तत्कालीन नेपाली राजसंस्थासँग सम्बन्धित विषयवस्तु पाइन्छन् । नेपालको इतिहासमा राजसंस्थाको माध्यमबाट मुलुक संचालन हुने परम्परा थियो । राजसंस्थाले नै मुलुकमा महत्त्व पाएको थियो । राजसंस्थाबाट सम्पन्न भएका कार्यहरूलाई निबन्धको विषयवस्तुमा उल्लेख गरिएको छ । राजसंस्थाले एकताको

भावना जोगाएको थियो । तत्कालीन समयमा राजसंस्थाप्रति नेपालीको विश्वास थियो । मुलुक र जनताका हितका निम्ति राजसंस्थाको स्थापना भएको थियो । मुलुकमा शासन व्यवस्था राजाको नियन्त्रणमा थियो । नेपाली जनताहरूले राजसंस्थाप्रति राखेको विश्वास निबन्धहरूका प्रमुख विषयवस्तु हुन् । '२०६० जेठ १६ गते ७२ घण्टे अल्टिमेट' प्रस्तुत निबन्ध रचनामा मुलुक सङ्कटकालले ग्रस्त भएको अवस्था हो । अव्यवस्थित राजनीतिका कारण नेपालीहरूले पाएका पीडालाई निबन्धको विषयवस्तु बनाइएको छ । नेपाली राजनैतिक दलका नेताहरूले मुलुकको विकास माथि बेवास्ता गरेर जनता विचलीमा परेको अवस्थालाई निबन्धमा देखाइएको छ ।

'धैर्यशील श्री ५ वडामहारानी कोमल' नामक शीर्षकको निबन्धमा तत्कालीन वडामहारानी कोमलको व्यक्तित्वको प्रशंसा गरेको पाइन्छ । राज परिवारको अकल्पनीय घटनापछि शोकाकुल अवस्थामा पनि आफ्नो जिम्मेवारी पूरा गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । नेपाल र नेपालीको दुःखको स्थितिमा धैर्य गर्न सक्ने क्षमतावान व्यक्तित्वका रूपमा तत्कालीन महारानी कोमल शाहको चरित्र चित्रण गरिएको छ । 'श्री ५ रत्नको व्यक्तित्व' निबन्धमा तत्कालीन वडामहारानी रत्न शाहको नैतिकतालाई प्रस्तुत गरिएको छ । नारायणहिटी राजदरबारको अकल्पनीय घटनाबाट आफ्नो परिवारका ९ सदस्य गुमाएपछि शोकाकुल अवस्थामा धैर्य गर्न सक्नु उनको शाहसको विषय हो । नेपाल र नेपालीले उनको शाहसलाई सौभाग्य मान्न सकिन्छ । तत्कालीन वडामहारानी रत्न शाहले मुलुक र जनताका लागि भए पनि आफू पीडित भएर देशको रेखदेख गरेको कार्यलाई निबन्धको प्रमुख विषयवस्तुमा उल्लेख गरिएको पाइन्छ । 'श्री ५ वडामहारानी ऐश्वर्य' नामक निबन्ध रचनामा निबन्धकार भद्रकुमारी घलेले तत्कालीन वडामहारानी ऐश्वर्य शाहको व्यक्तित्वलाई निबन्धमा प्रस्तुत गरेकी छन् । तत्कालीन महारानी ऐश्वर्य शाह विविध व्यक्तित्व भएकी व्यक्ति हुन् । उनले नेपाल र नेपालीका निम्ति विभिन्न विकासका कार्यहरू गरेको पाइन्छ । ऐश्वर्य शाह नेपाली साहित्यलाई माया गर्ने साहित्यप्रेमी व्यक्तित्व थिइन् । उनले देश र समाजका निम्ति महत्त्वपूर्ण योगदान गरेको विषयलाई निबन्धका माध्यमबाट चर्चा गरिएको छ ।

### ४.४.२ भाषाशैली

भद्रकुमारी घलेको **राजसंस्थाप्रति नेपालीको आस्था** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । भाषामा सरलता पाइनु घलेको भाषिक वैशिष्ट्य मान्न सकिन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा वर्णनात्मक शैली र प्रश्नात्मक शैलीको प्रयोग गरिएको छ ।

वर्णनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "अनेकौ ठूला-ठूला राष्ट्रमा अनेकौ परिवर्तन भए, उथलपुथल भए तर नेपाल राष्ट्र एकमात्र स्वतन्त्र राष्ट्र भनी विश्वमा आफ्नो इतिहासका साथै धाक जमाएको छ' (पृ. ५२) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "साँचो अर्थमा हामी नेपाली हौ भने अब सोच्न कर लाग्छ कि के जे गऱ्यौ त्यो ठीक गऱ्यौ ?" (पृ. २२) आदि शैलीको प्रयोग रहेको देखिन्छ ।

घलेको प्रस्तुत निबन्ध सङ्ग्रहमा तत्सम शब्दको प्रयोग गरिएको छ । जस्तै : शिक्षा (पृ. १२), शान्त (पृ. १३), दीप (पृ. १३), सन्तोष (पृ. १४), सङ्घर्ष (पृ. १४), खुसी ( पृ. १५), बाध्य (पृ. १९), सुख (पृ. २६), दुःख (पृ. २६), दिशा (पृ. २७), चिन्तन (पृ. २७), विश्वास, शान्ति (पृ. २७), उज्ज्वल (पृ. ३०), शुद्ध, आश्चर्य (पृ. ३४), संसद ( पृ. २९), दर्शन (पृ. ४४), युवा (पृ. ६०), कृषि (पृ. ६१), त्रिभुवन (पृ. ७१), ऐश्वर्य ( पृ. ७७) आदि शब्दको प्रयोग भएको छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा आगन्तुक शब्दको प्रयोग गरेकी छन् । जस्तै : पोलिटिक्स (पृ. १८), हस्पिटलाइज (पृ. २९) आदि ।

## ४.५ 'सृष्टिको धरोहर नारी' निबन्ध सङ्ग्रहको विश्लेषण

**सृष्टिको धरोहर नारी** निबन्ध सङ्ग्रहमा ५८ वटा निबन्ध रचनाहरू सङ्गृहीत रहेका छन् । ती हुन् 'आजको महिलाको हकहित प्रतिबद्धता', 'हिन्दु धर्ममा नारीको परिकल्पना', 'समाजले अन्याय गरेको महिला वर्ग', 'नारी', 'श्री ५ ऐश्वर्य', 'श्री ५ प्रिन्सेफ शाह (माइली महारानी)', 'पहिलो सम्माननीय श्रीमती दिलकुमारी श्रेष्ठ ( मेची आमा)', 'पहिलो महिला मन्त्री श्रीमती द्वारिकादेवी ठकुरानी', 'पहिलो महिला प्रधानपञ्च श्रीमती भक्तकुमारी घले', 'पहिलो सगरमाथा आरोहण गर्ने श्रीमती पासाङ् ल्हामु शेर्पा', 'पहिलो महिला टेम्पोचालक श्रीमती लक्ष्मी शर्मा', 'पहिलो महिला छात्राबास सञ्चालिका श्रीमती विष्णु', 'पहिलो महाकाव्य लेखिका सुश्री बुनु

लामिछाने', 'वरिष्ठ साहित्यकार देवकुमारी थापा', 'श्रद्धाकी पुञ्ज पारिजात', 'शारदाकालीन कवि गोमा शर्मा', 'अध्यात्मवादी कवि श्रीमती माधुरी भट्टराई', 'आफूलाई बनाउन सफल श्रीमती रमोलादेवी शाह 'छिन्नलता', 'घुम्टो र पर्दा च्यात्न सफल डा. उषा ठाकुर', 'विद्युषी डा. गार्गी शर्मा', 'परिश्रमी बहिनी श्रीमती लक्ष्मी उप्रेतीज्यू', 'भाग्यशालीनी श्रीमती उन्नती बोहोरा', 'उद्धार दानी कथाकार श्रीमती जलेश्वरी', 'सम्माननीय श्रीमती विमला मास्के', 'सम्माननीय श्रीमती कमल शाह', 'सम्माननीय श्रीमती कल्पना विष्ट', 'सम्मानीय श्रीमती सीता गर्ग', 'श्रीमती कमल राणा', 'स्नेही श्रीमती शान्ता पोखरेल', 'आदरणीय श्रीमती सरस्वती राई', 'श्रीमती पुण्यप्रभा ढुङ्गाना', 'सुश्री बमकुमारी बुढा', 'श्रीमती विद्यादेवी देवकोटा', 'केहि गरी केही बन्न खोज्ने इन्दिराज्यू', 'श्रीमती रोहिणी शाहज्यू', 'श्रीमती शुशीला चापागाई', 'सर्म्पक कलाका धनी विजया राणा (तारानानी)', 'स्वर्गीय सुश्री माधुरी आलेलाई मेरो संवेदना', 'सहयोगी श्रीमती खन्जरा कुवँर', 'महिला महिसा श्रीमती अनुराधा कोइराला', 'ओजस्वीमूर्ती श्रीमती कमला कुवँर', 'श्रीमती मङ्गलादेवी सिंह', 'जोश जाँगरकी धनी श्रीमती गीता राणाज्यू', 'महिला महिसा मीरा भट्टराई', 'यही मेरो शुभकामना छ पुष्पलतालाई', 'सङ्घर्षशील श्रीमती विमला राणाज्यू', 'मिस सुन्दरी शरोन शेर्पाको आँखामा आँसु', 'दोलखाकी खड्ककुमारी गुरुङ', 'भीमावती र साइली सुनुवार', 'सिन्धुलीकी शेरनी भक्तकुमारी', 'गाउँसेविका दुर्गा घले', 'गीता भट्टराई र अञ्चल सभापति पद्मकुमारी भण्डारी', 'धनुषाकी माधुरी आले र लक्ष्मी सत्याल', 'रामेछापकी तारादेवी', 'चन्द्रावती र लालकुमारी', 'सर्लाहीकी शुशीला पाण्डेज्यू र श्रीमती मुन्सिनीज्यू', 'सर्लाहीकी हवल्दार्नी र सोनामाया मिश्रीदेवी' र 'अग्रणी समाजसेवी सगुन शाह' यस सङ्ग्रहमा ५८ जना नारीहरूको शाहस र योगदानलाई चर्चा गरिएको छ । यी नारीहरूका विविध पहिचान निबन्धमा उल्लेख छ ।

### ४.५.१ विषयवस्तु

निबन्धकार भद्रकुमारी घलेको **सृष्टिको धरोहर नारी** निबन्ध सङ्ग्रहमा नेपाली नारीको शाहस र योगदानलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । 'आजका महिलाको हकहित प्रतिबद्धता', 'हिन्दु धर्ममा नारीको परिकल्पना', 'समाजले अन्याय गरेको महिला वर्ग', 'नारी' शीर्षकका निबन्धहरूमा निबन्धकार भद्रकुमारी

घलेले नारीको महत्त्वलाई प्रस्तुत गरेकी छन् । समाजको विकास नारी र पुरुष वर्गको सहकार्यले मात्र सम्भव हुन्छ । हाम्रो नेपाली समाजमा धर्म, संस्कृति र परम्पराको आधारमा नारीलाई शोषण गर्ने प्रवृत्ति रहेको छ । वास्तवमा नारी परिवार, समाज र राष्ट्रको उन्नतीका लागि स्रोत बनेकी छन् । एउटा पुरुष सफल बन्नका लागि नारीको महत्त्वपूर्ण भूमिका रहन्छ । नारीको सहयोग, माया र स्नेह बिना कुनै पनि पुरुष सक्षम बन्न सक्दैन भन्ने धारणा निबन्धकार भद्रकुमारी घलेको रहेको पाइन्छ । पुरुषको हाँसो, पीडा र वेदना पोख्ने एकमात्र नारी हो । घर व्यवहार संचालन गर्न अर्थको जति आवश्यकता हुन्छ त्यसको व्यवस्थापन गर्न नारीको भूमिका महत्त्वपूर्ण रहन्छ । नारीप्रति पुरुषको धारणा सङ्कुचित हुनका साथै नारीलाई कमजोर, अवला र कोमल ठानेर दबाव दिनु नारी समस्याका कारण हुन् । नारी आफै कमजोर, अपहेलित, अशिक्षित बन्न चाहेकी होइनन् । नारीलाई सीमित पढाइको व्यवस्था गर्नु पुरुषको सङ्गतमा अनावश्यक शङ्का गर्नु जस्ता कारणले गर्दा उनीहरू समाजमा स्थापित हुन नसकेको दृष्टिकोण निबन्धकारको रहेको पाइन्छ ।

‘श्री ५ वडामहारानी रत्न राज्यलक्ष्मी सरकार र समय’, ‘श्री ५ वडामहारानी कोमल’, ‘श्री ५ ऐश्वर्य’, ‘श्री ५ प्रिन्सेफ शाह (माइली महारानी)’ नेपालको राज्य संचालन व्यवस्था राजसंस्थाबाट हुने परम्परा सबै नेपालीमा अवगत रहेको छ । तत्कालीन राज्य संचालनका समयमा सामाजिक सुधार र राष्ट्रका निम्ति तत्कालीन वडामहारानीहरूले गरेका योगदानलाई चर्चा गरिएको छ । मुलुकको राजनीतिक अवस्था, सामाजिक, शैक्षिक, धार्मिक संस्कारमा नारीहरूले गरेका विकास र योगदानलाई माथिका निबन्ध रचनाहरूमा विषयवस्तु बनाइएको छ । तत्कालीन महारानीहरूले आ-आफ्नो तर्फबाट आ-आफ्नै प्रकारको सेवा र योगदान गरेको पाइन्छ । नेपाली समाजमा त्यो सेवा र योगदानको छुट्टै महत्त्व रहन्छ भन्ने धारणा घलेले निबन्धमा व्यक्त गरेकी छन् ।

‘पहिलो सम्माननीय श्रीमती दिलकुमारी श्रेष्ठ मेची आमा’, ‘पहिलो महिला मन्त्री श्रीमती द्वारिकादेवी ठकुरानी’, ‘पहिलो महिला प्रधानपञ्च श्रीमती भक्तकुमारी घले’, ‘पहिलो सरमाथा आरोहण गर्ने पासाङ ल्हामु शेर्पा’, ‘पहिलो टेम्पो चालक लक्ष्मी शर्मा’, ‘पहिलो महिला छात्रावास संचालिका श्रीमती विष्णु’, ‘पहिलो महाकाव्य

लेखिका सुश्री बुनु लामिछाने' शीर्षकका निबन्ध रचनाको शीर्षक नै उत्साहजनक रहेको पाइन्छ । नारीले पनि समाजमा केही गर्न सक्छन् पुरुषले नारीलाई कमजोर ठान्दैमा नारी कमजोर बन्नु हुँदैन भन्ने मान्यता निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । निबन्धमा उल्लेख भएका नारीहरूका योगदानले आजको वैज्ञानिक युगमा नारीहरू चुप लागेर बस्न नमिल्ने आफूले समाजमा केही कार्य गर्न सकिन्छ भन्ने अठोट रहेको छ । नारी पनि पुरुष भन्दा कम छैनन् पुरुषले सरह नै सक्रिय भएर समाज विकासमा एक पाटो बन्न सक्छन् भन्ने उदाहरण माथिका नारी हस्तीहरूबाट लिन सकिन्छ । माथि उल्लेखित प्रत्येक नारीले आफ्नो साहसलाई मुलुकमा प्रस्तुत गर्न सफल भएका छन् । राष्ट्र निर्माणमा नारी पनि एउटा खम्बा हो भन्ने विश्वास सम्पूर्ण नारीलाई दिएको पाइन्छ । यी नारीहरूले गरेको योगदान सबै नारीको पहिलो योगदान मान्न सकिन्छ । यी नारीहरूको योगदान अतुलनीय रहेको पाइन्छ । नेपाली समाजमा यो नारी शाहस र योगदानलाई महत्त्वपूर्ण मानिएको छ । ऐतिहासिक रूपमा स्थापित भएको अवस्थालाई महत्त्व दिइएको छ । यी साहसिक नारीहरूले नेपालमा महिलाले गरेको पहिलो योगदानका रूपमा चित्रण गरिएको छ ।

'वरिष्ट साहित्यकार देवकुमारी थापा', 'श्रद्धाकी पुञ्ज पारिजात', 'शारदाकालीन कवि गोमा शर्मा', 'आध्यात्मवादी कवि श्रीमती माधुरी भट्टराई', 'आफूलाई बचाउन सफल रमलादेवी शाह 'छिन्नलता', 'घुम्टो र पर्दा च्यात्न सफल डा. उषा ठाकुर', 'विदुषी डा. गार्गी शर्मा', 'साहित्यसेवी श्रीमती रमा शर्मा', 'परिश्रमी बहिनी लक्ष्मी उप्रेतीज्यू', 'भाग्यशालिनी श्रीमती उन्नती बोहोरा', 'उद्धार दानी कथाकार श्रीमती जलेश्वरी' शीर्षकका निबन्धहरूमा नेपालका विविध क्षेत्रमा प्रतिभाशाली नारीहरूको व्यक्तित्वको चर्चा गरिएको छ । नेपाली नारीहरूमा पनि प्रतिभा रहेको छ भन्ने विषयलाई निबन्धमा चर्चा गरिएको छ । निबन्धकार भद्रकुमारी घलेले यी प्रतिभाशाली नारीहरूलाई विभिन्न शीर्षकमा चर्चा गरेकी छन् । विविध क्षेत्रमा आ-आफ्नो महत्त्व रहेको पाइन्छ । पितृ सत्तात्मक समाज र पुरुष प्रधान समाजलाई चुनौती दिएको छ । नारीले अवसर पाएमा सक्षम हुन्छ भन्ने उदाहरण यिनै नेपाली समाज धार्मिक विश्वास, परम्परामा आधारित भएको भए पनि यी नारीहरूले यस्तै ती कुप्रथा र कुसंस्कारहरूलाई त्यागेर उनीहरूले आफ्नो पहिचान बनाउन सफल

भएको देखिन्छ । रुढीवादीग्रस्त समाजलाई पनि सकारात्मक परिवर्तन गर्न सक्छ भन्ने उदाहरण यिनैबाट पाउन सकिन्छ ।

‘सम्माननीय श्रीमती विमला मास्के’, ‘सम्माननीय श्रीमती कमला शाह’, ‘सम्माननीय श्रीमती कल्पना विष्ट’, ‘सम्माननीय श्रीमती सीता गर्ग’, ‘श्रीमती कमल राणा’, ‘स्नेही श्रीमती शान्ता पोखरेल’, ‘आदरणीय श्रीमती सरस्वती राई’, ‘श्रीमती पुण्यप्रभा ढुङ्गाना’, ‘सुश्री वमकुमारी बुढा’, ‘श्रीमती विद्यादेवी देवकोटा’ जस्ता सम्माननीय नेपाली नारीहरूलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । यी नारीहरूको विविध क्षेत्रमा कार्य गरेर सफल बनेका नारी व्यक्तित्वको चर्चा गरिएको छ । विविध विषयमा प्रतिभाशाली बनेका नारीहरूलाई नेपाली समाजमा छुट्टै महत्त्व रहेको पाइन्छ । यी प्रतिभाशाली नारीहरूले समाजका लागि त्याग तपस्या गरेर सफल भएको विषयलाई स्पष्ट पारिएको छ । आफूले गर्न चाहेको कामप्रति साहस गऱ्यो भने अवश्य पनि सफल भइन्छ भन्ने उदाहरण निबन्धकार घलेको जीवनका कार्यबाट पनि ग्रहण गर्न सकिन्छ ।

‘केही गरी केही बन्न खोज्ने इन्दिराज्यू’, ‘श्रीमती शुशीला चापागाई’, ‘सम्पर्क कलाकी धनी विजया राणा (तारा नानी)’, ‘स्वर्गीय सुश्री माधुरी आलेलाई मेरो संवेदना’, ‘सहयोगी श्रीमती खन्जरा कुँवर’, ‘महिला महिसा श्रीमती अनुराधा कोइराला’, ‘जोश जाँगरको धनी श्रीमती गीता राणाज्यू’, लगनशील समाजसेवी रीता थापाज्यू’, ‘महिला मसिहा मीरा भट्टराई’, ‘यही मेरो शुभकामना छ पुष्पलतालाई’ नामक निबन्धहरूमा यी प्रतिभाशाली नारीहरूले गरेको सङ्घर्ष र सफलतालाई निबन्धको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । सामाजिक कार्यमा पनि महिलाहरूको योगदानलाई महत्त्व दिनु पर्छ भन्ने मान्यता रहेको पाइन्छ । नारीलाई पनि पुरुष सरह समान अवसर प्रदान गर्ने हो भने नारीले समाजको कार्यभार सम्हाल्न सक्दछन् भन्ने मान्यता यिनै नारीका जीवन सङ्घर्षबाट पाउन सकिन्छ । आजको युगमा नारीहरूले पुरुषको पहुँचमा नरही आफै अगाडि बढ्नु पर्छ भन्ने प्रेरणा नेपाली नारीलाई मिलेको छ ।

‘मिस सुन्दरी सरोन शेर्पाको आँखामा आँशु’, ‘दोलखाकी खड्ककुमारी गुरुङ्’, ‘भीमावती र साइली सुनुवार’, ‘सीता भट्टराई’, ‘अञ्चल सभापति पद्मकुमारी भण्डारी’, ‘धनुषाकी माधुरी आले र लक्ष्मी सत्याल’, ‘रामेछापकी तारादेवी’,

'चन्द्रावती र लालकुमारी', 'महोत्तरीकी सुशीला पाण्डेज्यू र श्रीमती मुन्सिनीज्यू', 'सर्लाहीकी हल्दार्नी र सोनामाया मिश्रीदेवी', 'अग्रणी समाजसेवी सगुन शाह' नामक निबन्ध विभिन्न जिल्लाका नारीहरूले गरेको कार्यलाई निबन्धको विषयमा लिइएको छ । आफ्नो विषयमा नारीले पाएको सफलतालाई चित्रण गरिएको छ । नेपालको विभिन्न स्थानका नारीहरू सक्षम रहेका छन् । नारीले सामाजिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् भन्ने प्रसङ्ग उल्ले गरिएको छ । नेपालमा पनि नारीहरूको क्षमता मजवुत रहेको पाइन्छ भन्ने विश्वास यी नारी प्रतिभाहरूबाट लिन सकिन्छ । यी नारीहरूको सङ्घर्ष र सफलता नै **सृष्टिको धरोहर नारी** निबन्ध सङ्ग्रहको समग्र विषय बन्न सफल भएको देखिन्छ ।

### ४.५.२ भाषाशैली

**सृष्टिको धरोहर नारी** निबन्ध सङ्ग्रहमा सरल भाषा प्रयोग भएको पाइन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा वर्णनात्मक शैली र प्रश्नात्मक शैलीको प्रयोग गरिएको छ ।

वर्णनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "त्यो नयाँ आयाम भनेको पञ्चायतकालमा सुरुदेखि अन्त्यसम्म प्रधानपञ्च बन्ने सिन्धुलीमा सबैभन्दा महिला सबैभन्दा पहिला स्कुल खुलाउने आदि" (पृ. १४८) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "सबैले कहाँ आफ्नो पैसाको सदुपयोग गर्न सकेका छन् ?" (पृ. ३६) ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा शब्द स्रोत स्थिति यस प्रकार रहेको छ । घलेले प्रस्तुत निबन्ध सङ्ग्रहमा तत्सम शब्दको प्रयोग गरेकी छन् । जस्तै : शेष (पृ. ४), दुध (पृ. ४), शुद्ध (पृ. ६), शान्ति (पृ. ७), शान्त (पृ. १३), सुरती (पृ. १३), आश्चर्य (पृ. २३), त्रिभुवन, शिक्षा (पृ. ३०), श्रद्धा (पृ. ४६), विश्व, विशेष (पृ. ४९), वर्ग (पृ. ७०), गर्व (पृ. ७१), दृष्टि (पृ. ८८), दर्शन (९२), विश्वास (पृ. ९६), दु:ख (पृ. १५०) आदि शब्दको प्रयोग गरिएको छ ।

उनले आगन्तुक शब्दको प्रयोग गरेकी छन् । जस्तै : एभरेष्ट (पृ. ८), कम्प्युटर (पृ. ९), अननेचुरल (पृ. २२), हस्पिटल (पृ. ३०), क्यामेरा, फोटो, अण्डरग्राउण्ड (पृ. १२७) आदि शब्दको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा रहेका छन् ।

## ४.६ 'आइमाई हिजो आज भोलि' निबन्ध सङ्ग्रहको विश्लेषण

**आइमाई हिजो आज भोलि** (२०६२) निबन्ध सङ्ग्रहमा विविध शीर्षकका ३१ वटा निबन्धहरू सङ्गृहीत रहेका छन्, ती हुन् : 'इतिहास कालमा महिला', 'पहिलो मानव समाजको स्थितिमा नारी', 'महिलाको वास्तविक दासताको कारण के हो ?', 'स्वास्नी मान्छेका बारेमा सोचाई', 'पुरुष शासित नारी', 'स्त्रीको स्थिति र चरित्र', 'स्त्री त्यति पैदा हुँदिन', 'उसलाई स्वार्थी पुरुषले दासी बनाउँछ', 'पूँजीवादले जन्माएको वेश्यावृत्ति', 'नारीलाई आजको स्थितिले भोगाएको भोगाइ', 'आर्थिक अभावमा महिला वर्गको भूमिका', 'नारीको संख्या किन धेरै छ ?', 'नारी के हो ? अरूले के भन्छन् ?', 'आजको पुरुष शासित समाजको सोचाइमा परिवर्तन', 'आमा वर्गले उठाउनू पर्ने लाभ', 'राज्य व्यवस्था र महिला', 'महिला र कानुनी स्थिति', 'महिला र आर्थिक स्वतन्त्रता', 'महिला वर्गमा आर्थिक क्रान्ति', महिला विकास र लाभ', 'सुयोग्य आमाको खाँचो', 'जन्माउने आमा नै मानव समाजको पहिलो शिक्षिका', 'महिला सशक्तीकरण पहिले र अहिले', 'विश्वमा शान्ति आमाले मात्र ल्याउन सक्छे', 'हाम्रो सोचाइ र पश्चिमी सोचाइमा नारीको स्थान', 'क्लारा पेटकिनको कलमबाट', 'बेबेल र सिमाने द वोउवारको दृष्टिमा नारी र सेक्स', 'कुमारी आमाले जन्माएको साँढे पुत्र', 'नेपाललाई विश्व सम्पदाभित्र पार्नु पर्छ' नामक शीर्षकका निबन्धहरू रहेका छन् । घलेको **आइमाई हिजो आज भोलि** निबन्ध सङ्ग्रहमा विशेष गरेर नारी उत्थानको विषयलाई महत्त्व दिइएको पाइन्छ ।

### ४.६.१ विषयवस्तु

निबन्धकार घलेका 'इतिहास कालमा महिला', 'पहिलो मानव समाजको स्थितिमा नारी', 'मातृप्रधान समाज र ह्रास', 'महिलाको वास्तविक दासताको कारण के हो ?', 'स्वास्नी मान्छेका बारेमा सोचाई', 'पुरुष शासित नारी', 'स्त्रीको स्थिति र चरित्र', 'स्त्री यस्ती पैदा हुँदिन', 'उसलाई स्वार्थी पुरुषले दासी बनाउँछ' नामक शीर्षकका निबन्धहरूमा प्रायः जसो एकै प्रकारका विषयवस्तु भएकाले यी शीर्षकका

निबन्धहरूलाई एकै ठाउँमा समेटिएका छन् । मानव समाजको प्रारम्भ नारीबाट भएको हो । तत्कालीन समाजमा नारीको प्रभुत्व रहेको थियो र नारी नै सर्वेसर्वा बन्दथिइन् । नारीको प्रभुत्व रहेका समाजका पुरुषहरू नारीका पहुँचमा रहन्थे । तत्कालीन मातृसत्ताको महत्त्वलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । तत्कालीन मातृसत्तात्मक समाजलाई पुरुषले ध्वस्त पारेर पितृसत्तात्मक समाजको स्थापना गरेको प्रशंग निबन्धको विषयवस्तुमा चर्चा गरिएको छ । तत्पश्चात नारी पुरुषको दासी भएको नारीका दयनीय अवस्थाप्रति निबन्धकारले चिन्ता व्यक्त गरेकी छन् । पुरुषप्रधान समाजको आलोचना गर्दै नारीलाई दासताबाट मुक्त हुन निबन्धकार घलेले अनुरोध गरेकी छन् । अन्याय र अत्याचारको विरोध गर्न नारी अघि बढ्नु सक्नु पर्छ भन्ने धारणा समस्त निबन्धमा प्रस्तुत भएको छ ।

'पूँजीवादले जन्माएको वेश्यावृत्ति', 'आजको स्थितिले भोगाएको जोगाइ', 'आर्थिक अभावमा महिला वर्गको भूमिका', 'नारीको संख्या किन धेरै छ ?', 'नारी के हो ? अरूले के भन्छ ?', 'आजको पुरुष शासित समाजको सोचाइमा परिवर्तन', 'हामी नारीले पनि आफूलाई परिवर्तन गराउन सक्नु पर्‍यो', 'आमा वर्गले उठाउनू पर्ने लाभ' शीर्षकका निबन्धहरूमा नारीको अवस्था नारीले समाजका लागि गर्नु पर्ने कार्यको चर्चा गरिएको छ । नारीले आफ्नो अभाव पूर्ति गर्नका लागि विविध विकृतिमा संलग्न रहेको स्थितिलाई प्रस्तुत गरिएको छ । नारीलाई पुरुषहरूले आफ्नो मनोरञ्जनको साधनका रूपमा मात्र हेर्दछ भन्ने विषय उल्लेख भएको पाइन्छ । यी सबैका कारण पुरुषको व्यवहारबाट भएका छन् । पुरुषले नारीलाई मानवीय रूपमा नलिएर कुनै दासको रूपमा व्यवहार गर्ने परम्पराले समाज व्यस्त बनेको छ । सामाजिक रूपमा आएको नारी समस्यालाई उत्थानका लागि सम्पूर्ण नारीले सचेत हुनु पर्ने विषयलाई घलेले चर्चा गरेकी छन् । नारी आफैमा आत्मनिर्भर भएपछि पुरुषले दासी बनाउन सक्दैन भन्ने विश्वास निबन्धमा पाइन्छ । नारीले आफ्नो विकासका लागि आफै अगाडि सर्नु पर्छ । अरूको भर पर्नु हुँदैन भन्ने सन्देश निबन्धमा रहेको छ । मुलुकको आर्थिक, राजनैतिक, सामाजिक, शैक्षिक हरेक क्षेत्रमा नारीको पनि पुरुष समान महत्त्व रहन्छ । आजको आधुनिक नारीहरूले आफूलाई युग अनुसार चल्न सक्ने बनाउनु पर्छ । अहिलेको वैज्ञानिक युगमा नारी चुप लागेर बस्नु

हुँदैन । नारीको विकास भएमा परिवार, समाज र राष्ट्रको विकास हुन्छ भन्ने विश्वास निबन्धकारको पाइन्छ ।

‘राज्य व्यवस्था र महिला’, ‘महिला र कानुनी स्थिति’, ‘महिला र आर्थिक स्वतन्त्रता’, ‘महिला वर्गमा आर्थिक क्रान्ति’, ‘महिला विकास र लाभ’, ‘जन्माउने आमा नै मानव समाजको पहिलो शिक्षिका’, ‘महिला सशक्तीकरण पहिले र अहिले’, ‘विश्वमा शान्ति आमाले मात्र ल्याउन सक्दछे’ नामक शीर्षकका निबन्धहरूमा राज्यको विकासका लागि नारीको पनि पुरुषको जति महत्त्व रहेको छ । नारीले गरेको योगदानलाई सामाजिक विकासका लागि आवश्यक ठानिएको छ । नारीले आफ्नो व्यक्तित्व, परिवार, समाज र राष्ट्रका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ तर पुरुषले नारीका कामलाई महत्त्व नदिएर हाम्रो समाजमा नारी समस्या बढेको हो । नारीले पनि पुरुषले जस्तै अवसर प्राप्त गर्न पाए अवश्य पनि पछि पर्ने छैनन् भन्ने विश्वास निबन्धमा रहेको छ । मानव समाजको पहिलो शिक्षा दिने व्यक्ति आमा हो । बालक जन्मिए पछि उसले सबैभन्दा पहिले आमाको माया र आमाबाट हरेक क्रियाकलापको ग्रहण गर्ने अवसर प्राप्त गर्दछ । विविध विषयमा ज्ञान प्राप्त गर्दै जान्छ । यो कार्य आमाबाट नै पहिला हुने भएकाले आमालाई पहिलो शिक्षिका मानिएको हो । त्यसैले मानव समाजमा आमाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । नारीहरूले आफू सुशिक्षित भएर समाजमा विकास गर्नु पर्ने र नारीको हरेक क्रियाकलापमा सकारात्मक परिवर्तन ल्याई सामाजिक जिम्मेवारी वहन गर्न सक्ने सक्षम र सुयोग्य नागरिक बन्नु पर्छ भन्ने विचार निबन्धमा रहेको छ । नारी आफै पछि पर्नु हुँदैन केही गर्न सक्छु भन्ने आत्मविश्वास लिएर अगाडि बढ्न सक्ने बन्नु पर्छ । तब मात्र नारीमा परिवर्तन आउँछ । सामाजिक विकासका लागि एउटा इटा थप्ने काम गर्छ । नारीले नै विश्वमा शान्ति स्थापना गर्न सक्छ भन्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । यदि नारीले पुरुष समान विविध अवसरहरू प्राप्त गर्न पाएमा नारीले परिवार, समाज र राष्ट्रका लागि महत्त्वपूर्ण योगदान गर्न सक्दछन् भन्ने उदाहरण निबन्धकार घलेको जीवनबाट प्राप्त गर्न सकिन्छ ।

‘हाम्रो सोचाई र पश्चिमी सोचाइमा नारीको स्थान’, ‘क्लाश जेटकिनको कलमबाट’, ‘बेबेल सिमीन र द वोउवारको दृष्टिमा नारी र सेक्स’ शीर्षकका निबन्धहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नारीको अवस्थालाई निबन्धमा प्रस्तुत गरिएको छ ।

पूर्वीय दर्शनमा नारीलाई शक्तिशाली मानिएको छ । नारीलाई मानव समाजको प्रारम्भमा सर्वश्रेष्ठ स्थान राखिएको चर्चा पाइन्छ । दैविक शक्तिका रूपमा दुर्गालाई मानिएको छ । अर्थ क्षेत्रमा लक्ष्मीको त्यस्तै महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यसलाई पूर्वीय दर्शनमा नारीको स्थान र महत्त्वलाई बुझाउँदछ । आजको नारी परिवर्तनशील रहेको पाइन्छ । प्रत्येक क्रियाकलापमा प्रतिस्प्रधामा आउन सक्ने विश्वास नारीले प्राप्त गरेको पाइन्छ । पुरुषहरूले नारीलाई अपहेलना गर्न नसक्ने जस्ता परिवर्तनहरू आजका नारीहरूमा पाउन सकिन्छ । नारीले आफै हरेक विषयमा अगाडि बढ्न सक्नु पर्छ भन्ने चेतना आजको नारीमा आएको छ । परिवर्तन हुँदै गएको हामी समाजमा पाउँदछौं । पुरुषवर्गले नारीलाई अवला, कमजोर ठान्न नमिल्ने प्रसङ्ग निबन्धमा रहेको देखिन्छ । आधुनिक स्थिति अनुसार नारीले आफूलाई सक्षम सवल गराउँदै गएको देखिन्छ । नारीले युग अनुरूप चल्न कोसिस गरिरहेको अवस्थालाई निबन्धको माध्यमबाट प्रस्तुत गरिएको छ ।

अन्तर्राष्ट्रिय लेखकका कलमबाट नारीलाई यरी चर्चा गरिएको छ । आधा जनसङ्ख्या नारीको रहे पनि नारीको अवस्थालाई पुरुषको जस्तो उच्च स्थानमा रहेको पाइँदैन । विश्वमा प्रगतिशील आधुनिक राष्ट्रका नारीहरूले भोगेका समस्याहरूलाई निबन्धमा चर्चा गरिएको छ । नारीप्रति पुरुषको व्यवहारमा परिवर्तन भएको कुरालाई चर्चा गरिएको छ । नारी समानताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचलित व्यवस्थाको प्रस्तुत गरिएको छ । वेवेल र सिमोनको दृष्टिमा सेक्सलाई मानवको जीउने आधारका रूपमा लिएको छ भने निबन्धकार घलेको विचारको विपरित भएको पश्चिमी लेखकका धारणाहरूलाई उनले आलोचना गरेकी छन् ।

'मेरो दृष्टिकोणमा महिला' शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले विविध उपशीर्षकहरू प्रस्तुत गरेर नारीको अवस्थालाई प्रस्तुत गरेकी छन् । पहिला मातृप्रधान अवस्था, मानव समाजको सुरुवात नारीबाट भएको पाइन्छ । कालान्तरमा नारीले सम्पूर्ण व्यवस्था गर्नु परेका मातृप्रधान समाजको जन्म भएको हो । जति बेला पुरुषहरू सिकार खेल्न टाढाटाढासम्म जानु पर्ने प्रचलन थियो । त्यही समयमा घरमा नारीले सबै कुरा रेखदेख र घर व्यवहार संचालन गर्नु पर्ने अवस्था आएकाले मातृप्रधान समाजको सिर्जना भएको मान्न सकिन्छ ।

मातृप्रधान समाजको अन्त्य भएपछि नारीलाई पुरुषहरूले आफ्नो पहुँचमा राखे उनीहरूको अधिकार खोसेपछि नारी कमजोर भएको हो । नारीका हक अधिकार पुरुषको शासनमा रह्यो । पुरुषले जे गरायो नारीले त्यही गर्नु पर्ने अवस्था आएपछि नारीमा ह्रास आएको हो । ह्रासको स्थितिमा नारीले आफ्नो अधिकार गुमाए पनि प्रकृतिले नारीलाई आमा बनाएको छ । यो प्राकृतिक देनलाई कुनै पनि पुरुषले हर्न नसक्ने धारणा निबन्धकार घलेको पाइन्छ । त्यस्तै नारी आमा हो आमाको स्थानमा अरू कसैले पनि पाउँदैन भन्ने अठोट निबन्धको विषयवस्तुमा रहेको छ । आजको नारीले परिवर्तन चाहेकी छ । आफूलाई युग अनुरूप बनाउन खोजेको पाइन्छ । विविध प्रतिस्प्रधामा नारीले आफू सहभागी भएर आँटिलो भएको देखिन्छ । नारीले परिवर्तन चाहेर नै अहिले कतिपय नारीले आ-आफ्नो क्षेत्रमा सक्षम भएर समाजमा देखाएका छन् । यी परिवर्तन देशका लाग पनि त्यतिकै महत्त्वपूर्ण रहेका छन् । नारी परिवर्तन हुन वातावरणको आवश्यकता पर्दछ । यदि नारीले शिक्षाको कुनै बाटो नै पाउन सकेन भने नारीमा परिवर्तन आउन गाह्रो पर्छ । त्यसैले समाजमा शिक्षाको विकासलाई बढी महत्त्व दिनु आवश्यक देखिन्छ । नारी मात्र होइन परिवर्तन हुनका लागि सबै मानव समाजमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नारी परिवर्तनका निम्ति वातावरणको आवश्यकता हुन्छ । उचित अवसर पाए नारीमा अवश्य पनि परिवर्तन आउने छ ।

'कुमारी आमाले जन्माएको साँढे पुत्र' नामक निबन्धमा समाजमा फैलिएको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । सामाजिक कुसंस्कारका कारण अविवाहित महिलाबाट जन्मेका बच्चाहरूको अवस्थालाई निबन्धको विषयवस्तुमा चर्चा गरिएको छ । समाजमा बढ्दै गएको यस्तो विकृति र विसङ्गतिले मानवीय सम्बन्धमा असर पारेको विषयलाई प्रस्तुत गरिएको छ । सामाजिक अवस्थामा परिवर्तन ल्याउन यस्ता समस्याहरूको समाधान गर्न सम्पूर्ण नेपालीलाई आग्रह गरिएको छ । 'नेपाललाई विश्वसम्पदा भित्र पार्नु पर्छ' शीर्षकको निबन्ध प्रस्तुत निबन्ध सङ्ग्रहको अन्तिम निबन्ध हो । प्रस्तुत निबन्धमा नेपालको धार्मिक, ऐतिहासिक, प्राकृतिक सम्पदाहरूको महत्त्वको बारेमा चर्चा गरिएको छ । यी विविध सम्पदाहरूको आफ्नै महत्त्व भएकाले यिनीहरूलाई उचित संरक्षण गर्नु पर्छ भन्ने धारणा निबन्धको मुख्य विषय हो । यी सम्पदाहरूलाई विश्वले छुट्टै महत्त्व दिनु पर्छ भन्ने मान्यता निबन्धकार घलेको रहेको छ

। जलस्रोत, वनजंगल, पशुपंक्षी लगायत विविध किसिमका दुर्लभ र महत्त्वपूर्ण चिजहरू नेपालमा पाइने हुँदा यसलाई समयमा संरक्षण गर्न सकेमा बचाउन सकिन्छ भन्ने विचार घलेको पाइन्छ। यी अमूल्य सम्पतिलाई बचाउन आवश्यक छ।

### ४.६.२ भाषाशैली

भद्रकुमारी घलेको **आइमाई हिजो आज भोली** निबन्ध सङ्ग्रह भाषाशैलीका दृष्टिले सफल रहेको पाइन्छ। उनका अन्य निबन्ध सङ्ग्रह जस्तै प्रस्तुत कृतिमा पनि सरल भाषाको प्रयोग भएको पाइन्छ। सरल भाषाको प्रयोग घलेको भाषिक शिल्प हो। सरल भाषाको प्रयोगले पाठकलाई निबन्ध अध्ययनमा सरलता प्रदान गरेको पाइन्छ। सरल भाषाको प्रयोग निबन्धकार घलेको भाषिक विशेषता मान्न सकिन्छ। घलेको प्रस्तुत कृतिमा विशेष गरेर आत्मपरक शैलीको प्रयोग गरेको पाइन्छ। साथै नेपाली उखानको प्रयोगले निबन्धलाई रोचक बनाएको पाइन्छ।

आत्मपरक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "त्यसैले नारीलाई चरम शोषण गर्ने पुरुषको म स्वास्नी बनिन" (पृ. २५)।

वर्णनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "आधुनिक समाजको बन्धन तोडेर नारी मुक्त हुनलाई अझै नारीलाई समय लाग्नेछ" (पृ. १७)।

नेपाली उखानको प्रयोग "फूटवलमा जति क्षमता छ त्यतिमात्र हावा अटाउँन सकिन्छ" (पृ. ८१)। घलेको प्रस्तुत निबन्ध कृतिमा यी विविध शैलीको प्रयोग भएको पाइन्छ।

घलेका प्रस्तुत निबन्ध सङ्ग्रहहरूमा प्रयोग भएका शब्द स्रोतगत स्थिति यस प्रकार रहेको छ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा घलेले आगन्तुक शब्दको प्रयोग गरेकी छन्। जस्तै : कम्प्युटर (पृ. ३), सिस्टम (पृ. ४), प्यारालाइसेस (पृ. ४), ग्यादरिङ (पृ. १०), गृह (पृ. ११), होटेलहोटेलमा (पृ. ३३), फिट (पृ. ३४), कोपरेटिभ फाइनान्स, डिपार्टमेन्ट स्टोर (पृ. ३९), इलाज (पृ. ४२), फूटबल (पृ. ८१), सेकेण्ड (पृ. ८१) आदि आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ।

तत्सम शब्दको प्रयोग पनि भएको पाइन्छ। जस्तै : दुध (पृ. ४), शुद्ध विश्व (पृ. ९), दृष्टि, वर्ग (पृ. १३), वर्ष (पृ. १५), शिक्षा (पृ. ३५), सङ्घर्ष (पृ. ३७), शिव (पृ. ४५),

सन्तोष (पृ. ५१), विचार (पृ. ५५), कृषि (पृ. ६५), राष्ट्र (पृ. ७५), उन्नती (पृ. ७१) आदि शब्दको प्रयोग भएको पाइन्छ ।

## ४.७ 'आजको मेरो मन' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **आजको मेरो मन** (२०६५) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शीर्षकका निबन्धहरू सङ्गृहीत रहेका छन् । ती हुन् 'आजको मेरो मन', 'अप्ठ्यारो बुढेसकाल', 'बुढेसकाल कस्तो', 'सुखी वृद्धकाल', 'अध्यात्ममा सुखको चमत्कार', 'जन्मेपछि मान्छे बुढो होइन्छ', 'बुढेसकालको तयारी भनेको के', 'सन्तोषी सदासुखी', 'हामीले हाम्रो जीवनको अध्ययन गर्नु पर्छ', 'आज म', 'हामी मान्छे के गर्न सक्छौ ?', 'बाल्यकाल र त्यसको कला', 'बृद्धबालक', 'मेरो सपना मेरो कल्पना मेरो चाहना', 'मेरो परात्मा र मेरो आत्मा', 'परात्मा', 'सत्य युगको प्रवेश', 'हामी मान्छेले राख्नु पर्ने हेक्का', 'व्यक्तिले नै विचार पुऱ्याउनु पर्ने', 'आजको मेरो कर्म', 'परिवर्तन', 'मान्छे दुईपटक बालक बन्दछ', 'वृद्धाहरूको आहार', 'वृद्ध अवस्था', 'प्राकृतिक परिवर्तन', 'कलिको प्रभाव', 'सय वर्षकी मेरी वृद्ध आमा', 'विवाह व्यवहार', 'असजिलो वृद्ध अवस्था', 'वृहरूको संरक्षणको पालन', 'जीवन र सेवा', 'ध्यानी र कर्मयोगी महात्माहरू', 'मेरो काम र सेवा', 'यस लोक संस्कृतिको ज्ञाता माओवादी छन्', 'इतिहास थप्नुपर्छ मेट्नु होइन', 'यो मन', 'भारतमा आतंककारीको हमला', 'ममा ठूलो परिवर्तन', 'खानपानको शरीरमा असर', 'मेरो विचारमा वृद्धाहरूले पुऱ्याउनु पर्ने विचार' र 'वृद्धाहरूलाई सुझाव' शीर्षकका निबन्धहरू छन् ।

### ४.७.१ विषयवस्तु

निबन्धकार भद्रकुमारी घलेको **आजको मेरो मन** निबन्ध सङ्ग्रहको 'आजको मेरो मन' पहिलो निबन्ध रचना हो । घलेले प्रस्तुत शीर्षकको निबन्धमा आफ्नो ७८ वर्षको उमेरलाई निबन्धको विषयवस्तु बनाएकी छन् । मानिस जन्मेपछि विभिन्न अवस्था पार गर्दै वृद्ध अवस्थामा पुग्दछ । मानिसको त्यहि वृद्ध अवस्थालाई निबन्धका माध्यमबाट प्रस्तुत गरिएको छ । निबन्धकार भद्रकुमारी घलेले आफ्नो वृद्धकालसँग मिल्दोजुल्दो विषयवस्तुलाई यहाँ चित्रण गरेकी छन् । घलेले जीवनमा भोगको, देखेका र अनुभव गरेका अनुभूतिहरूलाई अन्य मानिस समक्ष पुऱ्याउने कोसिस

गरेकी छन् । उनको यो सोचाइले अरूको मनलाई छुन सक्छ भन्ने दृढ विश्वास घलेमा पाइन्छ । घलेको यो विचारले सामाजिक क्षेत्रमा अवश्य पनि प्रभाव पार्दछ भन्ने आशा राखेकी छन् । उनको जीवनको आर्थिक कारोवारमा आएको विविध समस्या र उनलाई मानिसले गरेको विश्वास घातलाई निबन्धमा प्रस्तुत गरेकी छन् । 'बुढेसकाल कस्तो ?' शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले आफ्नो वृद्धा अवस्थाको चर्चा गरेकी छन् । घलेका वृद्ध काललाई सिर्जनशील समयको रूपमा उपयोग गरिरहेको अवस्थालाई प्रमुख रूपमा लिएकी छन् । घलेले जीवनको ७८ वर्षको उमेरमा पनि आफ्नो साहित्य रचनामा कुनै कमी नभएको विषयलाई चित्रण गरेकी छन् । वृद्ध काल भएपछि खानपान र स्वास्थ्यमा हेरविचार गर्नु आवश्यक छ । शरीर स्वस्थ रह्यो भने जे काम पनि गर्न सजिलो हुन्छ भन्ने उदाहरण घलेको यस सिर्जनशील कार्यबाट लिन सकिन्छ । शरीरले अरू काम गर्न नसके पनि आफ्नो लेखन कार्यमा निरन्तरता दिनु नै सबैभन्दा महत्त्वपूर्ण कार्य रहेको देखिन्छ ।

'वृद्धकाल', 'वृद्धकाल कस्तो हुन्छ' नामक निबन्धमा भद्रकुमारी घलेले मानिसको वृद्ध अवस्थालाई निबन्धमा चर्चा गरेकी छन् । वृद्धकाल भएपछि अरूको सहारा लिनु पर्छ । शारीरिक रूपमा कमजोर भएको शरीरले भनेको समयमा साथ दिँदैन विस्तारै गर्नु पर्ने विषयलाई प्रस्तुत गरेको पाइन्छ । वृद्धकालमा पुगेका असक्तहरूलाई सहारा दिनु पर्छ भन्ने प्रेरणा घलेले निबन्धका माध्यमबाट दिएकी छन् । यस अवस्थाका मानिसहरूको सेवा गर्नु नै धर्म हो भनेकी छन् । वृद्धकाल कस्तो भनी उनले अलिकति तातो पनि धेरै तातो हुने र चिसो पनि धेरै लाग्ने कस्तो अनौठो वृद्धकाल भनी चर्चा गरेकी छन् । वृद्धकालमा सबै कुरा अनौठा हुने सन्दर्भलाई निबन्धको माध्यमबाट प्रस्तुत गरेकी छन् ।

'अध्यात्मक सुखको चमत्कार', 'अध्यात्म सुख', 'मेरो परमात्मा', 'मेरो आत्मा' र 'परमात्मा' नामक निबन्धहरूमा निबन्धकार घलेले अध्यात्म परात्माप्रतिको आस्थालाई निबनधको विषयवस्तुमा प्रकट गरेकी छन् । घलेले निबन्धमा प्रभु, भगवानप्रतिको समर्पित जीवनलाई चित्रण गरेकी छन् । आफूले गरेका सम्पूर्ण क्रियाकलापप्रति प्रभुलाई आत्मसात गर्नु पर्छ । प्रभुको भक्त हुनु पर्छ र हामीले गर्न खोजेका विषयमा सफलता हासिल गर्न सकिन्छ भन्ने निबन्धकारको धारणा रहेको छ । निबन्धकार परमात्माप्रति विश्वास राख्ने व्यक्तित्व हुन र आजसम्मको उनको

सम्पूर्ण कार्यमा परमात्माले साथ दिएको विषयलाई प्रस्तुत गरेकी छन् । यदि हामीले कुनै कार्य गर्नु भन्दा अगाडि नै परमात्माको प्रार्थना गर्नु पर्छ हामी सफलता पाउँछौं भनेर आफ्नो विचार व्यक्त गरेकी छन् । मानिसलाई पीडा भयो भने मनलाई शान्त राख्नका निम्ति पनि भगवानको पूजा आरधना गर्ने प्रचलन नेपालीमा रहेको पाइन्छ । आफूले गरेको कर्मको फल राम्रो पाइयोस् भन्ने विश्वासमा पनि मानिसहरू देवदेवीको प्रार्थना गर्दछन् । अशान्त मन भएका कतिपय मानिसहरूले अध्यात्मवादबाट शान्ति मिल्छ भन्ने गरेका छन् भन्ने धारणा निबन्धकारको पाइन्छ । त्यसैले आत्मा शान्ति राख्नका लागि अध्यात्मको मार्ग अपनाउनु पर्छ भन्ने अनुभूति घलेमा पाइन्छ ।

'बुढेशकालको तयारी भनेको के', 'हामीले हाम्रो जीवनको अध्ययन गर्नु पर्छ', 'हामी मान्छे के गर्न सक्छौं', 'मान्छेले राख्नु पर्ने हेक्का', 'व्यक्तिले विचार पुऱ्याउनु पर्ने' शीर्षकका निबन्धहरूमा मानिस जन्मेपछि मर्नु प्रकृतिको स्वभाविक प्रक्रिया हो । मानिसको जन्म र मरणको बीचको समयलाई सहि रूपमा उपयोग गर्न सक्यो भने मानिस सुखी शान्त बन्दछ । मानिसले बाल्यकाल पार गर्दै युवा हुँदै बुढेसकालमा प्रवेश गर्दछ । मानिसको यो अवस्था असक्त अवस्था हो । चाहेर पनि मानिसले आफूलाई मन लागेका कार्य गर्न सक्दैन । वृद्ध अवस्थामा मानिसले विविध समस्याहरू भोगेर यस अवस्थामा पुग्दछ । यो अवस्थामा मानिस कमजोर भएको हुन्छ । दिन प्रतिदिन अझै कमजोर हुँदै जानु वृद्धावस्थाको विशेषता हो । त्यसैले मानिस वृद्धावस्थामा पुग्नुभन्दा अगाडि आफू सक्षम हुँदा नै आफ्नो वृद्धावस्थाका निम्ति केही आर्थिक सङ्कलन गर्नु राम्रो हुन्छ भन्ने सन्देश निबन्धमा पाइन्छ । आफूले समयमा नै आर्थिक सङ्कलन गरी राखेमा आफूलाई आवश्यक पर्दा खाँचो टार्न काम लाग्छ । विरामी परेको अवस्थामा ओखती गर्न पनि सहज हुन्छ । आफूलाई खान मन परेका खाने कुराहरू आफै किनेर खान सकिन्छ । अरूको आस गर्नु पनि पर्दैन त्यसैले बुढेस कालको लागि हामीले आर्थिक सङ्कलन गरी राखेमा आफैलाई सहज हुन्छ भन्ने विषयलाई यहाँ प्रस्तुत गरिएको पाइन्छ । बुढेस कालको लागि आर्थिक सङ्कलन गर्नु पर्छ भनेर सबेलाई निबन्धकारले निबन्धका माध्यमबाट सल्लाह दिएकी छन् ।

'हामीले हाम्रो जीवनको अध्ययन गर्नु पर्छ', 'सन्तोषी सदासुखी', 'हामी मान्छेले राख्नु पर्ने हेक्का' शीर्षकका निबन्धहरूमा मानिसले आफूलाई सहज बनाउनका लागि विविध क्रियाकलापमा संलग्न रहन आवश्यक हुन्छ । समाजमा सहज तरिकाले जीउनका लागि सामाजिक क्रियाकलापहरू गर्नु पर्छ । विभिन्न ज्ञानविज्ञान सम्बन्धी ज्ञान प्राप्त गर्न जरुरी हुन्छ । आफ्नो शरीरलाई स्वस्थ राख्नका निम्ति सन्तुलित भोजनाको आवश्यकता पर्दछ । आफ्नो शरीर स्वस्थ भएपछि मानिस विविध विषयमा सक्षम हुन सक्छ । आफूले गर्न चाहेका काम कुराहरू सहज रूपमा सम्पन्न गर्न सक्छ अनि मानिस सुखी हुन्छ । आफ्नो जीवनसँग सन्तुष्ट भएर बाँच्न सक्छ । त्यहि नै मानव सफलता र सार्थक जीवन हो । 'आजको मेरो कर्म', 'जीवन र सेवा', 'ममा ठूलो परिवर्तन', 'मेरो काम र सेवा', 'आज म' निबन्धहरूमा निबन्धकार भद्रकुमारी घलेका जीवनसँग सम्बन्धित रहेका छन् । यी निबन्धहरूमा उनले गरेका कार्यहरू समाजसेवा, साहित्य, राजनीति आदि कार्यलाई प्राथमिकता दिइएको पाइन्छ । घलेले समाज सेवा गरेर आफ्नो जीवन परिवर्तन भएको अनुभवलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरेकी छन् । हामीले काम गर्दा सङ्घर्ष गर्न सक्नु पर्छ भन्ने धारणा निबन्धकार घलेले व्यक्त गरेकी छन् । आफूले सोचेको काममा लगनशील र मेहनत गरियो भने जस्तो सुकै कठिन काम पनि सजिलैसँग गर्न सकिन्छ भनेकी छन् । 'प्राकृतिक परिवर्तन' नामक निबन्धमा मानिस जन्मेपछि वृद्ध हुनु स्वभाविक मानिएको छ । मानव जीवनमा बाल्यकालदेखि वृद्धावस्थामा पुग्दा धेरै परिवर्तन आएको हुन्छ । खानपान, लवाई खवाई, व्यवस्हार आदिमा परिवर्तन आउनु प्राकृतिक नियम हो ।

'लोक संस्कृतिको ज्ञाता माओवादी छन्', 'इतिहास थप्नुपर्छ मेट्नु होइन' शीर्षकका निबन्धहरू नेपाली राजनीति र इतिहाससँग सम्बन्धित रहेका छन् । मुलुकको राजसंस्थाको अन्त्यसँगै माओवादीले मुलुकमा संविधान निर्माण गर्दछ भन्ने आशा निबन्धकारको देखिन्छ । मुलुकको राजनीतिक व्यवस्था कमजोर भएपछि विकासका कार्यहरू रोकिएका छन् । नेपालीहरूले पाएको पीडाप्रति निबन्धकार चिन्तित रहेको देखिन्छ । मुलुकमा सामाजिक सुधार आउनु आवश्यक छ भन्ने आशा निबन्धकारले निबन्धका माध्यमबाट व्यक्त गरेकी छन् । मुलुकमा रहेको ऐतिहासिक विषयवस्तुको संरक्षण गर्नु पर्दछ । हाम्रा पुर्खाहरूले निर्माण गरेका ऐतिहासिक कला र संस्कृतिलाई

जोगाइ राख्नु हाम्रो कर्तव्य हो । यसलाई संरक्षण गरी राखेमा हाम्रा भावि सन्ततीले पनि अध्ययन गर्न पाउने छन् त्यसैले ऐतिहासिक कला संस्कृतिलाई संरक्षण गर्नु राम्रो हुन्छ भन्ने धारणा निबन्धमा व्यक्त गरिएको छ । नेपाली कला र संस्कृतिको विश्वमा महत्त्व रहेको छ । 'मानिस दुई पटक बालक हुन्छ' नामक निबन्धमा निबन्धकार घलेले मानिसको बाल्यकाल र वृद्धकाललाई सङ्केत गरेकी छन् । जन्मपछि मानिसको बाल्यकाल आउँछ त्यस उमेरमा बालक अबोध अवस्थामा हुन्छ । उसले विस्तारै आमा, परिवार र समाजबाट विविध क्रियाकलापको जानकारी पाउँदै जान्छ । यो अवस्था बाल्यावस्था हो । मानिस वृद्ध भएपछि बालकको जस्तो विशेषता हुन्छ । त्यसलाई यहाँ मानिस दुई पटक बालक हुन्छ भनिएको छ । मानिस बुढेसकालमा प्रवेश गरेपछि स्वभावमा परिवर्तन आएर बालक जस्तो व्यवहार गर्दछ । यहि अवस्थालाई बाल्यावस्थाका रूपमा उल्लेख गरिएको पाइन्छ । बुढेसकाल भएपछि अरूको सहारामा बाँच्नु पर्ने अवस्थालाई निबन्धको विषयवस्तुमा चर्चा गरिएको छ ।

### ४.७.२ भाषाशैली

भद्रकुमारी घलेको **आजको मेरो मन** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग भएको पाइन्छ । निबन्धमा सरल भाषाको प्रयोगले पाठक वर्गलाई अध्ययन गर्न सहज भएको छ । निबन्धकारले निबन्धमा स्वयं आफूलाई विषयवस्तु बनाएकी छन् । तसर्थ प्रस्तुत निबन्ध कृतिमा निजात्मकताको प्रवलता रहेको पाइन्छ । प्रस्तुत निबन्धमा आत्मपरकशैलीको बाहुल्यता रहेको छ ।

आत्मपरकशैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "म आफै आफ्नो जीवनमा आफ्नो तमासा हेरीरहेकी छु" (पृ. १२) ।

"म आजकाल यस्तै यस्तै सोचमा आफ्नो भावना पोख्न थालेकी छु" (पृ. १०२) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "अहिले नै बलमिचाई गरी अटेर गर्दछ भने मेरो शारीरिक शक्ति नरहेपछि यस्ता मान्छेहरूले के मेरो सेवा गर्लान् छ ?" (पृ. १३) आदि शैलीको प्रयोग रहेको पाइन्छ ।

घलेका प्रस्तुत निबन्ध सङ्ग्रहमा आगन्तुक शब्दको प्रयोग पनि गरिएको छ । जसलाई यसरी प्रस्तुत गरिएको छ : स्टेटमेन्ट (पृ. ४), कन्ट्रोल (पृ. ५), स्कुल, फस्ट

वल्डवार (पृ. ७), अप्रेसन (पृ. ११), जेनेरेसन (पृ. ७२) आदि आगन्तुक शब्दको प्रयोग रहेको पाइन्छ ।

तत्सम शब्दहरूको प्रयोग जस्तै : दु:ख (पृ. ४), वर्ष (पृ. १४), दुध (पृ. २१) आदि तत्सम शब्दको प्रयोग गरिएको छ ।

## ४.८ 'अहिलेको परिस्थिति' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **अहिलेको परिस्थिति** (२०६६) प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शीर्षकका १४ वटा निबन्धहरू सङ्गृहीत रहेका छन्, ती हुन् 'राष्ट्र गरिब व्यक्ति धनी', 'हामी कृषिमा आधारित राष्ट्र हौं तर हाल के भएका छौं', 'म ब्राह्मणनी बन्न चाहदिन', 'विधन, सरकार, जनता', 'उच्च शिक्षा जनकपूरमा नर्स', 'उच्च शिक्षा लिने ठाउँको खोजी काशीमा', 'काशी विद्यापीठमा भर्ना', 'टयुसन पढ्न थाले', 'अङ्ग्रेजी भाषा र म', 'अन्तर्राष्ट्रि सेमिनारमा नेपाली भाषा', 'जीवनमा नबिर्सने घटना', 'युथफेस्टिबलमा सहभागी' र 'नेपालका विद्योत वर्गलाई आदिवासी जनजातिहरूका लाल सलाम' निबन्धहरू छन् । प्रस्तुत निबन्ध कृतिमा निबन्धकार भद्रकुमारी घलेले आफ्नो जीवनका आरोह अवरोहलाई निबन्धमा प्रस्तुत गरेकी छन् । विशेष गरी घलेले आफ्नो विद्यार्थी जीवनको अवस्थालाई चित्रण गरेकी छन् । आफूले विद्यार्थी जीवनमा पाएका दु:ख सुखहरूलाई निबन्धमा व्यक्त गरेकी छन् । यसका साथै घलेले नेपालको कृषि अवस्थालाई पनि निबन्धमा उल्लेख गरेको पाइन्छ ।

### ४.८.१ विषयवस्तु

**अहिलेको परिस्थिति** निबन्ध सङ्ग्रहको 'राष्ट्र गरिब र व्यक्ति धनी' शीर्षकको निबन्ध रचना प्रस्तुत कृतिको पहिलो निबन्ध हो । उक्त निबन्ध रचनामा भद्रकुमारी घलेले सामान्य घटनामा आधारित विषयवस्तुलाई लिएर मुलुकको राजनीतिक अवस्थालाई निबन्धको विषयवस्तुमा चित्रण गर्न सफल रहेको देखिन्छ । निबन्धकार घलेले वर्तमान देशको आर्थिक, राजनीतिक, सामाजिक क्षेत्रका विषयलाई प्रमुख रूपमा लिएको पाइन्छ । देशको आर्थिक अवस्था दिनानु दिन कमजोर बन्दै गएको छ । आर्थिक स्थितिमा राष्ट्र गरिब भएको प्रसङ्गलाई चर्चा गरिएको देखिन्छ । देशको आर्थिक अवस्था कमजोर भए पनि जनता धनी रहेको सन्दर्भ निबन्धमा पाइन्छ ।

देश गरिब भए पनि व्यक्तिले प्रयोग गरेको सवारी साधन महङ्गो भएको विषय लिएर निबन्धमा चित्रण गरिएको छ । सडकमा गुड्ने महङ्गा सवारी साधनका माध्यमबाट नेपाली जनता गरिब छैनन् भन्ने भान हुन्छ । गरिब राष्ट्र भित्रको धनी जनता बाटाका मान्छे भन्दा बढी गुड्ने महङ्गा गाडिले प्रतिनिधित्व गरेको देखिन्छ । देशको एकतन्त्रीय शासन ढलेर देशले नयाँ मुहार पाएको छ । मुलुकमा बढ्दै गएको दैनिक बन्द र हड्तालले गर्दा विद्यार्थी पढ्न पाएका छैनन्, व्यापारीले पसल बन्द गर्नु पर्ने अवस्था आएको छ । त्यस्तै गरिबहरूले कष्टकर जीवन बिताउनु परेको अवस्थालाई निबन्धको विषयवस्तुमा उल्लेख गरिएको छ ।

'हामी कृषिमा आधारित राष्ट्र हौं तर हाल के भएका छौं' नामक शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले देश कृषि प्रधान भए पनि खाद्य सामग्रीहरू अन्य मुलुकबाट ल्याउनु पर्ने अवस्थाप्रति चिन्ता व्यक्त गरेकी छन् । मुलुकमा कृषि विकासका निम्ति विभिन्न संस्था र कृषि मन्त्रालयहरू स्थापना भए पनि मुलुकमा आवश्यक पर्ने जति आपूर्ति नभए पछि अन्य मुलुकमा भर पर्ने अवस्थालाई निबन्धमा उल्लेख गरिएको छ । कृषिप्रधान मुलुकका कृषि विशेषज्ञहरू कार्यालयमा मात्र सीमित भएकोप्रति घलेले गुनासो पोखेकी छन् । देशको भौगोलिक वातावरण र मौसम अनुसारको खेतीबाली लगाएमा हामीलाई धान्न सक्थ्यो भन्ने धारणा निबन्धमा प्रस्तुत गरिएको छ । आधुनिक समाजमा मानिसहरूले काम गर्न छाडि सकेको अवस्थालाई उल्लेख गरिएको छ । देशमा दिन प्रतिदिन बढी रहेको जनसङ्ख्याको अनुपातमा खेती कृषि सम्बन्धी कार्यहरू झन झन घट्दै गएको अवस्थाले नेपालीलाई धान्न नसक्ने भएको देखिन्छ । अन्य मुलुकबाट खाद्य सामग्रीहरू भित्र्याए पछि महङ्गी बढ्ने विषयलाई निबन्धमा चर्चा गरिएको छ । देशका धनी हुने खानेहरूले जति मूल्य भए पनि किनेर खान सक्छन् तर गरिब जनताहरूले यो स्थितिमा आफ्नो जीवन बचाउन गाह्रो पर्ने अवस्थालाई प्रमुख रूपमा देखाइएको पाइन्छ ।

'म ब्राह्मणनी बन्न चाहदिन' भन्ने शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले आफू गुरुङ जातकी र आदिवासी जनजातिकी छोरी भएको सन्दर्भलाई निबन्धमा विषयवस्तु बनाएकी छन् । घले आदिवासी जनजाति भए पनि उनको स्वभाव ब्राहमणकी छोरी जस्तो देखिन्छ भन्ने विषयलाई घलेले आलोचना गरेकी छन् । आफ्नो

स्वभाव र क्रियाकलाप गैर जनजातिको जस्तो भए पनि आफू ब्राहम्णनी बन्न नचाहेको अठोट निबन्धकार घलेको रहेको देखिन्छ । अब आउने संविधान निर्माणमा आदिवासी जनजातिहरूले पनि पूर्ण रूपमा अधिकार पाउनु पर्छ भन्ने विचार व्यक्त गरेकी छन् । संविधान निर्माणमा आदिवासी जनजातिको अधिकार स्पष्ट राखिनु पर्छ भनी घलेले आफ्नो विचार प्रस्टसँग प्रस्तुत गरेकी छन् ।

'विधान, सरकार, जनता' शीर्षकका निबन्धमा निबन्धकार भद्रकुमारी घलेले मुलुकको राजनीति सन्दर्भलाई उठाएकी छन् । देशको कमजोर राजनीतिक अवस्थाले गर्दा देशमा विधान बन्न सकेको छैन । देशमा कुनै नियम कानुनको राम्रो व्यवस्था नभए पछि कुनै विषयमा पनि विकास हुन नसक्ने धारणा निबन्धकारले व्यक्त गरेकी छन् । सामाजिक, शैक्षिक, राजनीतिक अवस्था नै कमजोर भए मुलुकको अवस्था नै कमजोर हुने विषयलाई निबन्धमा चर्चा गरिएको छ । मुलुक संचालन गर्नका निम्ति विधानको आवश्यकता पर्दछ तर मुलुकमा विधान नै बन्न नसकेको अवस्थालार्य निबन्धमा उल्लेख गरिएको पाइन्छ । देशको अवस्था झनै तल झर्दै जाँदा जनताको दयनीय अवस्था अझै दयनीय बन्दै जाने निबन्धको प्रमुख विषयवस्तुको रूपमा रहेको छ । मुलुकले नयाँ मुहार फेर्नका लागि राजनीतिक दलका नेताहरू एकजुट हुनु पर्छ । सबैको सहकार्यमा देशमा विकास गर्न सकिन्छ । गणतन्त्र आए पनि सर्वसाधारण जनताहरू शोषण, दमन र उत्पीडनबाट मुक्त भएका छैनन् । आदिवासी जनजाति, दलित र महिलालाई उचित न्याय, अधिकार र सम्मान नभएको भन्दै निबन्धकार भद्रकुमारी घलेले आक्रोश व्यक्त गरेकी छन् ।

'उच्च शिक्षा जनकपुरमा नर्स' नामक निबन्धमा निबन्धकारले आफूलाई निबन्धको विषयवस्तु बनाएकी छन् । घले नर्स पेसामा संलग्न हुँदा अति थोरै तलवमा काम गरेको प्रसङ्ग आएको छ । मानिसले धेरै तलव खोज्नु भन्दा थोरैबाट काम सुरु गरेर बढाउँदै लैजानु राम्रो हुन्छ भन्ने सुझाव निबन्धमा पाइन्छ । घलेले त्यस समयमा आफ्नो पैसा भन्दा धेरै विरामीहरूको सेवा गर्न पाएकोमा सन्तुष्ट भएको चर्चा गरिएको छ । आधुनिकता र समयको परिवर्तनलाई घलेले आत्मसात गर्दै आफूले उच्च शिक्षा हासिल गरेर विविध क्षेत्रमा उन्नती प्रगति गर्दै राष्ट्र र समाजमा गरेको योगदानलाई प्रस्तुत गरिएको छ ।

'उच्च शिक्षा लिने ठाउँको खोजी काशीमा', 'काशी विद्यापीठमा भर्ना', 'काशी विद्यापीठ' नामक शीर्षकका निबन्धहरू निबन्धकार भद्रकुमारी घलेका विद्यार्थी जीवनसँग सम्बन्धित रहेका छन् । काशीमा उच्च शिक्षाको खोजिमा घुम्दा निबन्धकारले विभिन्न व्यक्तिहरूसँग गरेको भेटलाई प्रस्तुत गरेकी छन् । काशी विद्यापीठको खोजी गर्दा दुःख पाएको विषयलाई चित्रण गरिएको छ । तत्कालीन समयमा नेपालमा शिक्षाको व्यवस्था नभएका कारणले गर्दा पढाइमा इच्छुक भएका व्यक्तिले भारतका विविध ठाउँमा गएर अध्ययन गर्ने प्रसङ्गलाई निबन्धमा उल्लेख गरिएको छ । घलेले काशी विद्यापीठमा अध्ययन गर्ने पहिलो नारी भएर उनले आफ्नो विद्यार्थी जीवन सुरु गरेकी थिइन भन्ने जानकारी निबन्धका माध्यमबाट पाइन्छ । काशीमा पढ्दा घलेलाई सबैले सम्मान गरेको विषयलाई पनि निबन्धमा व्यक्त गरेकी छन् ।

'ट्युसन पढ्न थाले', 'अङ्ग्रेजी भाषा र म' निबन्ध रचनाहरूमा निबन्धकार घलेले आफ्नो विद्यार्थी जीवनमा परेका समस्याहरूलाई देखाएकी छन् । घले आफ्नो विद्यार्थीकालमा सबै विषयमा राम्रै भए पनि उनलाई अङ्ग्रेजी विषय गाह्रो भएको कुरालाई प्रस्तुत गरिएको छ । अङ्ग्रेजी विषयमा ट्युसन पढेको विषयलाई उल्लेख गरिएको छ । आफूले अङ्ग्रेजी भाषा नजानेको र अङ्ग्रेजी भाषा सिक्नका निम्ति धेरै प्रयत्न गर्नका निम्ति बजारमा उपलब्ध भएका सबै पुस्तकहरूको अध्ययन गरे पनि आफूले उक्त विषयमा चित्त बुझ्दो ज्ञान पाउन नसकेको विषयलाई निबन्धको प्रमुख विषयवस्तुका रूपमा उल्लेख गरिएको छ ।

'अन्तर्राष्ट्रिय सेमिनारमा नेपाली भाषा' शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले अन्तर्राष्ट्रिय सेमिनारमा सहभागी हुँदाको विषयलाई उल्लेख गरिएको छ । घलेले अन्तर्राष्ट्रि सेमिनारमा सहभागी भएर नेपाली भाषामा सम्बोधन गरेको विषयलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । आफ्नो पद सानो भए पछि जस्तो सुकै महान कार्य गर्दा पनि चर्चामा नआउने सन्दर्भलाई निबन्धमा व्यक्त गरिएको छ । तल्लो पदको पदाधिकारीले ऐतिहासिक कार्य गरे पनि कुनै लेखाजोखा नहुने गुनासो निबन्धमा व्यक्त गरिएको छ । अन्तर्राष्ट्रिय सेमिनारमा नेपाली भाषाले सम्बोधन गर्न सक्नु सानो करामत होइन भनी निबन्धकारले ठोकुवा गरेकी छन् । 'जीवनका नबिर्सने घटना' निबन्धमा निबन्धकार घलेले आफ्नो जीवनमा भोगेका दुःख सुखका

विषयलाई निबन्धका माध्यमबाट प्रस्तुत गरेकी छन् । घलेले जीवनको नबिर्सने घटनाका रूपमा आफू दुईपटक माननीय भएर लगातार सफलता प्राप्त गरे पछि तेस्रो पटक हारेको विषयलाई निबन्धको विषयवस्तुमा उल्लेख गरेकी छन् । तत्कालीन माननीयहरूको आर्थिक सम्पन्नता नभएको र त्यसै समयमा क्षयरोगले सताए पछि घलेलाई अप्ठ्यारो स्थिति आएको सन्दर्भ निबन्धमा छ । तत्कालीन समयमा घलेले आर्थिक, पारिवारिक समस्यालाई सम्हाल्नु परेको अवस्थालाई चर्चा गरिएको छ । यसै समयमा उनले नेपाली साहित्यमा प्रवेश गरी कथा सङ्ग्रह, निबन्ध सङ्ग्रह र नृत्यनाटिका प्रकाशित गरेको जानकारी पाइन्छ ।

'युथफेस्टिबलमा सहभागी' निबन्धमा घलेले काशी विद्यापीठमा अध्ययन गर्दाको क्षणलाई उल्लेख गरेकी छन् । इन्डिया युनिभर्सिटीको सम्मेलनमा समूह गायनमा भाग लिएर घलेले विभिन्न वस्तुहरूको अनुभव प्राप्त गरेकी थिइन् । उनलाई धेरै रमाइलो अनुभव भएको थियो । साथीहरूसँग विभिन्न स्थानको भ्रमण गर्दै स्वर्गीय आनन्द भएको विषयलाई यहाँ चर्चा गरिएको छ । आफू बलियो भाग्य लिएकी मान्छे हुँ भन्ने भनाई निबन्धकारको पाइन्छ । आफूले जस्तो कार्य गर्न पनि सकिन्छ साहस गर्नु पर्छ, सङ्घर्ष गर्नु पर्छ तब सफलता अवश्य पाइन्छ । जीवनमा परिवर्तन आउँछ भन्ने धारणा निबन्धकारको रहेको देखिन्छ ।

'नेपालको विद्वत वर्गलाई आदिवासी जनजातिहरूको लाल सलाम' नामक निबन्धको शीर्षक नै नेपाली राजनीतिक व्यवस्थासँग सम्बन्धित रहेको देखिन्छ । वर्तमान देशको अवस्थालाई निबन्धमा चित्रण गरिएको छ । नेपालका आदिवासी जनजाति र पीछडिएका वर्गलाई निबन्धको विषयवस्तुका माध्यमबाट चित्रण गरिएको छ । नेपाली राजनीतिक व्यवस्थाले निम्त्याएको सामाजिक, जातीय, वर्गीय समस्याहरूलाई निबन्धमा उल्लेख गरिएको छ । यस्ता समस्याहरूलाई समाधान गर्नका लागि सबै राजनीतिक दल, सामाजिक सङ्घ संस्थाहरूसँग निबन्धकारले आग्रह गरेकी छन् । आजको एक्काइसौँ शताब्दीमा पनि नेपालमा महिला हिंसा शोषणका समस्याहरू जस्ताको तस्तै रहन दिनु हुँदैन भन्ने धारणा निबन्धमा रहेको छ । नेपाल एउटा मुलुक हो र नेपालमा बसोबास गर्ने सबै नेपाली हुन् भन्ने चेतना सबैमा आउनु पर्छ । जातीयता, वर्गीय, लैङ्गीक भेदहरूलाई हटाएर हामी सबै नेपाली हौं भन्ने भावनाको विकास हुनु प्रत्येक नागरिकमा आवश्यक देखिन्छ ।

सबै नेपाली समान हौं र सबैको हक अधिकार समान हुनु पर्छ भन्ने सन्दर्भ निबन्धको विषयवस्तुमा उल्लेख गरिएको छ । ती विविध भेदहरूले नेपालीको उन्नती हुन सक्दैन भन्ने सन्देश निबन्धमा पाइन्छ । माथिल्लो तहमा पुगेका मानिसले तल्लो तहमा रहनेलाई समान व्यवहार गर्नु पर्ने चेतना आउनु आवश्यक छ भनी निबन्धकारले उल्लेख गरेकी छन् । सबै मिलेर देशको विकास गर्नु पर्छ भन्ने धारणा व्यक्त गरेकी छन् ।

### ४.८.२ भाषाशैली

निबन्धकार भद्रकुमारी घलेको **अहिलेको परिस्थिति** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग भएको छ । निबन्धमा सरल भाषाको प्रयोग भएकाले पाठकलाई निबन्ध अध्ययन गर्न सहज भएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग भएको पाइन्छ । ती हुन् वर्णनात्मक शैली, निजात्मक शैली संस्मरणात्मक शैली र व्यङ्ग्यात्मक शैली हुन् ।

वर्णनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “यो आफूले बुझ्दै नबुझेको भाषा अङ्ग्रेजीमा सम्पूर्ण मेरो शक्ति लगाएर तयारी गर्न लागे” (पृ. २१) ।

निजात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “मेरो जीवनमा यो माहोल नयाँ प्रकारको थियो” (पृ. २१) ।

संस्मरणात्मक शैलीका रूपमा यसलाई लिन सकिन्छ “२०१४ सालतिर जनकपुरमा आफूले गरेको नर्स पेसालाई छोडी अगाडि उच्च शिक्षा हाँसिल गर्छु भनी एउटा आत्म निर्णय गरी आमाले दिएको एक हजार चेपेर भारत तर्फ लागे” (पृ. १९) ।

व्यङ्ग्यात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “आफ्नो भागमा मात्र ओइराएर खान पल्केका वर्ग, जाति र व्यक्तिले बानी, आद्त, स्वभाव सुधार्न आवश्यक छ” (पृ. ४६) ।

प्रस्तुत कृतिमा काव्यात्मक भाषाको प्रयोग गरेकी छन् । जस्तै :

“कैले पनि आजसम्म मैले आफ्नो लागि बाँचिन
कैले पनि केहि आजसम्म मैले आफ्नो लागि साँचिन” ।

घलेले आगन्तुक शब्दको प्रयोग पनि गरेकी छन् । जस्तै : आर्टिकल (पृ. १२), एजुकेशन (पृ. १९), राइटर (पृ. २१), फेस्टिवल (पृ. ३५), कटिङ (पृ. २३), आउटटोर (पृ. २२) आदि आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ ।

घलेले तत्सम शब्दको प्रयोग प्रस्तुत निबन्ध कृतिमा गरेकी छन् । जस्तै : जस्तै राष्ट्र (पृ. १), आश्चर्य (पृ. २), दर्शन (पृ. ५), शिक्षा (पृ. ८), वर्ष (पृ. ९), ऐश्वर्य (पृ. ३३) आदि तत्सम शब्दको प्रयोग गरिएको छ ।

सरल भाषा र विविध शैलीका प्रयोगले प्रस्तुत निबन्ध रोचक बनेको पाइन्छ । काव्यात्मक भाषाले घलेको कवि व्यक्तित्वलाई झल्काएको देखिन्छ ।

## ४.९ 'जीवन र समाजसेवा' निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्धकार भद्रकुमारी घलेको **जीवन र समाजसेवा** (२०६६) निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध कृतिमा १५ वटा निबन्ध रचनाहरू रहेका छन् । विविध शीर्षकका ती निबन्ध रचनाहरू : 'आजको स्थितिमा राष्ट्रिय र एकताको लक्ष्मण बुटी', 'वर्तमान अवस्थामा महिलाको भूमिका', 'भीमशमशेरको पालामा', 'डिल्ली बजारको हजाम बस्ने पीपलको रूख', 'गुञ्जन र उसको क्षमता', 'हिजो त राणा शाहलाई सराप्यौं अब कसलाई सराप्ने', 'रुम्जाटारका गुरुङहरू र भेडापालन पेशा', 'समाजसेवा र हामी मान्छे, भवानप्रति आस्था', 'सैनिक श्रीमती संघ र उसले गर्ने कार्य', 'श्री फाल्गुनानन्द गुरु', 'सिन्धुलीमा पहिलो मोटर पुऱ्याएको', 'सुनकोशीको सुन र तामाकोशीका तामा बगिरहेको छ', 'टुँडिखेल बनाउने हजुरिया कर्नेल नयनसिंह घले', 'उहिलेका कुराहरू' र 'उहिलेको भोटे घोडा व्यापारी श्रीविरे गुरुङलाई चन्द्र शमशेरको न्याय' रहेका छन् । प्रस्तुत निबन्ध सङ्ग्रहको निबन्ध रचनाहरूमा नेपालको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक र प्राकृतिक परिवेशलाई निबन्धका विषयवस्तुमा प्रस्तुत गरिएको छ ।

### ४.९.१ विषयवस्तु

**जीवन र समाजसेवा** नामक निबन्ध सङ्ग्रहको 'आजको स्थितिमा राष्ट्रियता र एकताको लक्ष्मण बुटी' शीर्षकको निबन्ध पहिलो निबन्ध रचना हो । प्रस्तुत निबन्धमा निबन्धकार भद्रकुमारी घलेले देशको राजनीतिक अवस्थाले गर्दा बिग्रँदो अवस्थाको मानवीयताप्रति चिन्ता व्यक्त गरिकी छन् । देशका सबै जातजाति, भाषाभाषि र धर्म सम्प्रदायको प्रमुख आधार राष्ट्रिय एकता हो । देशलाई विखण्डित हुनबाट बचाउन सबै नेपालीको कर्तव्य रहन्छ । आधुनिक युगमा विज्ञान प्रविधिले संसारलाई साँगुरो बनाएको अवस्थाले देशलाई चेप्टाएको सन्दर्भ उल्लेख गरिएको छ

। मानव समाजमा मानवीयता हराएर स्वार्थिपनको विकासमा निबन्धकारले चिन्ता गरेकी छन् । सबै मानिस स्वार्थी भए पछि आफ्नो लागि जे पनि गर्न तयार हुने तर अन्य व्यक्तिको सेवा गर्नु पर्छ भनी पर सर्ने परम्परालाई घलेले विकासले सानो भएको युग भनेकी छन् । आधुनिक युग वैज्ञानिक युग हो र त्यसलाई सहि रूपमा उपयोग गऱ्यो भने मानवीय सम्बन्ध अझ घनिष्ट बन्छ भन्ने धारणा निबन्धकारको रहेको पाइन्छ । 'वर्तमान अवस्थामा महिलाको भूमिका' शीर्षकको निबन्ध रचनामा पुरुष शासित समाजले महिला माथि गरेको दमन, शोषण, शासन र गम्भीर पीडाको समस्यालाई झेल्दै आजको महिलाले आमाको भूमिका र कर्तव्य निभाएर आएकी छे भन्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । पुरुष समाजमा नारीले अन्याय, अत्याचार सहनु परेको पीडालाई निबन्धको विषयवस्तुमा चर्चा गरिएको छ । पुरुषको शोषणमा परेर नारी सधै पीडित बन्नु हुँदैन । समाजमा नारी चेतनाका विविध चेतनामूलक जानकारीहरू फैलाउनु पर्छ र सचेत नारीले गरिब र अनपढ माथि शिक्षा दिन सक्नु पर्छ भन्ने धारणा निबन्धकारको रहेको छ । पुरुषहरूले शोषण गरे पनि नारी आफै शिक्षित सभ्य भए पछि उसले शोषित हुनबाट आफूलाई बचाउन सक्छे भन्ने विश्वास आजको नारीमा पाइन्छ । एक्काइसौं शताब्दीको नारीमा परिवर्तन आउनु आवश्यक छ । आजको नारीमा नारी चेतना नआए समाजमा विकृति बढ्दै जान्छ र मानवीय समाज पशुतुल्य हुन्छ भनिएको छ ।

आजको विकृत समाजलाई नारी जागृतिले चिर्दै लगेको पाइन्छ । नारीले आफूलाई अगाडि बढाउँदै गएको अवस्थालाई चित्रण गरिएको छ । नारीलाई पुरुषले कुनै जिम्मेवारी नदिए पनि नारीले आफ्नो खुबी देखाएर सामाजिक कर्तव्य पूरा गरेको देखिन्छ । यसका उदाहरणका रूपमा आजको आमा समूह, महिला समूहले गरेको काम सन्तोषजनक रहेको पाइन्छ । महिलाले समाजको विविध क्रियाकलापमा नेतृत्व गरेर समाज सुधार गरेको देखिन्छ । सामुहिक पशुपालन, खेतीपाती, रक्सीमुक्त समाज जस्ता कार्यमा समस्त गाउँ बनाउन महिलाले गरेको नेतृत्व सफल देखिन्छ । सामाजिक परिवर्तनमा प्रमुख भूमिका महिलाको रहेको पाइन्छ ।

'भीम शमशेरको पालामा' शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले तत्कालीन समयमा भएका आर्थिक विषयलाई निबन्धमा प्रस्तुत गरेकी छन् । तत्कालीन समयमा जनसङ्ख्याको चाप कम भएकाले देशमा अर्थतन्त्रको व्यवस्थामा

राम्रो मान्न सकिन्छ । देशमा उत्पादन भएका वस्तुले नेपालीहरूको जीवन धानेको प्रसङ्गलाई चर्चा गरिएको छ । साग सब्जी अन्य खाद्य पदार्थदेखि लिएर भाँडा वर्तन र गहनाको समेत चर्चा गरिएको छ । त्यस समयमा सामानहरू किन्ने क्षमता नभएको सन्दर्भलाई प्रस्तुत गरिएको छ भने तत्कालीन परिवेश वर्तमानको ठीक विपरी रहेको भन्ने बुझिन्छ । वर्तमान अवस्थामा बजार भाउमा जति चलेको मूल्य छ त्यति तिरेर पनि नपाइने अवस्था आइसकेको देखिन्छ । यो जनसङ्ख्याको बढ्दो चाप र कृषि क्षेत्रमा कम उत्पादनका कारणले यो अवस्था आएको हो भन्न सकिन्छ । 'डिल्ली बजारको हजाम बस्ने पीपलको रूख' शीर्षकको निबन्ध रचनामा भद्रकुमारी घलेले आफ्नो पुर्खाको सम्झना गरेकी छन् । उक्त वर र पीपल निबन्धकार घलेका जीजुबाजे नयनसिंह घलेले रोपेको भनेर चर्चा गरिएको छ । उहिलेका मानिसहरूले आफ्नो कृति राख्नका लागि वर पीपल रोप्ने, चौतारा बनाउने धाराको निर्माण गर्ने मठमन्दिर बनाउने परम्परा अवगतै छ । प्रस्तुत निबन्धका वरपीपल पनि घलेका जीजुबाजेले आफ्नो कृति राख्नका लागि रोपेका हुन भन्न सकिन्छ । त्यस वरपीपलको छहारीमा हजाम बस्ने गरेको प्रसङ्ग निबन्धको शीर्षकमा नै प्रस्तुत भएको पाइन्छ । ती वरपीपललाई ढालेर उक्त स्थानमा घर निर्माण भएको छ । ती वृद्ध वृक्षले आफूलाई रोप्ने मरिसकेको र तिनका सन्तानले मेरा बाजेले उहिले रोपेको वरपीपल हो भनी कसैले खोजी गरेरन् । उहिलेका मानिसलाई कसरी चिन्ने ? मान्छेले नै चिन्न छाडेपछि रूख आखिर रूख नै हो । त्यसले केहि बताउन सक्दैन भनी आफ्नो पुर्खाको निशानीमा सहानुभूति प्रकट गरिएको छ ।

'गुञ्जन र उसको क्षमता' नेपाली साहित्यिक नारी हस्तिहरूको साझा संस्था हो । उक्त संस्थाले महिलाहरूलाई साहित्य तर्फ उन्मुख गराएको देखिन्छ । समाजमा महिला विकासका लागि महत्त्वपूर्ण भूमिका रहेको छ । उक्त संस्थाले परम्परागत, धर्म, संस्कृति र मान्यतालाई त्यागेर सम्पूर्ण महिला अगाडि बढ्नु पर्छ भन्ने संस्थाको उद्देश्य रहेको देखिन्छ । गुञ्जन संस्थाको भविष्य राम्रो रहेको छ भन्ने धारणा निबन्धमा प्रस्तुत भएको पाइन्छ । 'हिजो त राणा र शाहलाई सराप्यौ अब कसलाई सराप्ने ?' नामक निबन्ध रचना नेपालको ऐतिहासिक राजनीतिक परिवेशसँग सम्बन्धित रहेको देखिन्छ । तत्कालीन राणा कालमा सर्वसाधारण जनताहरूले भोग्नु

परेको कष्टपूर्ण जीवनलाई निबन्धका माध्यमबाट प्रस्तुत गरिएको छ । देशको सामाजिक अवस्था भताभुङ्ग भएको प्रसङ्ग र विसङ्गतिप्रति चिन्ता व्यक्त गरिएको छ । यस्तो स्थितिलाई उन्मुलन गर्न निबन्धकारले सम्पूर्ण नेपालीलाई आग्रह गरेकी छन् ।

'रुम्जाटारको गुरुङ र भेडापालन पेशा' निबन्धमा रुम्जाटारको भौगोलिक परिवेशको चित्रण गरिएको छ । उक्त स्थानमा गुरुङहरूको बसोबास भएको जानकारी पाइन्छ । गुरुङहरूले भेडापालन पेशालाई प्रमुख रूपमा लिएको देखिन्छ । भेडापालन व्यवसायले नेपालको कृषि क्षेत्रमा सहयोग गर्ने र स्थानीय गुरुङ समुदायको जीवन यापन पनि सोहि पेशाबाट भएको चर्चा गरिएको छ । 'समाज सेवा र हामी मान्छे', 'भगवानप्रतिको आस्था', 'श्री फाल्गुनन्द गुरु' शीर्षकका निबन्धहरूमा समाजसेवी मानिसले त्याग गर्न सक्नु पर्छ । समाज सेवा गर्नका निम्ति व्यक्तिले आफ्नो स्वार्थिपनलाई त्यागेर सामाजिक भावनाको बाटोमा हिड्नु पर्छ भन्ने प्रसङ्ग निबन्धमा रहेको छ । नेपालीमा धार्मिक परम्परा भएकाले भगवानप्रति आस्था राख्ने प्रचलन रहेको छ । व्यक्तिले भगवानको पूजा आरधना गरेमा सोचेको कुरा पुग्ने परम्परा रहेको पाइन्छ । अशान्त भएको मन भगवानको सरण परे पछि शान्त हुने विश्वास प्रायः नेपाली समुदायमा रहेको पाइन्छ । फाल्गुनन्दले गरेको योगदानको सम्मान निबन्धको विषयवस्तुमा आएको छ । निबन्धकार भद्रकुमारी घलेको समाजसेवी भावना पनि निबन्धमा प्रकट भएको पाइन्छ ।

'सैनिक श्रीमती संघ र उसले गर्ने कार्य' प्रस्तुत संस्थाले आफ्नो स्थापना कालदेखि नै विविध रचनात्मक कार्य गर्दै आएको छ । प्रस्तुत संस्थाद्वारा सैनिकका श्रीमतीहरूले विभिन्न कार्यमा संलग्न भएर अगाडि बढ्दै गएका देखिन्छन् । उक्त संस्थालाई भविष्यका लागि सकारात्मक कार्यमा अगाडि बढ्दै जान निबन्धका माध्यमबाट अनुरोध गरिएको छ । प्रस्तुत निबन्धमा मानिसको आत्मज्ञानलाई महत्त्वपूर्ण ठानिएको छ । आत्मज्ञान हासिल गर्न विविध धार्मिक स्थल र सत्सङ्गमा समय बिताउनु अनुचित हुन्छ भनिएको छ । धार्मिक परम्परा र संस्कारमा जति आस्था राखे पनि मानिसले क्रियाशील परोपकार र समाज सेवालाई महत्त्व दिनु पर्छ । त्यसले मानव सेवा, समाज सेवा र राष्ट्र सेवामा प्रत्यक्ष प्रभाव पर्छ भनी निबन्धकार घले सामाजिक सेवा र राष्ट्र सेवालाई मान्यता दिइएकी छन् ।

'सिन्धुलीमा पहिलो मोटर पु¥याएको' शीर्षकको निबन्धमा नेपालको भौगोलिक परिवेशलाई चित्रण गरिएको छ । नेपालमा फरक फरक भौगोलिक बनावट भएकाले सबै क्षेत्रमा विकास हुन सकेको छैन भन्ने सन्दर्भलाई यस शीर्षकमा चर्चा गरिएको छ । त्यस्तै भौगोलिक विविधता भित्रको सिन्धुली जिल्ला पनि एक हो । ग्रामीण विकासका लागि निबन्धकार घले स्वयंले सिन्धुलीमा कुटान पिसानको मिल बनाएको र मिलमा सामान ल्याउनका निम्ति नै घलेले सिन्धुलीमा मोटर पु¥याएको चर्चा गरिएको छ । सिन्धुलीमा सबैभन्दा पहिला मोटर पु¥याउने घले नै हुन् । यसरी घलेले आजसम्म पनि समाज सेवा र परोपकारी कार्यलाई निरन्तरतालाई दिइरहेको देखिन्छ ।

'सुनकोशीको सुन र तामाकोशीको तामा बगिरहेको छ' प्रस्तुत निबन्धमा आधुनिक युगलाई निबन्धको मुख्य विषयवस्तु बनाइएको छ । आजको मानव समाजले आधुनिकतालाई पछ्याई रहेको अवस्थाको चित्रण गरिएको छ । युग अनुरूप चल्न सक्नु सहि हो तर युगको पछि लागेर आफ्नो देशको प्राकृतिक सम्पदाहरूको वेवास्ता गर्नु आधुनिक युग सुहाउँदो भएन भन्ने सन्दर्भ निबन्धमा उल्लेख गरिएको छ । आजका सम्पन्न मानिसहरू अगाडि बढी रहेका छन् भने देशका सर्वसाधारण र गरिब जनताहरू महङ्गीको मारमा परेर बाँचेको अवस्थाप्रति निबन्धकार चिन्तित बनेकी छन् । देशको सम्पूर्ण क्षेत्र सामाजिक, आर्थिक, शैक्षिक र राजनीति व्यवस्थालाई सुधार गरी सबैमा विकास हुन आवश्यक ठानिएको छ । यसरी देशको सबै क्षेत्रमा विकास भए नेपालका गरिब र पीछडिएका जातिहरूले जङ्गलको जीवनबाट मुक्ति पाउने छन् भनिएको छ ।

नेपालको वर्तमान स्थितिमा प्रत्येक नेपालीलाई बाँच्नका निम्ति गाह्रो भएको विषयलाई प्रस्तुत गरिएको छ । अन्तर्राष्ट्रियबाट गरिबका निम्ति गरिएको सहयोग गरिबको होइन धनी र अग्रपङ्क्तिका हातमा रहेको विषय घलेले निबन्धका माध्यमबाट व्यङ्ग्य गरेकी र आजको आधुनिक समाजले कम्प्युटरको जमानालाई स्वीकार गर्दै देशको प्राकृतिक साधन र स्रोतलाई बचाउन नेपालीलाई निबन्धका माध्यमबाट आग्रह गरिएको देखिन्छ ।

'टुँडिखेल बनाउने हजुरिया कर्नेल नयनसिंह घले' निबन्धमा भद्रकुमारी घलेले तत्कालीन नेपालको अवस्था र टुँडिखेल बनाउँदा घलेका जिजुबाजे नयनसिंह घलेले

नेतृत्व गरेको प्रसङ्ग उल्लेख गरिएको छ । त्यसमा समयमा वर्तमानको अवस्थाको जस्तै विविध सुविधा र मेसिन नभएकाले त्यहाँ रूखहरू काट्दा हातैले धेरै समय लगाएर काटेको विषयलाई चर्चा गरिएको छ । प्रस्तुत निबन्धमा परम्पराप्रतिको विश्वास रहेको देखिन्छ । टुँडिखेल बनाउने क्रममा सर्प निस्केको र सर्पलाई मारेपछि मात्र नाग हो भन्ने जानकारी लामाबाट प्राप्त गरी लामाले नै नाग मारिएछ भनी भगवानसँग क्षमा मागेको सन्दर्भलाई निबन्धमा चर्चा गरिएको छ । 'उहिलेका कुराहरू' शीर्षकको निबन्धमा निबन्धकार घलेले आफ्नो बाल्यकाललाई सम्झेकी छन् । उनी बाल्यकालमा सारै रोगी भएको अवस्थालाई प्रस्तुत गरिएको छ । आफू त्यस्तै रोगी भए पनि अहिले आएर स्वस्थ रहेको र आफू समाज सेवा साहित्यमा अगाडि बढाएको विषयलाई निबन्धमा चर्चा गरिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा निबन्धकार घलेले देखेका तत्कालीन समय र परिवेशलाई निबन्धमा चित्रण गरेकी छन् । त्यस समयका व्यापार व्यवसायको अवस्था र नेपाली ग्रामीण जनजीवनलाई देखाइएको छ । 'उहिलेको भोटे घोडा व्यापारी श्रीविरे गुरुङलाई श्री ३ चन्द्रशमशेरको न्याय' प्रस्तुत निबन्ध रचनामा तत्कालीन नेपालको अवस्थालाई चित्रण गरिएको छ । श्रीविरे गुरुङ सात गाउँका मुखिया थिए । मुखियाको मातहतमा नै ग्रामीण विकास संचालन हुने विषयलाई निबन्धमा लिइएको छ । श्रीविरे गुरुङ तत्कालीन समयका घोडा व्यापारी थिए । त्यस समयमा विकासको अवस्था सुरुको अवस्थामा थियो । यातायातको असुविधा भएकाले त्यस समयका राजा महाराजाहरूले घोडाको उपयोग सवारी साधनका रूपमा गर्दथे । राजा महाराजालाई घोडा चाहिएमा श्रीविरे गुरुङबाट नै लिने गर्दथे भन्ने सन्दर्भलाई निबन्धमा उल्लेख गरिएको छ ।

'जनजातिको गौरव : भद्रकुमारी घले' नामक शीर्षकको निबन्ध रचना प्रस्तुत निबन्ध सङ्ग्रहको अन्तिम निबन्ध हो । भद्रकुमारी घलेलाई आदिवासी जनजातिको गौरवको रूपमा चर्चा गरिएको छ । उनले हालसम्म गरेका विविध क्रियाकलापहरू महत्त्वपूर्ण रहेको विषयलाई निबन्धमा प्रस्तुत गरिएको छ । समाज सेवा, साहित्यकार, चित्रकार, राजनीतिज्ञ जस्ता विविध विषयमा मानसम्मान ग्रहण गर्न सफल निबन्धकार भद्रकुमारी घलेलाई जनजातिको गौरव मानिएको छ । उनले गरेका सङ्घर्षहरूले आम नेपालीलाई अगाडि बढ्ने बाटो देखाएको छ ।

### ४.९.२ भाषाशैली

भद्रकुमारी घलेका **जीवन र समाजसेवा** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग भएको देखिन्छ । उनको प्रस्तुत निबन्धमा सामान्य जनसाधारणले बुझ्ने किसिमको भाषाको प्रयोग गरिएको छ । घलेको भाषिक सम्प्रेषणलाई सरल मान्न सकिन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग रहेको पाइन्छ । ती हुन् आत्मकपरक शैली, वर्णनात्मक शैली, निर्देशनात्मक शैली र संस्मरणात्मकको प्रयोग भएको छ ।

आत्मपरक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "राज्य संचालन गर्न समाज सेवाको क्षेत्र साह्रै गहन र महत्त्वपूर्ण रहन्छ" (पृ. २१) ।

वर्णनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "गुञ्जन जस्तो इतिहास कमाइ सकेको संस्थाले ऐतिहासिक कार्य गर्नै पर्छ भन्ने धारणा छ" (पृ. ३१) ।

निर्देशनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "यस्ता आमा वर्गलाई, आइमाई, नारी भनी मानव समाजले संबोधन गरेको स्वास्नी मान्छे व्यक्ति होइन वर्ग हो" (पृ. १९) ।

संस्मरणात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "उहिलेका मान्छेहरू जहाँ जाँदा पनि आफ्नो कृति राख्न चाहन्थे" (पृ. २५) आदि शैलीको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा पाइन्छ ।

घलेले प्रस्तुत निबन्ध सङ्ग्रहमा तत्सम शब्दको प्रयोग गरेकी छन् । जस्तै : शान्ति (पृ. १३), वर्ष (पृ. २०), विश्वास, शुद्ध (पृ. ४०), शुभ (पृ. ५१), शिशु, जेष्ठ (पृ. ५७), शिव (पृ. ६४), वर्ष (पृ. ९), दर्शन (पृ. ८७), शिक्षा (पृ. ९०) आदि शब्दको प्रयोग गरेको पाइन्छ ।

घलेले प्रस्तुत निबन्ध कृतिमा आगन्तुक शब्दको प्रयोग गरेकी छन् । जस्तै : कम्प्युटर (पृ. ११), होटेल (पृ. २०), रजिष्ट्रेसन (पृ. ३२), नर्सरी, हाइस्कुल, कलेज ( पृ. ५७), फङ्गसन (पृ. ५८), आर्टग्यालरी (पृ. ५९), मिटिङ (पृ. ८२) आदि आगन्तुक शब्दको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा रहेका छन् ।

## ४.१० 'राष्ट्र र राष्ट्रियता' निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्धकार भद्रकुमारी घलेको **राष्ट्र र राष्ट्रियता** (२०६६) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा जम्मा १९ वटा निबन्ध रचनाहरू रहेका छन् । विविध शीर्षकमा रहेका ती निबन्धहरू यस प्रकार छन् : 'आजको सेरोफेरोमा', 'एकता र शान्ति', 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज', 'वर्तमान नेपालको अवस्था', 'बुद्ध संवत किन नमनाउने ?', 'हिजो र आज', 'ज्ञानेश्वरको पीपलको रूख किन ढल्यो ?', 'लेफ्टिनेन्ट कर्णेल लक्ष्मण गुरुङ', 'महाकवि देवकोटा र शत्वार्षिकी समारोह', 'महाकवि लक्ष्मीप्रसाद देवकोटा र शत्वार्षिकी', 'नेपालको पहिलो राष्ट्रपति र राष्ट्रवाद', 'पार्टी व्यवस्थाको दुस्परिणाम', 'प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र के हो ?', 'प्रजातन्त्रको पहिलो दशैमा', 'सैनिक प्रधान सेनापतिमा', 'सौभाग्य र एमाले', 'शान्ति' र 'श्री झागल गुरुङ' ।

### ४.१०.१ विषयवस्तु

भद्रकुमारी घलेको **राष्ट्र र राष्ट्रियता** निबन्ध सङ्ग्रहको पहिलो निबन्ध 'आजको सेरोफेरो' हो । प्रस्तुत निबन्ध रचनामा वर्तमान समयमा देशमा घटेका विविध घटनाहरूलाई चित्रण गरिएको छ । यस्ता घटनाहरूले देशमा अशान्ति, अन्याय, अत्याचार, बलत्कार र राजनीतिक खिचातानी जस्ता समस्या बढ्दै गएको देखिन्छ । समग्र राष्ट्रको स्थितिलाई हेर्दा यस्ता समस्याहरू अमानवीयता, गरिबी, अशिक्षा जस्ता कारणहरूले भएको देखिन्छ । राष्ट्रमा यस्ता समस्याहरूलाई हटाउनका निम्ति सबै नेपालीमा शैक्षिक अवसर, रोजगार जस्ता विषयमा विकास हुन आवश्यक देखिन्छ । निबन्धकारले नेपाल सरकार विविध सामाजिक सङ्घ संस्थासँग यसको निर्मूल गर्न अनुरोध गरेकी छन् । बलत्कार जस्ता अमानवीय घटनालाई कलिको नाम दिएर घलेले व्यङ्ग्य गरेकी छन् । 'एकता र शान्ति', 'शान्ति' शीर्षकका निबन्धहरूमा निबन्धकार घलेले देशमा भएको डरलाग्दा घटनाहरूले नेपालीलाई त्रसित पारेको अवस्थालाई उल्लेख गरेकी छन् । राजनीतिक व्यवस्था कमजोर भएपछि उत्पन्न भएका समस्याहरूले जनतालाई पीडित बनाएको छ । देशका विद्वान् बुद्धिजीवी वर्गहरूको व्यवहार एकातिर र भनाई अर्का पक्ष भएकाले पनि यस्ता स्थितिहरू भोग्नु पर्ने भएको छ । ती विद्वान् वर्गलाई नेपालीहरूको अवस्था माथि सोच्न सक्नु पर्छ भनिएको छ । नेपालीहरूले यस्ता समस्यादेखि मुक्त हुनका लागि शान्ति खोजी रहेका छन् । वर्तमान जर्जरको अवस्थालाई शान्तिमा परिवर्तन

गर्न चाहेका छन् । वर्तमान नेपालीहरूले परिवर्तनको आशा राखेको सन्दर्भलाई निबन्धमा प्रस्तुत गरिएको छ ।

'अन्तर्राष्ट्रि नेपाली साहित्य समाज', 'महाकवि देवकोटा शत्वार्षिकी समारोह', 'महाकवि लक्ष्मीप्रसाद देवकोटा शत्वार्षिकी' नामक शीर्षकका निबन्ध रचनाहरूमा नेपाली साहित्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको अवस्थालाई प्रस्तुत गरिएको छ । प्रवासमा रहेका नेपालीहरूले नेपाली साहित्यप्रति गरेको योगदानलाई देखाइएको छ । नेपालमा मात्र नभएर विदेशमा रहने नेपालीहरूले नेपाली साहित्यलाई माया गरेर विदेशमै विविध साहित्यिक कार्यक्रमहरू संचालन गर्ने साहित्यिक कार्यक्रम गरी विविध विधाका प्रतिभाहरूको प्रतिभालाई प्रस्तुत गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । त्यसैले नेपाली साहित्यको नेपालमा मात्र नभएर विदेशमा पनि महत्त्व रहेको छ भन्न सकिन्छ । नेपालका विभिन्न साहित्यकारहरू मध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटा एक प्रतिभाशाली साहित्यकार हुन् । महाकविको शत्वार्षिकी समारोहका अवसरमा आयोजित कार्यक्रमको वर्णन गरिएको छ । उक्त कार्यक्रममा संलग्न विविध साहित्यकार र तिनले गरेको योगदानलाई निबन्धको विषयवस्तुमा उल्लेख गरिएको छ । निबन्धकार स्वयंले बनारसमा रहँदा महाकविसँग भेटेको सन्दर्भ पनि निबन्धमा चर्चा गरिएको छ । देशका यस्ता महान व्यक्तिहरूलाई सम्मान गर्नु पर्छ भन्ने धारणा निबन्धकार घलेमा रहेको छ ।

'पहिलो राष्ट्रपति र राष्ट्रवाद' निबन्धमा नेपाल र नेपालीले नयाँ मुहार फेरेको प्रसङ्गलाई निबन्धको विषयवस्तुमा चर्चा गरिएको छ । नेपालको पहिलो राष्ट्रपति डा. रामवरण यादवको राष्ट्रपति भएको राष्ट्रवादी भावनालाई कदर गरिएको छ । देश जनताका लागि विकास गर्न चाहने र विकासको बाटोमा लाग्ने व्यक्तित्वहरूको सम्मान गर्नु हाम्रो कर्तव्य रहेको छ । 'पार्टी व्यवस्थाको दुष्परिणाम' निबन्धमा देशको सामाजिक र राजनीतिक घटनाक्रमको मूल्याङ्कन गरिएको छ । राजनीतिक अवस्थालाई सुधार गर्दै गर्नु पर्दछ । देश विकासका लागि स्थानीय स्तरमा पुगेर सामाजिक जागरणका कार्यहरू गर्नु पर्छ भन्ने धारणा निबन्धकारको रहेको पाइन्छ । 'प्रजातन्त्रको पहिलो दशैं' शीर्षकको निबन्धमा तत्कालीन नेपालीहरूको अवस्थालाई चित्रण गरिएको छ । दशैं नेपालीहरूको महान चाड हो र सबैले खुशीयालीका साथ मनाउन पाउनु पर्छ । तर प्रजातन्त्रको पहिलो दशैंमा नेपालीहरूलाई आर्थिक समस्या

परेको विषय उल्लेख छ । बैङ्कहरूमा पैसा नभएर सबैलाई अभाव भएको अवस्थालाई निबन्धका माध्यमबाट चित्रण गरिएको छ । दशैँलाई खुशी होइन दशाका रूपमा लिइएको छ ।

'लेफ्टिनेन्ट कर्णेल लक्ष्मण गुरुङ' 'श्री झागल गुरुङ', 'सैनिक प्रधान सेनापतिमा' नामक निबन्ध रचनाहरूमा लक्ष्मण गुरुङ र झागल गुरुङको समग्र व्यक्तिको चर्चा गरिएको छ । तत्कालीन समयको राजदरबारको प्रसङ्गलाई पनि चित्रण गरिएको छ । लक्ष्मण गुरुङले राणा शासनकालमा जङ्गबहादुर राणालाई सहयोग गरेको विषयलाई प्रस्तुत गरिएको छ । जनजाति गुरुङहरूले पहिलेदेखि नै राष्ट्र र जनताका लागि खेलेको महत्त्वपूर्ण भूमिकालाई निबन्धमा प्रस्तुत गरिएको छ । 'सौभाग्य र एमाले' निबन्धमा देश विकासका लागि पाएका अवसरलाई सौभाग्य मान्नु र आफूले देशप्रति गर्नु पर्ने कर्तव्यलाई सहज रूपमा नै पूरा गर्न सक्नु पर्छ भन्ने सन्देश निबन्धमा रहेको छ । देशमा फैलिएका विकृति र विसङ्गतिलाई हटाउनु पर्छ भन्ने विचार निबन्धकारको रहेको छ । देशमा शान्ति स्थापना गर्नमा प्राथमिकता दिइएको छ ।

### ४.१०.२ **भाषाशैली**

निबन्धकार भद्रकुमारी घलेको **राष्ट्र र राष्ट्रियता** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । भाषिक सम्प्रेषण अत्यन्त सरल रहेको देखिन्छ । निबन्धमा छोटा छोटा अभिव्यक्ति हुनु घलेको भाषिक वैशिष्ट्य मान्न सकिन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग रहेको पाइन्छ । ती हुन् निजात्मक शैली, प्रश्नात्मक शैली र व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको देखिन्छ ।

निजात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "मेरो देश मेरो समाज हेर्ने मौका मैले पाएकी छु" (पृ. ६६) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "त्यस कारण आजको जेनेरेसनले उहाँ को हो ?" (पृ. ५०) ।

व्यङ्ग्यात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "हाम्रो माओवादी भाइहरू दुईपटक शान्ति वार्तामा आए तर हाम्रा डाडू पन्यु लिनेहरू शान्ति नै चाहादैनन्"

(पृ. ८६) आदि शैलीको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा गरिएका छन् ।

घलेले प्रस्तुत निबन्ध कृतिमा तत्सम शब्दको प्रयोग गरेकी छन् । जस्तै : विश्व, दु:ख (पृ. १०), शालीग्राम (पृ. ११), राष्ट्रिय (पृ. १३), निबन्ध (पृ. १३), विश्व (पृ. १५), वर्ष (पृ. १६), दृष्टि (पृ. २५), विश्व (पृ. ३१), मन्दिर (३५) आदि शब्दको प्रयोग गरिएको छ ।

## ४.११ 'मेरो जीवन यात्रा' निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्धकार भद्रकुमारी घलेको **मेरो जीवन यात्रा** (२०६६) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शीर्षकका १४ वटा निबन्ध रचनाहरू सङ्गृहीत रहेका छन् । ती हुन् : 'म के हुँ र मैले के गरिरहेकी छु ?', 'म को हुँ', 'म र मेरा इतिश्री', 'हामीले अरूलाई कसरी चिन्ने', 'हामी र हाम्रो संसकार', 'अब कलि युग गएर हाते युग लागे छ', 'पावापुरीदेखि कन्याकुमारीसम्म', 'श्री महाकवि देवकोटा शत्वार्षिकी वर्ष', 'आजको शिक्षा र उपलब्धी', 'नेपालमा जेष्ठ समाज', 'तमुवान, खम्बुवान र त्यसका बाजे काजी', 'बुढेसकालमाथि खेलवाड', 'अन्तर्राष्ट्रिय साहित्यिक भेला' र 'महासचिव नरेन्द्र प्रसाइँज्यू' निबन्ध रचनाहरू हुन् ।

### ४.११.१ विषयवस्तु

भद्रकुमारी घलेको प्रस्तुत **मेरो जीवन यात्रा** निबन्ध सङ्ग्रहको 'म को हुँ र मैले के गरिरहेकी छु' पहिलो निबन्ध रचना हो । यो निबन्ध आत्मचिन्तनमा आधारित छ । निबन्धकार भद्रकुमारी घले ७८ वर्ष पुगे पनि उनका क्रियाकलापमा उमेरले बाधा नपुऱ्याएको सन्दर्भ निबन्धको विषयवस्तुमा प्रस्तुत भएको छ । आजसम्म विविध सङ्घ संस्थासँग आबद्ध भएर कार्य गरिरहेको अवस्थालाई निबन्धमा उल्लेख गरिएको छ । मानिसको उमेरले कुनै पनि क्रियाकलापमा बाधा नपुऱ्याउने विषय निबन्धमा प्रस्तुत भएको पाइन्छ । 'म को हुँ र मेरा इतिश्री' नामक निबन्ध रचनामा निबन्धकार भद्रकुमारी घलेको जीवनमा आएका उतारचढावलाई र उनका पारिवारिक अवस्थालाई प्रस्तुत गरिएको छ । घलेको सामाजिक, राजनीतिक, समाज सेवी र साहित्यिक जीवनको वर्णन रोचक ढङ्गले प्रस्तुत गरिएको छ । घलेका यी विविध व्यक्तित्वले नेपाली समाज र राष्ट्रमा महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ । निबन्धकार घलेले विभिन्न क्षेत्रमा सफलता पाएको देखिन्छ । उनका यी हासिक

कार्यहरूले समाजमा यस्ता काम गर्न चाहने व्यक्तिहरूलाई मार्ग निर्देश गरेको देखिन्छ । 'अरूलाई कसरी चिन्ने' निबन्धकार भद्रकुमारी घलेको प्रस्तुत शीर्षकको निबन्ध रचनामा घलेले आर्थिक कारोबार गर्दा दुःख पाएका क्षणहरूलाई निबन्धको विषयवस्तुमा चर्चा गरिएको छ । उनलाई विभिन्न व्यक्तिहरूले सताएको प्रसङ्गलाई उल्लेख गरिएको छ । आफूले राम्रो सोचेर सहयोग गर्दा पनि विश्वासघात गर्नेहरूदेखि निबन्धकार दिक्क भएको विषयलाई देखाइएको छ । आजका मानिसहरूलाई चिन्न गाह्रो भएको र व्यवहार गरेपछि मात्र मान्छे चिनिने कुरा नै निबन्धको प्रमुख विषयवस्तु हो । आधुनिक समाजमा भएको अमानवीयतालाई घलेले प्रस्तुत गरेकी छन् । मानिसले आफ्नो स्वार्थी भावनालाई त्याग्नु पर्छ भन्ने धारणा निबन्धकारको रहेको छ । आजको समाजमा स्वच्छ मन भएको मानिस चिन्न कठिन भएको र मानिसले पशुवत व्यवहार गरेकोमा निबन्धकारले चिन्ता व्यक्त गरेकी छन् । 'हामी र हाम्रो संस्कार' निबन्धमा निबन्धकार भद्रकुमारी घलेले अन्तर्राष्ट्रिय राजनीतिक विषयलाई निबन्धमा चर्चा गरेकी छन् । विश्वका शक्तिशाली राष्ट्रहरूले कमजोर राष्ट्र माथि हस्तक्षेप गरेर क्षतविक्षत तुल्याएको अवस्थालाई निबन्धमा उल्लेख गरिएको छ । इराक र अफगान माथि अमेरिकाले सैन्य आक्रमण गरेर प्रजातन्त्रको उपहास गरेको भन्दै दुःख प्रकट गरिएको छ । निबन्धकारले विश्व शान्तिको चाहना निबन्धका माध्यमबाट व्यक्त गरेकी छन् ।

'पावापुरीदेखि कन्याकुमारीसम्म' नामक निबन्धमा निबन्धकारले आफ्नो विद्यार्थी जीवनमा सहपाठीहरूका साथ भ्रमण गरेका महत्त्वपूर्ण स्थानहरूको वर्णन गरेकी छन् । भारतको काशी, पावापूरी, बौद्धगया, अजन्ता एलोराका आर्षणहरूलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । निबन्धकार भद्रकुमारी घलेले आफ्नो विद्यार्थी अवस्थाको क्षणलाई निबन्धधका माध्यमबाट सम्झेकी छन् । 'आजको शिक्षा र उपलब्धि' शीर्षकको निबन्ध रचनामा निबन्धकार भद्रकुमारी घलेले नेपालको शैक्षिक अवस्थालाई चित्रण गरेकी छन् । नेपालको शिक्षा नीतिलाई परिमार्जन गरी महत्त्वपूर्ण खालका विषयहरूलाई प्राथमिकता दिनु पर्छ भनेकी छन् । शैक्षिक सुधार गर्नु पर्ने अवस्थालाई निबन्धमा विशेष जोड दिइएको छ । युग र समय अनुसारको शिक्षा आजको आवश्यकता हो भनेकी छन् । व्यवहारिक र सीपमूलक शिक्षालाई जोडदिनु पर्ने विषयको चर्चा गरिएको छ । 'नेपालमा जेष्ठ समाज' शीर्षकको निबन्ध रचनामा

देशका वृद्धवृद्धाप्रति सहानुभूति प्रकट गरिएको छ । निबन्धकार भद्रकुमारी घले राज्यमन्त्री हुँदा गुठी र गुठी संस्थाद्वारा सेवा सदनले वृद्ध संचालन गर्ने विषयलाई उल्लेख गरिएको छ। देशका सम्पूर्ण जेष्ठ नागरिकहरूको सेवा गर्नु हाम्रो कर्तव्य हो । नेपालमा यस्ता वृद्धवृद्धाहरूलाई सहयोग गर्नका निम्ति वृद्धाश्रमहरू संचालनमा रहेको कुरा अवगत छ। परिवारमा भएका छोरा छोरी र नाती नातिनीहरूले आफ्नो आमा बाबा र वृद्धावस्थाका हजुरबा आमाहरूको सेवा गर्नु पर्छ भन्ने धारणा निबन्धमा उल्लेख गरिएको छ । 'तमुवान, खम्बुवान त्यसका बाजे र काजी' नामक निबन्ध रचनामा नेपालका पीछडिएका जनजाति, दलितहरूलाई समान अधिकार हुनु पर्छ भनिएको छ। सामन्ति संस्कारलाई त्याग्नु पर्छ भन्ने धारणा घलेले व्यक्त गरेकी छन् । मानिस सबै एक हो । सबैको समान अधिकार हुन्छ । कसैले कसै माथि भेदभाव गर्नु हुन्न भन्ने चाहना घलेमा पाइन्छ। सबै मानिसमा समानता हुनु पर्छ भनी अपेक्षा राखिएको छ। नेपाल हाम्रो देश हो र नेपालमा बसोबास गर्ने हामी सबै नेपाली हौं भन्ने भावना सबैमा आउनु आवश्यक रहेको देखिन्छ । सबै नेपाली एकजुट भएर देशको विकास गर्नु पर्छ भन्ने सोच निबन्धकार घलेमा देखिन्छ।

'बुढेसकाल माथि खेलवाड' शीर्षकको निबन्धमा नेपालका वृद्धवृद्धासँग सम्बन्धित रहेको देखिन्छ । बुढेसकालमा कोहि नभएर एक्लो बनेका वृद्धवृद्धाहरूलाई आश्रय दिएर राखेको प्रसङ्गलाई निबन्धमा प्रस्तुत गरिएको छ । ती एक्लो भएका वृद्धवृद्धाहरूलाई घलेले सहारा दिएर सेवा गरेकी छन्। अशक्त भएपछि सबैलाई कसै नकसैको सहारामा दिन बिताउनु पर्ने हुन्छ तर आफन्तजन नभएका त्यस्ता व्यक्तिहरूलाई घलेले अहिले पनि सहयोग गरी रहेकी छन् । नेपाली वृद्धा महिलाहरूको दयनीय अवस्थालाई निबन्धमा चित्रण गरिएको युवा पुस्ताले अशक्त र सम्पूर्ण वृद्धवृद्धालाई सम्मान गर्न जान्नु पर्छ भन्ने धारणा निबन्धमा व्यक्त भएको छ । वृद्धवृद्धाको सेवा गर्नु नै मानवीय धर्म भनिएको छ। 'अन्तर्राष्ट्रिय साहित्यिक भेला' निबन्धमा साहित्यको विषयलाई प्राथमिकता दिइएको छ । अन्तर्राष्ट्रिय साहित्यिक भेला निबन्धकार घले पनि सहभागी बनेको कुरालाई प्रस्तुत गरिएको छ। सम्मेलन बडो भव्यताका सम्पन्न भएको र विविध साहित्यिक महानुभावहरूको उपस्थितिले सम्मेलनलाई सोभामय बनाएको विषयलाई निबन्धमा उल्लेख गरिएको छ । विशेष गरी श्रीमती उषा शेरचनको व्यक्तित्वलाई प्रसङ्सा गरिएको छ। 'महासचिव नरेन्द्र

प्रसाइज्यू' नामक निबन्धमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको शत्‌वार्षिकी समारोहको विषयलाई प्रस्तुत गरिएको छ । सो कार्यक्रममा नरेन्द्र प्रसाइँले सम्हालेको कार्यभारलाई  प्रसङ्‌सा गरिएको छ । प्रसाइले निस्वार्थ भावनाले कुशलतापूर्वक आफ्नो कर्तव्य पूरा गरेको पाइन्छ । यस्ता महान व्यक्तित्वबाट हामीले कसरी काम गर्ने भन्ने सिक्नु पर्छ । समाजमा कुशल व्यक्ति भएर रहनु नै सबैभन्दा उत्तम हुन्छ भन्ने विश्वास घलेले लिएकी छन् ।

### ४.११.२ भाषाशैली

भद्रकुमारी घलेको **मेरो जीवन यात्रा** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । भाषा अभिव्यक्तिका दृष्टिले सफल मान्न सकिन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा आत्मपरक शैलीको बाहुल्यता रहेको देखिन्छ । यसका साथै अन्य शैली पनि प्रयोग भएका छन् ।

आत्मपरक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “म आमाको साथमा दुई-तीन वर्ष बसेपछि २००३ सालमा काठमाडौँ र नेपाल अभिराज्यमै पहिले स्कुल खुलेको खबर पाउना साथ आमालाई भनी २००३ सालमा भरियालाई सामान खाजा बोकाएर म काठमाडौँ आएँ” (पृ. ३०) ।

संस्मरणात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “त्यसपछि हामी पटनामा आयौं । पटना शहर घुमघाम गरेपछि त्यहाँबाट हामी रेलयात्रामा काशी र बनारसतर्फ लागेका थियौं” (पृ. ५५) आदि विविध शैलीको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा रहेको पाइन्छ ।

घलेले प्रस्तुत निबन्ध सङ्ग्रहमा तत्सम शब्दको प्रयोग गरेकी छन् । जस्तै : विश्वास (पृ. ४३), राष्ट्र (पृ. ४६), सृष्टि (पृ. ४६), भ्रष्ट (पृ. ४८), दुध (पृ. ५१), शिक्षा (पृ. ६६), ईश्वरी (पृ. ७०), जेष्ठ (पृ. ९६) आदि शब्दहरूको प्रयोग गरिएको छ ।

त्यस्तै आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । जस्तै : फर्स्ट वर्ल्ड वार (पृ. ३९), फ्रिसिप, हाई (पृ. ४२), कम्प्युटर (पृ. ४३), क्यासेट (पृ. ४४), कोर्ष (पृ. ५४), इलाहवाद (पृ. ५५), कम्पाउन्डिङ (पृ. ५७) आदि शब्दहरूको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा गरिएका छन् ।

## ४.१२ 'घलेको इतिहास' निबन्ध सङ्ग्रहको विश्लेषण

### ४.१२.१ **विषयवस्तु**

निबन्धकार भद्रकुमारी घलेको **घलेको इतिहास** (२०६८) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा भद्रकुमारी घलेले आदिवासी जनजाति घलेको इतिहासलाई निबन्धको विषयवस्तुमा चर्चा गरेकी छन् । निबन्धको प्रमुख विषयवस्तुका रूपमा घले गुरुङको इतिहासलाई लिइएको छ । अन्य जातिहरूको जस्तै घलेको पनि छुट्टै मौलिक पहिचान हुन्छ भन्ने सन्दर्भलाई निबन्धमा उल्लेख गरिएको छ । घलेहरूको नयाँ वर्ष पौष १५ गते लोछारको दिन पर्दछ । नयाँ वर्षका दिन गुरुङ समुदायले लोछार पर्व मनाउने र आफ्नो रीतिरिवाज र मौलिक सांस्कृतिलाई विशेष महत्त्व दिएको देखिन्छ । आफ्नो संस्कृतिलाई आजसम्म बचाइ राख्नका लागि घले गुरुङहरूको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ । नेपालका विविध जातजाति, बेग्लाबेग्लै धर्म संस्कृति र भेषभूषाले गर्दा विश्वमा नेपालीको फरक पहिचान रहेको देखिन्छ । ती विविध पहिचानहरू मध्ये घले गुरुङको पहिचान पनि एक हो । आदिवासी जनजाति गुरुङले दैवी शक्तिमा विश्वास राखेको देखिन्छ । दैवी शक्तिका कारण नै पाप र धर्मको परिणाम पाइन्छ भन्ने धारणा रहेको देखिन्छ । घलेहरू आफ्नो संस्कृतिलाई कति माया गर्दछन् भन्ने निबन्धकार भद्रकुमारी घलेले सधै लगाउने गरेको जातीय पोशाकबाट पनि प्रष्ट हुन्छ । यसलाई घलेको जातीय पहिचान र संस्कृतिप्रतिको मोह मान्न सकिन्छ ।

ढुङ्गे युगका काष्ठकला, धातुकलाका साथै मठमन्दिरका टुँडालहरू हाम्रा पौराणिक भग्नावशेष हुन भनी निबन्धमा प्रस्तुत गरिएको छ । आदिवासी जनजातिहरू मंगोलियाबाट आएका होइनन्, आदिवासीको इतिहास मंगोलियामा खोज्नु व्यर्थ छ भन्ने धारणा निबन्धकार भद्रकुमारी घलेले व्यक्त गरेकी छन् । भद्रकुमारी घलेले आफ्नो अन्तर्राष्ट्रिय भ्रमणका क्रममा मंगोलियाको पनि अवलोकन गर्ने अवसर पाएकी थिइन् । त्यही भ्रमणबाट मंगोलियाको रीतिरिवाज, रहनसहन, धर्म संस्कृति र संस्कारलाई अध्ययन गर्न सफल भइन् । त्यस पश्चात् उनलाई यो स्पष्ट भयो कि आदिवासी जनजातिहरू मंगोलियाबाट आएका होइनौं, यहीँ नेपालकै स्थानीय बासिन्दा हौं भनी प्रष्ट पारेकी छन् । मंगोलियन र नेपाली आदिवासीमा फरक भएको विषय उनले प्रस्तुत गरेकी छन् ।

धार्मिक मान्यता अनुसार राजगुरुहरू कहिल्यै असफल नहुने मान्यता भए पनि राजगुरु असफल भई चिन्तित भएर बसेको चौतारीलाई सम्झना भञ्ज्याङ भनिएको किम्बदन्ती तमु इतिहासमा पाइन्छ । विविध प्राकृतिक गुफा र पानीका मुहानहरूलाई ऐतिहासिक महत्त्वका रूपमा मानिएका छन् । परापूर्व कालदेखि नै राजा हुने प्रचलन सबै राज्यमा हुन्थ्यो । विविध राज्यका राजाहरू बीच लडाइ हुने परम्परा पनि हुन्थ्यो । शक्तिशाली राज्यका राजाले कमजोर राज्यका राजालाई विभिन्न षड्यन्त्र गरेर पतन गराउने प्रथा रहेको देखिन्छ ।

प्रस्तुत **घलेको इतिहास** निबन्ध सङ्ग्रहमा गुरुङ जातिको उत्पत्ति, बसोबास र धार्मिक कर्मकाण्डलाई प्रमुख रूपमा लिइएको पाइन्छ । आदिवासी गुरुङ जातिहरू नेपालको प्रायः सबै क्षेत्रमा बसोबास गरेको देखिन्छ । गुरुङ भाषामा त भनेको माथि र मु भनेको आकाश हो । यी दुई त र मु मिलेर धर्तिबाट उत्पन्न भएको तमु नामले चिनाए । राजशक्तिबाट सृष्टिको सिर्जना भएको हो भन्ने मान्यता निबन्धमा व्यक्त गरिएको छ । राजाबाट नै मुलुक संचालन गर्ने व्यवस्था रहन्थ्यो । सामरी नामक राजा घलेहरूको प्रतिभाशाली राजाका रूपमा प्रचलित थिए । घले राजाहरूले राज्य गरेका विविध राजाहरू निबन्धमा उल्लेख छन् । घले राजाका राज्यकालका विविध द्वन्द्वका प्रसङ्गहरू निबन्धमा चर्चा गरिएको छ । घले राजाहरूले गरेको साहसपूर्ण कार्य र सङ्घर्षलाई निबन्धमा चित्रण गरिएको छ । मुलुकमा अव्यवस्थित शासन व्यवस्था भए पनि त्यहाँका आदिवासी जनजातिहरूले आफ्नो धर्म संस्कृति र भेषभूषालाई जोगाइ राख्न सक्नु आदिवासी जनजातिहरूको गौरवको विषय बनेको छ । राजा सामरी घले शक्तिशाली राजालाई घलेका विद्रोहीहरूले भालाले रोपेर मारेको वर्णन गरिएको छ । घलेका राजालाई घलेले नै मारेका कारण घलेहरू आजसम्म राजसत्तामा पुग्न नसकेको धारणा निबन्धमा रहेको पाइन्छ ।

सामरी राजालाई मारेपछि गर्भवती महारानी भागेर अन्य स्थानमा गई गर्भको सन्तान जङ्गलमा जन्मिएको सन्दर्भ रहेको छ । विभिन्न समस्या महारानीलाई परेपछि राजकुमारलाई बचाउन कुखुराको ओथारोमा राखिन र बाख्रीको दुध खुवाएर नाबालकलाई बचाएको उल्लेख छ । त्यसै कारणले गर्दा घलेहरूले कुखुरा र बाख्राको मासु नखाएको भन्ने किम्बदन्ती निबन्धमा प्रस्तुत भएको छ ।

पहिला पहिलाका घलेका बस्तीहरूमा आजभोली नभएको चर्चा गरिएको छ । यो विषय निबन्धकार घलेको भ्रमणका सिलसिलाबाट जानकारी पाइन्छ । मानिस सुख सुविधा भोगी भएकाले सहरतीर बसाइ सर्ने प्रचलन बढ्दै जाँदा घले गाउँमात्र नभई सम्पूर्ण गाउँ सुनसान बन्दै जाँदैछ ।

### ४.१२.२ भाषाशैली

भद्रकुमारी घलेको **घलेको इतिहास** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । सरल भाषाको प्रयोग हुनु उनको भाषिक विशेषता मान्न सकिन्छ । घलेले निबन्धमा सरल भाषाको प्रयोग गरी पाठकलाई अध्ययन सहजता प्रदान गरेकी छन् ।

निबन्धकार घलेको प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग भएको देखिन्छ ती हुन् : निजात्मक शैली, संस्मरणात्मक शैली र प्रश्नात्मक शैली ।

निजात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "मैले धेरै अध्ययन गरेपछि त्यहाँको गुफा, गुफाभित्रका चित्रहरूले हामीलाई पहिचान दिएको पाएँ" (पृ. ४२) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "हुन त आजको इतिहास लेख्ने संस्कारको विरोधमा बाटो नै नहिँड्दा विद्वान् वर्गमा अटाइने हो वा होइन ?" (पृ. २०) आदि शैलीलाई निबन्धमा प्रयोग गरिएको छ ।

## ४.१३ 'आजको माहोल' निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्धकार भद्रकुमारी घलेका **आजको माहोल** (२०६८) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा १५ वटा निबन्ध रचनाहरू सङ्गृहीत रहेका छन् । ती हुन् 'मेरो आफ्नो भनाई', 'कस्तो थियो ऐतिहासिक इतिहास', 'राष्ट्र र राष्ट्रता', 'राष्ट्र र नेता', 'शान्ति संविधान र आजका राजनीतिक दलहरू', 'दल भित्रका गुट', 'संविधान र सभासद्', 'उत्तर र दक्षिणका हाम्रा भित्रहरू', 'गठबन्धन भङ्गको षडयन्त्र', 'नेपालमा हत्या हिंसा कसले गर्‍यो ?', 'नेपाली सेनाको महानिर्देशनालय गठन हुने', 'मेरो दृष्टिमा माओवादी', 'शहिद पत्रकारको स्मारक नै शहिद', 'कांग्रेस र देशका समस्या', 'प्रधानमन्त्री के हो' र 'प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतान्त्रिक

शिक्षा' शीर्षकका निबन्ध रचनाहरू सङ्गृहीत रहेका छन् । प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्ध रचनाहरूमा वर्तमान देशको अवस्थालाई चित्रण गरिएको छ ।

### ४.१३.१ **विषयवस्तु**

'मेरो आफ्नो भनाइ' प्रस्तुत निबन्ध सङ्ग्रहको पहिलो निबन्ध रचना हो । निबन्धकार भद्रकुमारी घलेले देशका घटेका विविध घटनाहरूबाट प्रभावित भएर निबन्धको रचना गरेकी छन् । देशको सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको नकारात्मक प्रभावबाट सामाजिक व्यवस्था ढल्दै गएको स्थितिलाई निबन्धमा चित्रण गरिएको छ । यस्ता नकारात्मक क्रियाकलापहरूले सामाजिक विकासमा अवरोध पुऱ्याएर सर्वसाधारण नेपालीले दु:ख पाएको अवस्थालाई निबन्धमा उल्लेख गरिएको छ । देशमा फैलिएको कुरीतिहरूले मानवीय सम्बन्धमा असर पारेर मानिसलाई स्वार्थी बनाएको देखिन्छ । वर्गीय, जातीय समस्याहरूले देशमा असर पारेको देखिन्छ । वर्तमान देशको स्थितिमा देखिएका यस्ता समस्याप्रति निबन्धकार चिन्तित भएकी छन् । सामाजिक समस्यालाई फैलिन दिनु हुन्न भन्ने धारणा घलेले व्यक्त गरेकी छन् । 'कस्तो थियो ऐतिहासिक इतिहास' नामक निबन्धमा तमुहरूले मान्दै आएका धार्मिक परम्परा र इतिहासप्रति निबन्धकार प्रभावित भएकी छन् । नेपाल विविध जातजाति र भाषाभाषि भएको मुलुक हो । ती मध्ये तमुहरू पनि एक हुन् । उनीहरूको आफ्नै प्रकारको जातीय पहिचान छ । धार्मिक, सामाजिक, संस्कार पनि आफ्नै रहेकोले निबन्धकार गौरव मान्दछिन् । आदिवासी जनजातिहरू नेपालको ऐतिहासिक जातिहरू हुन् भनिएको छ । आदिवासी जनजातिहरूको छुट्टै महत्त्व हुने कुरालाई घलेले निबन्धमा प्रस्तुत गरेकी छन् ।

'राष्ट्र र नेता', 'शान्ति संविधान र आजका राजनैतिक दलहरू', 'दल भित्रका जुट' र 'संविधान र सभासद्' नामक शीर्षकका निबन्ध रचनाहरू देशको राजनैतिक विषयसँग सम्बन्धित रहेका देखिन्छ । यी निबन्धहरूमा एकै प्रकारका विषयवस्तुहरू समेटिएका छन् । देशमा घटेका राजनीतिक घटनाहरूलाई निबन्धका विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । नेपाली राजनीतिको वर्तमान अवस्थालाई देखाइएको छ । राजनीतिक दलका नेताहरू देश र समाजको विकास भन्दा आफ्नो व्यक्तिगत विकासमा अगाडि बढ्न रुचाउने विषयलाई चित्रण गरिएको छ । संविधान सभाका सदस्यहरूप्रति निबन्धकारको धारणालाई पनि निबन्धमा समेटिएको छ । राजनीतिक

दलहरूको कार्यप्रति व्यङ्ग्य गरिएको छ । मुलुकमा शान्ति ल्याउने बहानामा नेताहरू आफूले मात्र सुविधा भोग गरेको प्रसङ्गलाई निबन्धमा प्राथमिकता दिइएको पाइन्छ । सङ्क्रमणकालीन अवस्थाका नेपालीहरूलाई शान्तिको खाँचो भएको देखिन्छ । देशका उच्च पदका व्यक्तित्वहरूले जनताको दुःखलाई नबुझेको अवस्थालाई चित्रण गरिएको छ । साथै नेपालीलाई शान्त्वना दिदै निबन्धकार घलेले निबन्धका माध्यमबाट नेपालीका दुःखप्रति सहानुभूति प्रकट गरेकी छन् ।

'उत्तर र दक्षिणका मित्रहरू' शीर्षकको निबन्धमा निबन्धकारले छिमेकी राष्ट्रहरूको वर्णन गरेकी छन् । विशेष गरी नजिकका छिमेकी मित्रहरू चीन र भारतलाई चर्चा गरेकी छन् । नेपाल सानो राष्ट्र हो । शक्तिशाली राष्ट्रहरूका बीचमा रहेको छ । नेपाल सानो राष्ट्र शक्तिशाली राष्ट्रहरूका बीचमा रहेको अवस्थालाई निबन्धमा चर्चा गरिएको छ । ती छिमेकी राष्ट्रहरूको विश्वमा आ-आफ्नै महत्त्व रहेको पाइन्छ । ती भित्र राष्ट्रहरूले नेपाललाई संरक्षण गरेको विषयलाई प्रस्तुत गरिएको छ । 'गठबन्धन भङ्गको षडयन्त्र', 'नेपालमा हत्या हिंसा कसले गऱ्यो ?', 'नेपाली सेनाको महानिर्देशनालय गठन हुने', 'मेरो दृष्टिमा माओवादी' निबन्धहरूमा देशमा भएका यथार्थ घटनाहरूलाई प्रस्तुत गरिएको छ । कमजोर राजनीतिक कारणले गर्दा देशका विविध विषयमा विकास हुन नसकेको विषयलाई प्रस्तुत गरिएको छ । त्यसले नेपालीहरूलाई पारेको नराम्रो असरले गर्दा नेपालीमा कुनै परिवर्तन आउन सकेको छैन । समाजमा बढ्दै गएको हत्या, हिंसा र अपराधको अन्त्य गर्न घलेले अनुरोध गरेकी छन् । देश र जनताको विकास गर्न राजनीतिक, सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु पर्छ भन्ने विचार निबन्धकार घलेको देखिन्छ । मुलुकमा सेनाको महानिर्देशनालय गठन गर्नका लागि माओवादी लडाकु, नेपाली सेना, नेपाल प्रहरीलाई संयुक्त बनाएको छ । यी तिनैओटा संस्था राखी आपसी मेलमिलाप बढाउने इतिहासलाई आत्मसात गरिएको छ । माओवादी निबन्धकारको दृष्टिमा सकारात्मक देखिएको छ । माओवादीप्रतिको विश्वासले देशमा शान्ति, संविधानको निर्माण गर्न सहयोग गर्ने आशामा प्रकट गरिएको छ ।

'शहिद पत्रकारको स्मारक नै शहिद', 'कांग्रेस र देशका समस्या', 'प्रधानमन्त्री के हो ?', 'प्रजातान्त्रिक लोकतान्त्रिक र गणतान्त्रिक शिक्षा' यी सबै निबन्धहरूमा राजनीतिक विषयलाई उठाइएको छ । नेपाली राजनीतिले भित्र्याएको कुसंस्कारले नेपालीलाई

पारेको प्रभाव निबन्धहरूका विषयवस्तु हुन् । राजनीतिक दलका नेताले देश र जनताका लागि विकास नगरेर आफ्नो स्वार्थका निम्ति गरेका क्रियाकलापहरूलाई चर्चा गरिएको छ । देशमा शान्ति स्थापना गर्न पहिला राजनीतिलाई सुधार्नु पर्छ भन्ने मान्यता निबनधकार घलेको देखिन्छ । प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतान्त्रिक सरकारबाट संचालित नेपालका विकासका कार्यहरू सम्पन्न भएका छैनन् । देशमा वेरोजार भएपछि युवा विदेश पलायन हुन बाध्य भएका छन् । युवा शक्ति देशमै उपयोग गरौं भनेर निबन्धका माध्यमबाट सम्पूर्ण नेपाली युवा वर्गमा आग्रह गरिएको छ ।

### ४.१३.२ भाषाशैली

भद्रकुमारी घलेका **आजको महोल** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । सर्वसाधारणले बुझ्न सक्ने विषयवस्तुको सोझो वर्णनले निबन्धमा भाषिक सरलता पाइन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग गरिएको छ । विशेषतः व्यङ्ग्यात्मक शैलीका साथै प्रश्नात्मक शैली, विश्लेषणात्मक शैलीको प्रयोग भएको देखिन्छ ।

विश्लेषणात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "उद्घाटनकै भोलिपल्ट शहिद भएका पत्रकारका लागि निर्मित शहिद स्मारक नै शहिद भएको छ" (पृ. ४५) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "मान्छे कति बाँच्ने त्यो पनि नेपाली ?" (पृ. २७) ।

व्यङ्ग्यात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "युगौंसम्म सुतेर आज जनजातिहरू पछाडि परेको पऱ्यै छ" (पृ. ११) आदि शैलीको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा रहेको पाइन्छ ।

**आजको माहोल** निबन्ध सङ्ग्रहमा तत्सम शब्दको पनि प्रयोग गरिएका छन् । जस्तै : शुद्ध (पृ. ३), शिक्षा, जेष्ठ (पृ. ७), सृष्टि (पृ. ३१), विश्वास (पृ. ७७) ।

## ४.१४ 'मान्छे मान्छे बनौ' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **मान्छे मान्छे बनौं** (२०६८) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा १८ वटा निबन्ध रचनाहरू सङ्गृहीत रहेका छन् । ती हुन् : 'यस सङ्ग्रहमा आफ्नो भनाई', 'मान्छेमा काम गर्ने अठोट हुनुपर्छ', 'आफ्नो सम्पति रहेर र आफूले भोगेका व्यथाहरूको भविष्य कसरी अमर बनाउने ?', 'साझा सवालमा हाम्रो प्राकृतिक स्रोतको प्रश्न ?', 'प्रकृति र मान्छे', 'आत्मा र परात्मा', 'योगा जीवन सम्बन्धमा शुभकामना', 'हाम्रो राष्ट्र स्रोत फलफूल', 'राष्ट्रिय स्रोत सम्पदाको लुम्बिनीको दुरूपयोग', 'सीप विकास र हाम्रो मनोवृत्ति', 'मान्छे उत्पादनमा आमा र बाबुको मूल्य', 'आजको यज्ञ महायज्ञहरू', 'मान्छे चार प्रकारका हुन्छन्', 'सत्मार्ग र सत्व्यवहार', 'जीवन जीउने तरिका', 'मेरा मनको मूल्याङ्कन', 'साहित्य क्रियाकलाप', 'देव दानव र मानवको कथा' र 'हाम्रो स्रोत र भांग्रा' हुन् ।

### ४.१४.१ विषयवस्तु

'यस सङ्ग्रहमा आफ्नो भनाई' प्रस्तुत निबन्ध सङ्ग्रहको पहिलो निबन्ध रचना हो । निबन्धमा मानिसको वृद्धावस्थालाई विषयवस्तु बनाइएको छ । मानिस वृद्ध भएपछि भगवान्तिर समर्पित हुने विषयलाई घलेले निबन्धमा उल्लेख गरेकी छने । अशक्त भएपछि कुनै क्रियाकलापमा संलग्न हुन गाह्रो हुने र आत्मा परमात्मालाई सोच्न बाध्य हुनु पर्ने अवस्थालाई उल्लेख गरिएको छ । शरीरले साथ नदिएपछि मनले सोचेका कार्यहरू गर्न कठिन भएको अवस्था निबन्धमा चित्रण गरिएको छ । यो अवस्था हाल निबन्धकारको जीवनसँग सम्बन्धित रहेको देखिन्छ । घले निबन्धका माध्यमबाट आफ्नो कुनै रचनामा अस्पष्ट भए पाठक सामु क्षमा मागेकी छन् । यो कारण मेरो वृद्धावस्थाले ल्याएको हो भनी उनले आफ्नो शरीरको निष्क्रियतालाई स्वीकार गरेकी छन् । 'मान्छेमा काम गर्ने अठोट हुनुपर्छ' निबन्ध रचना शीर्षकले नै मानिसमा सक्रियता हुनु पर्छ भन्ने सन्देश दिएको छ । मानिसले कुनै कामको प्रारम्भ गर्नु भन्दा अगाडि नै आफ्नो कार्यप्रति पूर्ण विश्वास लिनुपर्छ भन्ने विचार निबन्धमा रहेको छ । आफूले कार्य गर्नका निम्ति त्यस कार्यप्रति पहिले नै गर्न सक्छु भन्ने मानसिकता मानवमा विकास भयो भने त्यस कार्यलाई सहज रूपमा सम्पन्न गर्न सकिन्छ । कार्य सफल हुनका लागि आफूले परिश्रम, धैर्य र आफ्नो विवेकलाई प्रयोग गर्नु पर्छ । तसर्थ मान्छेले काम गर्नका लागि अठोट लिन सक्नु पर्छ भन्ने

धारणा घलेले निबन्धमा व्यक्त गरेकी छन् । हामीले सफलता प्राप्त गर्नका निम्ति लगनशील बन्न सक्नु पर्छ भनिएको छ ।

'आफ्नो सम्पति रहर र आफूलेका व्यथाहरूको भविष्य कसरी अमर बनाउने ?' शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले कृषिप्रधान देश नेपालको वर्णन गरेकी छन् । नेपाल कृषिप्रधान मुलुक भएर पनि आवश्यक मात्रामा कृषि उत्पादन नभएको प्रति निबन्धकार चिन्तित रहेकी छन् । मुलुकमा उत्पादन हुने विभिन्न खेतीबालीहरू, फलफूल लगायत तरकारी खेती गरेमा नेपालमा उत्पादन हुन्छ भन्ने सोच नगरे पछि काम गर्न ध्यान नदिए पछि उत्पादन कसरी हुन्छ भनिएको छ । कृषिका निम्ति शिक्षाको व्यवस्था गरेर मौसम अनुसारको खेती गर्न सकेमा नेपालमा उत्पादन गर्न सकिन्छ । आफ्नै देशमा उत्पादन भएको कृषिजन्य वस्तुले जनतालाई धान्न सक्यो भने अन्य मुलुकबाट ल्याउनु पर्दैन । यसरी देशमा उत्पादन भएका कृषिमूलक वस्तुले जनताको आवश्यकता पूरा गरेमा नेपालीहरूलाई जीउनका लागि सहज हुने धारणा निबन्धकार घलेले व्यक्त गरेकी छन् । देशमै खेती गरी देशको कृषि विकासमा सहयोग गर्न सकिन्छ । यस्ता कार्यले भविष्यका पीढिलाई पनि ज्ञान हुने भन्ने विचार व्यक्त गरेकी छन् । आजको मानव समुदाय आधुनिक बन्ने बहानामा परिश्रम गर्न नचाहने प्रवृत्तिलाई निबन्धकार घलेले व्यङ्ग्य गरेकी छन् । 'साझा सवालमा हाम्रो प्राकृतिक स्रोतको प्रश्न ?' शीर्षकको निबन्धमा नेपालको प्राकृतिक सम्पदालाई निबन्धको विषयवस्तु बनाइएको छ । नेपालमा प्राकृतिक सम्पदा धेरै भए पनि तिनीहरूको उचित संरक्षण र उपयोग हुन नसक्दा नष्ट भएर गएको अवस्थालाई चित्रण गरिएको छ । मानिसले आवश्यकता भन्दा बढी उपयोग गरेर प्रकृति र पृथ्वीप्रति अन्याय गरेको परिणाम आज अप्राकृतिक बन्दै गएको देखिन्छ । प्रकृतिलाई संरक्षण गरेर प्राकृतिक वस्तुहरूलाई सहि रूपमा उपयोग गरेर समस्या नआउने सल्लाह सम्पूर्ण नेपालीहरूलाई निबन्धका माध्यमबाट दिएकी छन् ।

'आत्मा र परमात्मा' निबन्धमा सृष्टिको सबैभन्दा उच्च स्थानमा पुग्न सफल प्राणी मानवको प्रसङ्गलाई वर्णन गरिएको छ । मानव चेतनशील प्राणी भएर पनि गरिबी र अशिक्षा जस्ता कारण मानिस पीछडिएको अवस्थाप्रति निबन्धकार चिन्तित देखिन्छन् । मानिसले व्यक्तिको विकास गर्दै विस्तारै समाज विकासतिर उन्मुख हुन आवश्यक ठानिएको छ । सामाजिक विकास सँगसँगै राष्ट्रको विकास हुन्छ । मानव

जीवन विकसित अवस्थामा पुगे पछि आत्मा र परमात्माप्रति समर्पित भएर मानव मन शान्त हुन्छ भन्ने निबन्धकारको ठम्याइ देखिन्छ । 'योगा र जीवन सम्बन्धमा शुभकामना' शीर्षकको निबन्ध रचनामा हाम्रो स्वस्थ शरीरको महत्त्वलाई प्रष्ट पारिएको छ । मानिसले शरीरलाई स्वस्थ राख्नका निम्ति विभिन्न कुराहरूमा ध्यान दिनु पर्ने विषयलाई चर्चा गरिएको छ । आफ्नो शरीरलाई रोगी हुनबाट बचाउन आवश्यक मात्रामा शारीरिक व्यायाम गर्नु पर्छ त्यसका साथै हामीले खाने कुरामा पनि ध्यान पुऱ्याएर खायौं भने हाम्रो शरीर रोगी बन्दैन भनिएको छ । हामी स्वस्थ भए पछि जस्तो कार्य पनि गर्न सक्छौं भन्ने विश्वास घलेले व्यक्त गरेकी छन् । 'हाम्रो राष्ट्र स्रोत फलफूल' नेपाल कृषिप्रधान मुलुक हो । नेपालमा विभिन्न प्रकारका फलफूलहरू खेती गर्न सकिन्छ भन्ने धारणा निबन्धकारको पाइन्छ । मौसम अनुसारको फलफूल लगाएर नेपालीहरूले आर्थिक आर्जन गर्न सकिन्छ । यसले नेपालको कृषि विकासलाई सहयोग गर्दछ भन्ने निबन्धकारले निबन्धका माध्यमबाट बताएकी छन् । मानव शरीरलाई स्वस्थ राख्नको लागि फलफूलको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । वर्तमान अवस्थामा बजार व्यवस्था पनि सहज बन्दै गएकाले फलफूलको व्यवसाय गरेर पनि जीविकोपार्जन गर्न सकिन्छ भन्ने सन्दर्भलाई निबन्धमा प्रस्तुत गरिएको छ ।

'राष्ट्रिय स्रोत सम्पदा लुम्बिनीको दुरूपयोग' नामक निबन्धमा धार्मिक तथा ऐतिहासिक क्षेत्र लुम्बिनीको संरक्षण भएन भनी निबन्धकार चिन्तित बनेकी छन् । देशका यस्ता अमूल्य सम्पदाहरूलाई समयमा नै संरक्षण गर्न सकेमा हाम्रा पछिल्ला पुस्ताहरूले पनि अवलोकन गर्न पाउने विषयलाई निबन्धमा महत्त्व दिइएको छ । देशको लुम्बिनी मात्र होइन यस्ता महत्त्वपूर्ण अन्य सम्पदाहरूलाई आवश्यक संरक्षण गर्नु सबै नेपालीको कर्तव्य ठानिएको छ । 'सीप विकास र हाम्रो मनोवृत्ति' निबन्धमा निबन्धकार भद्रकुमारी घलेले हामीसँग भएको सीप र शक्तिलाई स्वदेशमै उपयोग गर्नु पर्छ भनेकी छन् । आजको वैदेशिक रोजगारमा विदेश पलायन हुने परम्परालाई परिवर्तन गरी आफ्नो श्रम र सीप देशमा उपयोग गरेमा सामाजिक विकास हुन्छ भनिएको छ । हाम्रो जनशक्ति हाम्रै मुलुकमा खर्च गर्न पाइयो भने देशलाई विकासको बाटोमा लैजान सहज हुन्छ भन्ने सन्देश निबन्धमा व्यक्त गरिएको छ । मेहनत गर्न सके आफ्नै देशमा आर्थिक आर्जन गर्न सकिन्छ । 'मान्छे उत्पादनमा

आमा र बाबुको मूल्य' शीर्षकको निबन्ध रचनामा निबन्धकार भद्रकुमारी घलेले आमाको त्याग, तपस्या र सेवा अतुलनीय हुन्छ भनेकी छन् । मानव समाजमा आमाको स्थानलाई उच्च स्थानमा पाउन सकिन्छ यो स्थान गरिमामय रहेको विषयलाई प्रस्तुत गरिएको छ । आमाको सम्मान अरू कसैले पनि चाहेर पनि पाउन सक्दैन भनी घलेले आमाको महत्त्वलाई निबन्धमा चर्चा गरेकी छन् ।

'आजको यज्ञ र महायज्ञहरू' नामक निबन्धमा विविध सामाजिक तथा धार्मिक सङ्घ संस्थाको बारेमा चर्चा गरिएको छ । विभिन्न सङ्घ संस्था तथा विद्यालय र सार्वजनिक भवनहरूको निर्माण गर्ने उद्देश्यले यज्ञ महायज्ञ लगाउने प्रचलन रहेको छ । ती यज्ञ महायज्ञमा आएको रूपैया पैसाले गाउँ समुदायमा सामुदायिक भवनहरू निर्माण गर्ने प्रक्रियालाई निबन्धमा प्रस्तुत गरेकी छन् । 'मान्छे चार प्रकारका हुन्छन्' नामक निबन्धमा निबन्धकार भद्रकुमारी घलेले वर्तमान समयमा समाजमा मौलाएको विकृति र विसङ्गतिले मानिसलाई कति स्वार्थी बनाएको छ भन्ने विषयलाई चर्चा गरेकी छन् । आजका मानिसहरूमा मानवीयता नपाइएको र स्वार्थी भावनाले समाजमा जरा गाडेको अवस्थाप्रति घलेले चिन्ता व्यक्त गरेकी छन् । समाजमा फैलिएका यस्ता कुसंस्कारले गर्दा सामाजिक समस्याहरूलाई बढाउँदै लगेको अवस्थाको चित्रण निबन्धमा पाइन्छ । यस्ता विकृति र विसङ्गतिले समाजमा मानवीयता लोप हुने सन्दर्भलाई घलेले मानवीय सद्भाव कायम राख्न नेपालीलाई आग्रह गरेकी छन् । 'जीवन जिउने तरिका' सबै प्राणीका जीवनयापन गर्ने आ-आफ्नै तरिका हुन्छ । आफ्नो शारीरिक बनावट र प्राकृतिक वातावरण अनुसार सृष्टिका सबै प्राणीहरूको आ-आफ्नै बाँच्ने आधार हुन्छ । परिवेश अनुसार बाँच्न जान्नु पर्छ भन्ने धारणालाई निबन्धमा व्यक्त गरिएको छ ।

'मेरो मनको मूल्याङ्कन साहित्यिक क्रियाकलापमा' नामक शीर्षकको निबन्धमा निबन्धकार भद्रकुमारी घलेले साहित्यप्रतिको रुचि व्यक्त गरेकी छन् । प्रकाश सायमीको गालवको चिहान लगायत अन्य कविताप्रति आफू प्रभावित भएको विषयलाई निबन्धमा उल्लेख गरिएको छ । घलेको मन छुने प्रकाश सायमीको कृतिलाई उनले आत्मसात गरेकी छन् आफू साहित्यप्रति आकर्षित भएको सन्दर्भलाई निबन्धमा प्रस्तुत गरेकी छन् । 'हाम्रो स्रोत भांग्रामा' निबन्ध रचनामा निबन्धकार घलेले पहिलाका मानवीय अवस्थालाई चित्रण गरेकी छन् । भाङ्ग्रा

विशेष प्रकारको विरुवा हो र यसको बोक्रालाई मानिसहरूले आफ्नो आवश्यकता अनुसार प्रयोग गर्न सकिने विषयलाई प्रस्तुत गरेकी छन् । पहिला पहिला अविकसित अवस्थामा मानिसले लुगाको बदलामा भाङ्ग्राको बोक्राको प्रयोग गरेको अवस्थालाई निबन्धमा चित्रण गरिएको छ । भाङ्ग्रालाई आफै कपडामा परिणत गरेर तत्कालीन मानिसहरूले पोशाक लगाउँथे । त्यहि समाज विकसित भएर आजको अवस्थामा पुगेको छ । त्यसैले भाङ्ग्रालाई प्राकृतिक पोशाकका रूपमा चित्रण गरिएको छ ।

### ४.१४.२ भाषाशैली

भद्रकुमारी घलेको प्रस्तुत निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग भएको पाइन्छ । सरल भाषाको प्रयोग हुनु उनको भाषिक विशेषता मान्न सकिन्छ । निबन्धमा सरल भाषाको अभिव्यक्ति हुनु निबन्धकार घलेको भाषिक विशेषता हो ।

भद्रकुमारी घलेले आफूले देखेका र अनुभव गरेका वस्तुलाई आत्मकथनात्मक शैलीमा प्रस्तुत गरेकी छन् । प्रस्तुत निबन्ध कृतिमा आत्मपरक शैलीको बाहुल्यता रहेको देखिन्छ । त्यसका साथै प्रश्नात्मक शैली पनि प्रयोग गरिएको छ ।

आत्मपरक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “मेरो उमेरको अवस्थाको साथै मेरो अध्ययनको माहोलले गर्दा यो सङ्ग्रहको जन्म भएको जस्तो लाग्छ”
(पृ. १) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “कसरी नेपाललाई सम्पन्न बनाउने ?” (पृ. १५) आदि शैलीको प्रयोग प्रस्तुत निबन्ध कृतिमा रहेको पाइन्छ ।

घलेले प्रस्तुत निबन्ध कृतिमा तत्सम शब्दको प्रयोग गरेकी छन् । जस्तै : उन्नती, प्रगति (पृ. ५), कृषि (पृ. ७), दुःख (पृ. ७), कुशल (पृ. ९), भाषा (पृ. १४), शिक्षा ( पृ. १५), राष्ट्र (पृ. २२), सृष्टि (पृ. २३), शुद्ध (पृ. २४), विश्व (पृ. २६), सङ्घर्ष (पृ. ४९), विश्वास (पृ. ६०), शिशु (पृ. ६०) आदि तत्सम शब्दहरू हुन् ।

केहि आगन्तुक शब्दको प्रयोग पनि भएको देखिन्छ । जस्तै : कल्पवृक्ष (पृ. ९), फर्मिङ (पृ. १३), नाइट क्लब (पृ. २५), बोर्डिङ (पृ. २५), रजिष्ट्रेड, मेम्बर, बोर्ड (पृ. ६१) शब्दहरूको प्रयोग प्रस्तुत निबन्ध सङ्ग्रहमा गरिएका छन् ।

## ४.१५ 'म' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **म** (२०६८) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा ३४ वटा निबन्ध रचनाहरू सङ्गृहीत रहेका छन् । ती विविध शीर्षकका निबन्धहरू यस प्रकार रहेका छन् : 'म', 'म र मेरा मन', 'म र मेरा सपनाहरू', 'म र आजको स्थिति', 'म र वर्तमान', 'म अर्थ र मान्छे', 'म र पैसा', 'म के जनजातिकी छोरी होइ ?', 'म र गान्धी तुलसी मेहर महिला अग्रज', 'म पहिलो मंगोलियाको यात्रा एक', 'म र सिन्धुलीकी पहिला मन्त्री', 'म र दान', 'म र समाज सेवा', 'म र व्यवसायिक शिक्षा', 'म र युवाहरू', 'म साहित्यकार र पत्रकार', 'म र लगानी', 'म र क्षयरोग', 'म र संघात्मक', 'म र नर्स पेशा', 'म र राजनीति', 'म र यात्रा', 'म र पशुपति क्याम्पस', 'म र नातिनीसामु मेरा बाजेहरू रोए', 'म र मेरो अस्सी वर्षे उमेर', 'म र मेरा सगेसम्बन्धीहरू', 'म र घरभाडा उठाई खाने', 'म र सामाजिक संस्थाको पद' र 'म र मेरा राजीनामाहरू' हुन् ।

### ४.१५.१ विषयवस्तु

निबन्धकार भद्रकुमारी घलेको **म** निबन्ध सङ्ग्रहको निबन्ध रचनाहरूमा एकै खालका विषयवस्तु रहेका देखिन्छन् । घलेले आजसम्म गरेका विविध कार्य र व्यक्तित्वहरूलाई निबन्धमा प्रस्तुत गरिउको हुनाले यो निबन्ध सङ्ग्रहको निबन्धहरू निबन्धकार घलेको जीवनसँग सम्बन्धित रहेको पाइन्छ । घलको जीवनमा विभिन्न घटना र सङ्घर्षहरू गरेको समयलाई निबन्धहरूमा चर्चा गरिएको छ । आजको उनको ८२ वर्षको उमेरमा पनि साहित्य र समाज सेवामा तल्लिन रहेको अवस्थालाई प्रस्तुत गरिएको छ । निबन्धकार घले आफूले गरेका कार्यहरू मध्ये साहित्य र समाज सेवाबाट सन्तुष्ट रहेको देखिन्छ । उनी साहित्य र समाज सेवाबाट जति सन्तुष्ट छिन् त्यति अन्य कार्यबाट सन्तुष्ट नपाएको अवस्थालाई चित्रण गरिएको छ । देशमा घटेका सामाजिक, राजनीतिक, आर्थिक जस्ता समस्याहरूले आफ्नो कार्यमा कहिल्यै बाधा नपुऱ्याएको उनको भनाइ छ । आफूले चाहेपछि जस्तो

कार्य पनि गर्न सकिन्छ भन्ने विश्वास निबन्धकार घलेको देखिन्छ । आफूले साहस गरेपछि सफल हुन सकिन्छ भन्ने सन्देश घलेले आफ्नो जीवन भोगाइका अनुभवबाट व्यक्त गरेकी छन् । सम्पूर्ण नेपालीलाई साहसका साथ कार्य गर्न अगाडि बढ्न सकिन्छ भनी सुझाव दिएकी छन् । घलेले प्रस्तुत 'म' भने आफूसँग सम्बन्धित विषयहरूलाई जोडेर निबन्धको शीर्षकका रूपमा प्रस्तुत गरेकी छन् । निबन्धकार घले आफ्नो मन, सपनाहरू, वर्तमान अर्थ र मान्छे, पैसा जस्ता शीर्षकहरूलाई आफूसँग जोडेर प्रस्तुत गरेकी घले ती शीर्षकहरूसँग सम्बन्धित देखिन्छन् । उनले आजसम्म आफ्ना सपनाहरू पूरा गरेको र आफूले सोचेको कार्यमा सफलता हासिल गरेको अवस्थालाई निबन्धमा चित्रण गरेकी छन् ।

निबन्धकार घलेको सबै सपनाहरू पूरा भए पनि उनको आर्थिक व्यवहारमा भने सन्तुष्ट नभएको प्रसङ्गलाई निबन्धमा प्रस्तुत गरिएको छ । आफूले अरूलाई आर्थिक सहयोग गर्दा आफूले पीडा पाएको र ठगिएको अवस्थालाई चित्रण गरेकी छन् । आर्थिक व्यवहारमा सानो तिनो समस्या आउनु स्वभाविक माने पनि घलेको जीवनमा आर्थिक व्यवहारले सताएको देखिन्छ । सहयोगी र समाजसेवी घले जहिल्यै पनि अरूलाई सहयोग गर्न पछि हट्दिनन् । आफूले सहयोग गरे पछि सहयोग गरी माग्ने व्यक्तिहरू गायव भएको अवस्थाले घलेलाई सताएको विषय रहेको छ । आफूले राम्रो सोचेर व्यवहार गर्दा आफै नराम्रो होइने प्रवृत्तिप्रति घले चिन्तित देखिनु स्वभाविकै हो । आजको बढ्दै गएको सामाजिक विकृति र विसङ्गतिलाई पनि यस भनाइले सङ्केत गरेको देखिन्छ । आफ्नो स्वार्थ पूरा गर्नका निम्ति मानिसहरू कतिसम्म तल झर्न सक्छन् भन्ने विषयलाई निबन्धमा उल्लेख गरिएको छ । यस्तो प्रवृत्तिलाई समाजबाट हटाउनु पर्छ भन्ने विचार निबन्धकार घलेको देखिन्छ ।

निबन्धकार आफू जनजातिकी छोरी भएकोमा उनलाई गौरव लागेको सन्दर्भलाई प्रस्तुत गरेकी छन् । नेपाली आदिवासी जनजातिहरू पीछडिएको र धेरै पछि रहेको अवस्थालाई दोहोरिन नदिन घलेले आदिवासी जनजातिहरूलाई चुप लागेर बस्नु हुँदैन । आजको युग अनुसार हामी संचालन हुन सक्नु पर्छ सम्पूर्ण आदिवासी जनजातिहरूलाई निबन्धका माध्यमबाट आग्रह गरेकी छन् । घलेको विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमणका क्रममा उनले मंगोलयाको समाजलाई नजिकबाट अवलोकन गर्ने मौका पाएकी हुनाले मंगोलियाको जनजीवनलाई पनि निबन्धमा

प्रस्तुत गर्न सफल भएकी छन् । विविध सामाजिक राजनीतिक सङ्घ संस्थासँग सम्बन्धित घले सिन्धुलीको पहिलो मन्त्रीको रूपमा आफूलाई चिनाउन सफल भएकी छन् । आफ्नो राजनीतिक जीवनमा विविध महत्त्वपूर्ण स्थानको भ्रमण गरेर अध्ययन गर्न सफल भएकी छन् । घलेले आफ्नो विद्यार्थी जीवनलाई पनि निबन्धमा प्रस्तुत गरेकी छन् । उनको विद्यार्थी जीवनका साथीहरूको साथलाई सम्झेको विविध अमिस्मरणीय क्षणहरूलाई निबन्धको माध्यमबाट प्रस्तुत गरेको देखिन्छ ।

सामाजिक सङ्घ संस्थामा आबद्ध भएर कार्यभार सम्हाल्नु परेको अवस्थाको चित्रण गर्दै घलेले ८० वर्षको उमेर आफ्नो कार्यभार राजीनामा गरेको अवस्थालाई निबन्धमा उल्लेख गरेकी छन् । निबन्धकार भद्रकुमारी घलेले आजसम्म गरेको सम्पूर्ण क्रियाकलापहरूको सँगालोको रूपमा **म** नामक निबन्ध सङ्ग्रहमा समेटेकी छन् । प्रस्तुत निबन्ध सङ्ग्रहको अध्ययनबाट निबन्धकार घलेको जीवनलाई नजिकबाट चिन्न सकिन्छ । आफ्नो समस्याको समाधान गर्न सकिन्छ उमेरले बाधा पुऱ्याउँदैन भन्ने धारणा निबन्धकारको पाइन्छ ।

### ४.१५.२ भाषाशैली

भद्रकुमारी घलेको प्रस्तुत निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । सरल भाषाका प्रयोगले निबन्ध अध्ययनमा सहजता रहेको पाइन्छ । घलेको प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग गरिएको छ । ती हुन् : संस्मरणात्मक शैली, विश्लेषणात्मक शैली र वर्णनात्मक शैली ।

संस्मरणात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “यस भ्रमणमा मेरो जीवनको कहिल्यै नबिर्सने सम्झना राख्नै फर्केपछि रसियाको २२ तल्ले एसियन होटेलमा माथिल्लो तल्लामा हामीलाई होलेन्तेना र त्यसकी बाले दिएको पार्टी र ऊसँगको भेटघाट” (पृ. ४५) ।

विश्लेषणात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ “गान्धी दर्शनको प्रभावले मेरो आत्मामा पौराणिक परम्परा संस्कार र संस्कृतिलाई धोइ पखाली आधुनिक दान, सहयोग, परोपकार गर्ने आस्था बसाले” (पृ. ५९) ।

वर्णनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "घर व्यवहार धान्नु पर्ने छोरा मरे । घर व्यवहार चलाउने लोग्ने घरे । तर पनि विचरी मेरी आमा भक्तकुमारी घले बाँचेर बसिन" (पृ. ९७) आदि शैलीको प्रयोग गरिएको छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा शब्द स्रोतगत स्थिति यस्तो रहेको छ ।

तत्सम शब्दको प्रयोग यसरी गरिएको छ । जस्तै : वर्ष (पृ. ५), दृष्टि (पृ. ७), शेखर (पृ. ११), त्रिभुवन (पृ. १३), विशेष (पृ. ३१), दुध (पृ. ४५), जुन (पृ. ४५), कृषि (पृ. ४८), ऋण (पृ. ४८), घृणा (पृ. ५३), शिशु (पृ. ६५), बोध (पृ. ७३), सन्तोष (पृ. ७३), दर्शन (पृ. ९१) आदि शब्दहरू रहेका छन् ।

घलेले आगन्तुक शब्दको प्रयोग पनि गरेकी छन् । जस्तै : फेम, स्कुल (पृ. १३), मोवाइल, कम्प्युटर, ल्यापटप (पृ. २९), ग्रास रुट लेभल (पृ. ४२), टेन्ट (पृ. ४४), कम्पाउन्ड (पृ. ६६), नर्स (पृ. ६७), सिफ्ट (पृ. ६८), एजुकेशन (पृ. १०४), सिस्टम ( पृ. १३०), नर्सिङ कम्पनी (पृ. १४६), क्याम्पस, डेन्टल (पृ. १४९) आदि आगन्तुक शब्दहरू प्रयोग गरिएका छन् ।

## ४.१६ 'राष्ट्रिय सम्पदा' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **राष्ट्रिय सम्पदा** (२०६८) निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शीर्षकका ३२ वटा निबन्ध रचनाहरू रहेका छन् । ती हुन् : 'मेरो भनाई', 'हाम्रो सम्पदा', 'सम्पदाहरू', 'राष्ट्रिय सम्पदा', 'सगरमाथा', 'पत्थरका पहाड', 'खानीखदान', 'जलस्रोत', 'जडीबुटी', 'ताल', 'सिमसार', 'निकुञ्ज', 'पशुपंक्षी', 'मठमन्दिर', 'माओलो', 'लुम्बिनी', 'वीरता र बहादुरी', 'भादगाउले टोपी', 'गुफा', 'कास्टकला', 'कास्टमण्डप', 'हनुमानढोका दरबार', 'ललितपुर दरबार', 'भक्तपुर दरबार', 'पशुपतिनाथ', 'कृष्ण मन्दिर (ढुङ्गे कला)', 'कास्ट मयुर झ्याल', 'सेतो मछिन्द्रनाथको यात्रा', 'पलाञ्चोक भगवती (ढुङ्गे कला)', 'ऐतिहासिक गोरखा दरबार', 'गोरावनाथ बाबा' र 'मनकामना माई' निबन्ध रचनाहरू हुन् ।

निबन्धकार भद्रकुमारी घलेका प्रस्तुत निबन्ध रचनामा राष्ट्रका ऐतिहासिक र धार्मिक सम्पदाहरूको चर्चा गरिएको पाइन्छ । राष्ट्रका ती महत्त्वपूर्ण सम्पदाहरूलाई संरक्षण गरेर राख्नु पर्छ भन्ने धारणा निबन्धमा व्यक्त गरिएको छ ।

## ४.१६.१ विषयवस्तु

'मेरो भनाई' प्रस्तुत निबन्ध सङ्ग्रहको पहिलो निबन्ध रचना हो । यस निबन्धमा भद्रकुमारी घलेले साहित्य तर्फ गरेको योगदान र आफूले साहित्य रचनाका प्रकाशित गरेका साहित्यिक कृतिहरूका बारेमा वर्णन गरेकी छन् । यस निबन्धमा निबन्धकारले प्रकाशित गरेका कृतिहरूलाई निबन्धको विषयवस्तुमा चर्चा गरेकी छन् । आफ्नो कृतिहरूमा बारेमा उल्लेख गर्दै आउँदा दिनमा केहि कृतिहरू प्रकाशित गर्छु भन्ने भनाई निबन्धकारले व्यक्त गरेकी छन् । 'हाम्रो सम्पदा' नामक निबन्धमा नेपाली पुर्खाहरू शक्तिशाली र परिश्रमी भएको विषयलाई उल्लेख गरिएको छ । हाम्रा पुर्खाहरूले निर्माण गरेका विभिन्न मठमन्दिर र देवदेवीका मूर्तिहरूको महत्त्वलाई चर्चा गरिएको छ । तत्कालीन समयमा ती मूर्तिहरू र मठमन्दिरहरू निर्माण गर्नका लागि कुनै औजार नभएकाले हातबाट निर्माण गर्नु पर्ने अवस्थालाई वर्णन गरिएको छ । हाम्रा पुर्खाहरू कति परिश्रमी थिए भन्ने विषयलाई निबन्धमा लिइएको छ । दुःख गरेर आफ्नो कलाले बनाएका ती सम्पदाहरूलाई संरक्षण गर्नु हाम्रो कर्तव्य मानिएको छ । राष्ट्रिय सम्पदाको सूचिमा राखी तिनका महत्त्वलाई बुझ्नुपर्छ भन्ने धारणा निबन्धमा व्यक्त गरिएको छ ।

'सम्पदाहरू', 'राष्ट्रिय सम्पदा' र 'सगरमाथा' शीर्षकका निबन्धहरूमा एकै प्रकारको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यी शीर्षकहरू राष्ट्रिय सम्पदाका महत्त्वपूर्ण वस्तुहरूलाई प्राथमिकता दिइएको छ । हाम्रो राष्ट्रिय सम्पदाको राष्ट्र र विश्वमा छुट्टै महत्त्व रहेको देखिन्छ । त्यस्ता महत्त्वपूर्ण राष्ट्रका सम्पतिहरूलाई जोगाउनु पर्छ । हामीले यसलाई संरक्षण गरे पछि हाम्रा भावी सन्ततिहरूले पनि त्यसको महत्त्व बुझ्ने छन् भनी घलेले यी सम्पदाहरूलाई हामीले बचाउनु पर्छ भन्ने धारणा व्यक्त गरेकी छन् । त्यस्तै राष्ट्रमा विविध समयमा घटेका ऐतिहासिक घटनाहरूलाई पनि निबन्धमा उल्लेख गरेको देखिन्छ । 'पत्थरको पहाड', 'खानीदान', 'जलस्रोत', 'जडीबुटी', 'ताल', 'सिमसार', 'निकुञ्ज', 'पशुपंक्षी' नामक शीर्षकका निबन्ध रचनाहरूमा नेपालको प्राकृतिक सम्पदाहरूलाई प्रस्तुत गरिएको छ । नेपालमा प्राकृतिक सम्पदाहरू प्रशस्त मात्रामा भए पनि त्यसलाई उचित व्यवस्थापन गर्न नसक्दा लोप हुँदै जाने क्रम दिनानु दिन बढ्दै गएको छ । त्यसप्रति निबन्धकार चिन्तित बनेकी छन् । प्राकृतिक सम्पदाहरू वनजङ्गल, नदीनाला, पहाडहरू,

जडीबुटी, ताल, सिमसार, पशुपंक्षी, निकुञ्ज जस्ता महत्त्वपूर्ण विषयहरू रहेका छन् । यिनीहरूलाई हामीले संरक्षण गरेर राखेमा ती स्थानमा बसोबास गर्ने जनावरहरू, चराचुरुङ्गी लगायत विविध वन्यजन्तुहरू फैलिनेछ । हाम्रो राष्ट्रिय सम्पदाको महत्त्व बढ्ने छ । यस्ता वस्तुहरूको संरक्षण गरेमा नेपालमा विदेशी पर्यटकहरूको आगमन बढ्ने छ र देशको आर्थिक क्षेत्रमा यसले सहायता गर्छ भन्ने विश्वास सबैमा जानकारी रहेको छ । राष्ट्रका यी सम्पदाहरूले गर्दा विश्वमा परिचित हुने अवसर पनि नेपालले प्राप्त गर्दछ । विश्वमा नेपालको छुट्टै महत्त्व रहन्छ भन्ने धारणा निबन्धकार भद्रकुमारी घलेले व्यक्त गरेकी छन् । नेपालको जलस्रोत जोगाउनका निम्ति पानीको मुहानलाई सुक्न नदिन वनजङ्गललाई सधैं जोगाई राख्नु पर्छ र वनजङ्गलको संरक्षण भए पछि जलस्रोत कमी आउन पाउँदैन । खानेपानी, खेतीपातिमा सिचाइँका लागि नेपालीलाई सहज हुन्छ भनी निबन्धकारले आफ्नो विचार व्यक्त गरेकी छन् । विद्युतको आपूर्ति गर्न पनि मद्दत पुग्दछ भनी नेपाली प्राकृतिक स्रोत र जलस्रोतको वर्णन गरिएको पाइन्छ ।

'मठमन्दिर', 'माओलो', 'लुम्बिनी' नामक निबन्ध रचनाहरूमा निबन्धकार भद्रकुमारी घलेले नेपालको मठमन्दिर र कला संस्कृतिलाई चर्चा गरेको पाइन्छ । ऐतिहासिक महत्त्व झल्काउने यस्ता महत्त्वपूर्ण सम्पदाहरूलाई महत्त्व दिनु पर्छ भनिएको छ । 'माओलो' आदिवासी जनजातिहरूको कुलपूजा गर्नका लागि गाडिएको काठको खम्बा हो । यसलाई जनजातिहरूको धार्मिक प्रतीकका रूपमा पनि चित्रण गरिएको पाइन्छ । माओलोले जनजातिहरूको पहिचानलाई देखाएको छ भनी निबन्धमा वर्णन गरिएको छ । 'लुम्बिनी' विश्वसम्पदा सूचिमा पर्न सफल धार्मिक तीर्थस्थल हो । यसले नेपाललाई विश्वमा चिनाएको छ । लुम्बिनीको ऐतिहासिक, धार्मिक महत्त्व छ भनी उल्लेख गरिएको छ । 'भादगाउँले टोपी' निबन्धमा नेपाली परम्परालाई चित्रण गरिएको छ । पहिलेको नेपाली समाजमा टोपी लगाउँदा शुभ हुन्छ भन्ने धारणा थियो । त्यहि संस्कारले भादगाउँले टोपीको महत्त्व बढाएको छ । अझै पनि टोपी लगाउने प्रचलन हाम्रो समाजमा पाइन्छ । 'कास्ट कला' र 'कास्ठमण्डप' निबन्धमा काठमाडौंको ऐतिहासिक महत्त्वलाई प्रस्तुत गरिएको छ । हनुमान ढोका परिसरको काष्ठमण्डपको कारणले काठमाडौं नामले पुकारेको हो भन्ने भनाई निबन्धमा प्रष्ट भएको पाइन्छ । 'हनुमानढोका दरबार', 'ललितपुर दरबार', 'भक्तपुर दरबार', 'गोरखा

दरबार’ नामक निबन्ध रचनाहरूमा ऐतिहासिक महत्त्व रहेको देखिन्छ । तत्कालीन राजाहरूले निर्माण गरेका विविध महत्त्वपूर्ण दरबारहरूलाई उल्लेख गरेको पाइन्छ । तिनीहरूको ऐतिहासिक महत्त्वले तत्कालीन समाजको कला र धार्मिक मान्यतालाई झल्काएको छ । अब देशमा यस्ता महत्त्वपूर्ण वस्तुहरूको निर्माण कम मात्रामा हुन्छ । त्यसैले ती धार्मिक ऐतिहासिक सम्पदालाई बचाउनु पर्छ भन्ने धारणा व्यक्त गरिएको छ । यसले नेपाली संस्कृति र कलालाई विश्व सामु चिनाएको छ ।

‘कृष्ण मन्दिर’, ‘ढुङ्गे कला’ र ‘पलाञ्चोक भगवती’ नेपालको धार्मिक महत्त्व बोकेका मन्दिरहरू छन् । यिनीहरूको आ-आफ्नो महत्त्व रहेको पाइन्छ । पलाञ्चोक भगवति मूर्ति बनाउँदा मूर्तिकारको दाहिने हात काटिएको प्रसङ्ग निबन्धमा उल्लेख भएको छ । त्यस पछि देब्रेहातले बनाउँदा त्यो पनि काटि दिएको विषयलाई निबन्धमा प्रस्तुत गरिएको छ । ‘सेतो मच्छिन्द्रनाथको जात्रा’ र ‘विस्केट जात्रा’ वर्षको एक एक पटक मनाइने जात्रा हुन् । सेतो मच्छिन्द्रनाथको रथ तानेर मुलुक र समाजमा कुनै समस्या नपरोस् भनी यो जात्रा मनाउने प्रचलन छ । देश जनताहरूमा दुःख कष्ट आउँदैन भनी यी जात्रा मनाउँदाका आफ्नै महत्त्व रहेको पाइन्छ । परम्पराप्रति नेपालीहरूको विश्वासलाई निबन्धमा उल्लेख गरिएको छ । ‘गोरखनाथ बाबा र मनकामना माई’ शीर्षकका निबन्धहरूमा नेपालीहरूको धार्मिक आस्था र विश्वासलाई झल्काइएको छ । देवदेवीको पूजा आरधना गरेमा आफ्नो मनकामना पूरा हुने विश्वास नेपालीहरूमा रहेको देखिन्छ । कतिपय भक्तजनहरूले आफ्नो अशान्त मनलाई शान्त राख्नका निम्ति पनि पूजा गर्ने चलन हाम्रो समाजमा देखिन्छ । निबन्धकार भद्रकुमारी स्वयंले विविध देवदेवीको भाकल गरी कार्य गरेमा आफूले सोचेको काम पूरा हुने धारणा निबन्धमा व्यक्त गरेकी छन् ।

### ४.१६.२ भाषाशैली

भद्रकुमारी घलेको प्रसतुत निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । भाषामा सरलता हुनु निबन्धकारको भाषिक विशेषता मान्न सकिन्छ । प्रस्तुत निबन्धमा वर्णनात्मक शैलीको बाहुल्यता रहेको पाइन्छ ।

वर्णनात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "सिमसारकै कारणले गर्दा आज तराई खण्डमा पनि लेख खण्डमा पनि ठूल्ठुला पशुपंक्षी आरक्षणहरू सञ्चालित छन्" (पृ. २७) ।

व्यङ्ग्यात्मक शैलीको उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "देशलाई यी नपंसक नेताहरूले टाट पल्टाएर स्वार्थ पूर्ति गरेर आज नरक खाना बनाई राखेका छन्" (पृ. १०) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "कारण बोर्डिङ पढ्ने हाम्रा सन्तानहरूलाई थाहा हुने छैन राष्ट्रिय सम्पदा भनेको के हो ?" (पृ. १) आदि विविध शैलीको प्रयोग निबन्धमा रहेका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा शब्द स्रोत यस प्रकार रहेको छ : तत्सम शब्दको प्रयोग जस्तै विचित्र (पृ. ५), प्रभु (पृ. ९), सर्व (पृ. १०), राष्ट्रिय (पृ. १३), विश्व (पृ. २१), शोषित (पृ. ६३), खुशी (पृ. ६७), मन्दिर (पृ. ६८), दर्शन (पृ. ७०), कृषि (पृ. ७५), शिक्षा (पृ. ७७) आदि तत्सम शब्दहरूको प्रयोग गरिएको छ ।

घलेको प्रस्तुत निबन्ध कृतिमा आगन्तुक शब्दहरूको प्रयोग पनि गरिएको छ । जस्तै : नेशनल ट्रेनिङ (पृ. २९), कम्प्युटर, मोबाइल (पृ. ६५) आदि शब्दहरू प्रयोग गरिएका छन् ।

## ४.१७ 'चरम सीमामा' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घलेको **चरम सीमामा** (२०६९) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा २६ वटा निबन्ध रचनाहरू सङ्गृहीत रहेका छन् । ती हुन् : 'चरम सीमाको युग आएको छ', 'चरम सीमामा छ आजकल जे पनि', 'चरम सीमामा हामी र हाम्रो राष्ट्र', 'चरम सीमामा नेपाली राजनीति र नेताहरू', 'चरम सीमामा नेपाली वीरता', 'चरम सीमामा राजा वीरेन्द्रका कार्यहरू', 'चरम सीमामा महँगी', 'चरम सीमामा गरिबी', 'चरम सीमामा भोकमरी', 'चरम सीमामा भ्रष्टाचार', 'चरम सीमामा मिसावट', 'चरम सीमामा लोडसेडिङ्', 'चरम सीमामा चोरी डकैती', 'चरम सीमामा बलात्कार', 'चरम सीमामा अपहरण', 'चरण सीमामा बोक्सीकाण्ड', 'चरम सीमामा अन्याय र अत्याचार', 'चरम सीमामा फोहोरमैला', 'चरम सीमामा खोलानाला', 'चरम सीमामा नक्कली सामान', 'चरम सीमामा

घुसखोरी', 'चरम सीमामा संविधान', 'चरम सीमामा विकृति', 'चरम सीमामा कमीसनखोरी', 'चरम सीमामा अनैतिकता' र 'चरम सीमामा वेइमानी' निबन्ध रचनाहरू हुन् ।

भद्रकुमारी घलेको **चरम सीमामा** निबन्ध सङ्ग्रहमा देशमा विविध विषयमा भएको नकारात्मक अवस्थालाई प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूले वर्तमान समाज र देशको अवस्थालाई चित्रण गर्न सफल रहेको देखिन्छ ।

### ४.१७.१ विषयवस्तु

'चरम सीमाको युग आएको छ' प्रस्तुत निबन्ध सङ्ग्रहको पहिलो निबन्ध रचना हो । उक्त शीर्षकको निबन्धमा नेपाली राजनीतिक दलका नेताहरूले जनताप्रति गरेका नकारात्मक कार्यहरूको चित्रण गर्दै राजनीतिक क्षेत्रमा सुधार ल्याउन सक्नु पर्छ भन्ने धारणा व्यक्त गरिएको छ । राजनीतिमा सुधार नआएसम्म नेपालीहरूले यस्तै कष्टका दिन बिताउनु पर्छ भनिएको छ । राजनीतिक दलका नेताहरूले सामाजिक व्यवस्था गर्नु पर्छ समाज र राष्ट्रको विकासमा अगाडि बढ्नु आवश्यक रहेको विषयलाई निबन्धमा उल्लेख गरिएको छ ।

'चरम सीमामा नेपालको राजनीति र नेताहरू' नामक निबन्ध रचनामा भद्रकुमारी घलेले नेपालको राजनीतिक व्यवस्थालाई चर्चा गरेकी छन् । देशमा राजनीतिक व्यवस्था कमजोर भएपछि सामाजिक विकास गर्न गाह्रो पर्ने विषयलाई चित्रण गरिएको छ । राजनीति आफैमा नराम्रो होइन यसलाई संचालन गर्ने नेताहरूको नियत खराब भएको अवस्थालाई देखाइएको छ । मुलुक संचालन गर्नका लागि कुशल राजनीतिज्ञको आवश्यक रहेको विषयलाई निबन्धमा प्रस्तुत गरिएको छ । राजनीतिक दलका नेताहरूलाई विकासका कार्यमा अगाडि बढ्न आग्रह गरिएको छ । 'चरम सीमामा राजा महेन्द्रका कार्यहरू' शीर्षकको निबन्धमा तत्कालीन राजा महेन्द्र शाहले देश र जनताहरूका निम्ति गरेका विकासका कार्यहरूको वर्णन गरिएको छ । मुलुकको क्षेत्रीय विकासका लागि देशलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेका थिए । भूमि सुधार र मुलुकी ऐन शाहकै कार्यकालमा सुरु भएको थियो । तत्कालीन राजा महेन्द्र शाहले गरेका सकारात्मक कार्यहरूको चर्चा निबन्धमा गरिएको छ । 'चरम सीमामा महँगी', 'चरम सीमामा गरिबी', 'चरम

सीमामा भोकमरी' शीर्षकका निबन्धहरूमा देशमा भएका विविध समस्याहरूलाई उल्लेख गरिएको छ । देशको आर्थिक अवस्था कमजोर भए पछि गरिबीको अवस्था अझ उच्च रहने विषयलाई निबन्धमा उल्लेख गरिएको छ । आर्थिक अवस्था कमजोर भएपछि महँगी बढ्दै जान्छ देशका यी विविध समस्याहरूले सर्वसाधारण जनताहरूलाई पीरोली रहेको अवस्थाप्रति निबन्धकार घलेले चिन्ता व्यक्त गरेकी छन् । नेपालको उत्पादनका अनुपातमा जनसङ्ख्या बढी र परिश्रम गर्नेको सङ्ख्या कम भएपछि गरिबी बढ्दै गएको विषयलाई निबन्धमा प्रस्तुत गरिएको छ । युवा शक्ति विदेशमा पलायन नभए यस्ता समस्याको समाधान हुन्थ्यो भन्ने धारणा निबन्धकारको रहेको छ ।

'चरम सीममा मिसावट' आज भोलिको बजारमा पाइने खाद्य पदार्थमा उपभोक्ताहरू ठगीमा परेको प्रसङ्गलाई लिइएको छ । खाने कुरादेखि लिएर अनेक किसिमका सामानहरूमा मिसावट रहेको देखिन्छ । यस्ता खाद्य पदार्थको प्रयोगले हाम्रो स्वास्थ्यमा हानी पुऱ्याउँछ । विविध रोगहरू लाग्न सक्छ । हामीले रोगी भएर बस्नु पर्ने अवस्था आउँछ । त्यसैले मिसावट भएका वस्तुहरूबाट टाढा रहनु राम्रो हुन्छ भनी प्रस्तुत गरिएको छ । 'चरम सीमामा लोडसेडिङ' नेपाल विश्वको दोस्रो जलस्रोतमा धनी भए तापनि नेपालीहरूले लोडसेडिङको मार खप्नु परेको अवस्थालाई उल्लेख गरिएको छ । नेपालीहरूले सधै अध्यारोमा बस्नु परेको प्रसङ्गलाई चित्रण गर्दै लोडसेडिङ घटाउनु पर्छ भन्ने आशा निबन्धमा राखिएको छ । 'चरम सीमामा चोरी डकैती', 'चरम सीमामा बलात्कार', 'चरम सीमामा अपहरण' शीर्षकका निबन्धहरूमा मुलुकको विकृति र विसङ्गतिलाई प्रस्तुत गरिएको छ । समाजको विग्रदो अवस्थाप्रति निबन्धकार चिन्तित देखिन्छन् । सामाजिक हत्याहिंसा र अपराधहरूले गर्दा समाजमा कुसंस्कार मौलाएको देखिन्छ । यस्तो कुसंस्कारको सिकार प्रायः गरेर नारीवर्गमा हुने हुनाले नारीलाई शिक्षित बनाउनु पर्छ भन्ने निबन्धकारको भनाई रहेको छ । शक्तिशालीले कमजोरलाई शोषण गर्ने प्रवृत्ति समाजमा रहेको छ । वेरोजगारको सङ्ख्या बढ्दै गएपछि देशमा चोरी डकैती हुने विषयलाई प्रस्तुत गरिएको छ । देशको सुरक्षा संयन्त्र कमजोर भएपछि अपहरण, बलात्कार जस्ता सामाजिक अपराध बढ्दै गएको देखिन्छ । एक्काइसौं शताब्दीमा पनि कुसंस्कारको जरा उखेलिएको छैन । बोक्सीको आरोपमा आज पनि अकालमा

ज्यान गुमाउनेको सङ्ख्या घटेको पाइँदैन । यसले सामाजिक समस्याको रूप लिएको छ । यस्ता समस्याको समाधान गर्न नेपाल सरकारलाई आग्रह गरिएको छ ।

'चरम सीमामा फोहोरमैला', 'चरम सीमामा खोलाना' अव्यवस्थित बसोबास र जनसङ्ख्या वृद्धिका कारणले गर्दा फोहोरमैला जताततै बढेको छ । मानव बस्ति अव्यवस्थित भएपछि यो समस्या बढ्दै गएको देखिन्छ । नेपालमा खोलानाला धेरै भए पनि जनसङ्ख्याको बढ्दो चापले नराम्रो असर पारेको छ । नेपालका पवित्र नदीहरू ढलमा परिणत भएको अवस्थालाई निबन्धमा उल्लेख गरिएको छ । खोलानाला र पानीका मुहानहरूलाई सरसफाई गर्नु पर्छ भन्दै निबन्धकारले नेपालको अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नु पर्छ भनेकी छन् । 'चरम सीमामा विकृति', 'चरम सीमामा कमीशनखोरी' र 'चरम सीमामा बेइमानी' शीर्षकका निबन्धहरूमा समाजमा दिन प्रतिदिन बढ्दै गएको विकृति र विसङ्गतिलाई प्रस्तुत गरिएको छ । देशमा यातायात समस्यालाई फैलिन नदिन निबन्धकारले आग्रह गरेकी छन् । कुनै सरकारी कार्य गर्नु परेमा घुसको व्यवस्थाले सर्वसाधारण मारमा परेको कुरालाई प्रस्तुत गरिएको छ । समाजमा विस्तारै बढ्दै गएको अनैतिकता पनि यसको परिणाम मान्न सकिन्छ । आज भोलिका मानिसमा स्वाभिमान हराएको छ । आफ्नो स्वार्थ पूरा गर्नका निम्ति मानिसले जे पनि गर्न सक्छ । यसरी समाजमा वेइमानी बढ्दै गएको सामाजिक प्रचलनलाई अन्त्य गर्नु पर्छ भनी निबन्धमा भनिएको छ । मुलुकमा प्रथाकै रूपमा फैलिएको चरम सीमाको अवस्थालाई नियन्त्रण गर्न आवश्यक रहेको देखिन्छ ।

### ४.१७.२ भाषाशैली

निबन्धकार भद्रकुमारी घलेको **चरम सीमामा** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग भएको पाइन्छ । भाषामा सरलता हुनु यिनको भाषिक विशेषता हो । सरल भाषाका प्रयोगले पाठकलाई बुझ्न सहज भएको छ । त्यस्तै प्रस्तुत निबन्धमा विविध शैली जस्तै आत्मपरक शैली, प्रश्नात्मक शैली र व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको छ ।

आत्मपरक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "म चरम सीमामा पुगेका कुराहरूका सम्बन्धमा लेखिरहेकी छु, कारण भविष्यमा आउने सन्तानले हाम्रो पालमा कस्तो स्थिति थियो जानुन भनेर" (पृ. ५) ।

प्रश्नात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "जेलका कैदीहरू मानसिक रोग भएकामा के आश्चर्य मान्नु ? यस्तो परिस्थितिमा को पो नबहुला र ?" ( पृ. ३०) ।

व्याङ्ग्यात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "आजका पार्टीका नेताहरूको खेतीपाती नै आफ्ना शाखा सन्तानले फलाउन फूलाउन रहेको छ " (पृ. ५) आदि शैलीको प्रयोग प्रस्तुत निबन्धमा गरिएको छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहका शब्द स्रोत यस प्रकार रहेका छन् ।

**चरम सीमामा** निबन्ध कृतिमा घलेले तत्सम शब्दको प्रयोग गरेकी छन् । जस्तै : राष्ट्र (पृ. १), ब्राह्मण (पृ. ३), वर्ष (पृ. १०), भविष्य (पृ. १३), शीर्ष (पृ. १८), सृष्टि (पृ. २९, सभासद् (पृ. ३१), दुःख (पृ. ३२), शिक्षा (पृ. ३५), दुध, शुद्ध (पृ. ४७), इमानदार (पृ. ५७) आदि तत्सम शब्दको प्रयोग गरिएको छ ।

प्रस्तुत निबन्ध कृतिमा घलेले आगन्तुक शब्दको प्रयोग पनि गरेकी छन् । जस्तै : साल्ट ट्रेडिङ, नेसनल ट्रेडिङ, टिम्बर कर्पोरेसन (पृ. १९), रेडियो (पृ. ३९), टिभी (पृ. ३९), होर्डिङ बोर्डहरू (पृ. ४३), डम्पिङ साइट (पृ. ४३) जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

## ४.१८ 'बुद्यौलीको गन्थन' निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्धकार भद्रकुमारी घलेको **बुद्यौलीको गन्धन** (२०७०) मा प्रकाशित निबन्ध सङ्ग्रह हो । घलेका हालसम्म प्रकाशित निबन्ध सङ्ग्रहहरू मध्ये अन्तिम निबन्ध सङ्ग्रहका रूपमा **बुद्यौलीको गन्थन**लाई लिन सकिन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा दैनिकी शैलीको प्रयोग गरेर छोटा छोटा विविध शीर्षकका ९६ वटा निबन्धहरूलाई समेटिएका छन् । ती हुन् : 'राम्रो विचार', 'तिरक्कुरल को अध्यन', 'ईश्वरको प्रशंसा', 'जगत् र ईश्वर', 'आत्मा', 'जापानी सहयोग', 'देशको हालत', 'मेरो सहयोग', 'संविधान लेख्ने दिन', 'मुलुकको शून्यता', 'शान्तिका परेवा', 'खोई नयाँ नेपाल', 'राम्रो कामको संकल्प', 'वृद्धा संस्मरण शक्ति', 'सत्यको बाटो', 'आफ्नो लागि के', 'विचार खेल्ने आँगन', 'सुखको प्राप्ति', 'भोगाई', 'महिला र मानवका लागि म', 'ठग्न आउने धेरै', 'काम गर्न आदत', 'धार्मिक यात्रा', 'बुद्यौलीका अप्ठ्यारा', 'दिएर खान पाए', 'जीवन मरण', 'मेरो आत्मा', 'इमानदारीतामा संभावना', 'देशको चिन्ता',

'बाबुरामलाई काम गर्न देउ', 'वाह भ्रमककुमारी जीवन काँडा होइन फूलैफूल रहेछ', 'भगवानको माया', 'भविष्यको चिन्ता', 'भगवान भरोसा', 'परमात्मा प्राप्ति', 'समस्याको चाङ', 'म त डाँडामाथिको घाम', 'मबाट ज्ञान हासिल', 'बाबुरामले गर्न पाएन', 'मेरो सहयोग', 'दुःखीको सेवामा लाग', 'मान्छे भएर मर', 'दुर्लभ जुनीको सदुपयोग', 'सुखको प्राप्ति', 'अकल्पनिय सोचाई', 'सबैको म', 'एक्लो जीवन', 'मलाई नै दुखाउने', 'लेख्ने काम', 'मेरो आस्वीकार', 'मान्छे भएपछि', 'मेरो मानसिकता', 'बलियो आँट', '७२ प्रतिशत सफलता', 'विकृतिको जालो', 'सत् धर्म', 'समस्याको धनी देश', 'क्षमता', 'चाहना', 'जिम्मेवारी प्रधान', 'बृखेश्वरको तयारी', 'मित्र भेट', 'स्वतन्त्र जीवन', 'परोपकारी', 'बुढेसकाल र आहारा', 'पुस्तकालयको महत्त्व', 'विकास चिन्तन', 'समयको फल', 'प्रेरणादायी', 'अभिनन्दन', 'मोक्षको बाटो कुन ?', 'वृद्धा अवस्था', 'म मनकी मात्र', 'पुरस्कारको छनोट', 'मेरी दिदी', 'मेरो यात्रा', 'फेशन शोको ताली', 'पुस्तक टिप्पणी', 'बुढेसकालको लेखाई', 'आँट र साहस', 'संस्कार', 'आजका युवाहरू', 'बडा दशैं', 'सन्तुष्टिको आधार', 'जीवनको लक्ष्य', 'विश्वास', 'सचेत हौं युवाहरू', 'भविष्यको चिन्ता गर', 'असल साथी', 'नेपालको अर्थ नीति', 'जनताको पीडा', 'जीवन के हो ?' र 'जीवनको सदुपयोग' शीर्षकका निबन्ध रचनाहरू हुन् । निबन्धकार भद्रकुमारी घलेले उनको ८२ वर्षे उमेरको अनुभवलाई निबन्धमा प्रस्तुत गरेकी छन् । मानिसको उमेर बढ्दै गएपछि विविध क्रियाकलापमा सन्तुलन गर्नु पर्छ यो उमेरका मानिसले खानपान, स्वास्थ्य सम्बन्धित ध्यान पुऱ्याएर बढेसकालको शरीरलाई सहज हुन्छ भन्ने विचार निबन्धमा रहेको देखिन्छ ।

### ४.१८.१ विषयवस्तु

भद्रकुमारी घलेको प्रस्तुत निबन्ध सङ्ग्रहको 'राम्रो विचार' शीर्षकको निबन्ध पहिलो निबन्ध रचना हो । यस निबन्धमा घलेले आफू पूरानो विचारमा विश्वास राख्ने व्यक्ति हुँ भनेकी छन् । त्यहि पुरानो धारणालाई त्याग्न नसक्ने उनको अठोट रहेको छ । समय परिवर्तन हुँदै गएपछि आफूमा भएको पुरानो विचारलाई सजिलैसँग परिवर्तन गर्न नसकिदो रहेछ भन्ने अनुभव घलेले निबन्धमा व्यक्त गरेकी छन् । 'तिरुक्कुरलको अध्ययन' यो निबन्धको शीर्षक नै साहित्यिक रहेको छ । उनले पहिला तिरुक्कुरलको बारेमा सुनेकी मात्र थिइन् । पछि हजारौं वर्ष पुरानो कविता पढ्न

पाउँदा उनलाई खुशी लागेको अनुभव निबन्धमा व्यक्त गरेकी छन् । साहित्यप्रतिको आफ्नो त्याग निबन्धमा प्रस्तुत गरेकी छन् । अरूको विविध पुस्तकहरू अध्ययन गर्न रुची भएको विषयलाई निबन्धमा चित्रण गरेकी छन् । 'ईश्वरको प्रशंसा', शीर्षकको निबन्धमा धार्मिक परम्परा र अन्धविश्वासलाई उल्लेख गरिएको छ । हामीले मन्दिर गएर देवदेवीको पूजा गर्दैमा ईश्वर खुशी हुन्छ भन्ने परम्परालाई त्यागेर गरिब दुःखीको सेवा गर्दा उनीहरू खुशी हुनु नै ईश्वर खुशी हुनु हो भनेकी छन् । धार्मिक परम्परा अनुसारको चल्दै आएको हाम्रो चाल चलन र मानसिकता परिवर्तन गरी परोपकारी, सहयोगी बन्नु नै घलेको विचारमा भगवान मान्नु हो ।

'जगत् र ईश्वर', 'आत्मा', 'सत्यको बाटो', 'धार्मिक यात्रा', 'भगवानको माया', 'भगवान भरोसाा', 'परमात्मा प्राप्ति' शीर्षकका निबन्ध रचनाहरूमा निबन्धकार भद्रकुमारी घलेले आफूले अनुभव गरेका विषयहरूलाई निबन्धका माध्यमबाट प्रस्तुत गरेकी छन् । हामीले जीवन जिउँदा सधै सत्यको बाटो अपनाउनु पर्छ भनेकी छन् । आफूले सफलता प्राप्त गर्नका लागि आफैले परिश्रम गर्नु आवश्यक हुन्छ, परिश्रमीले मात्र सफलता प्राप्त गर्न सक्छ भन्ने विश्वास घलेको पाइन्छ । 'जापानी सहयोग' शीर्षक निबन्ध रचनामा अन्तर्राष्ट्रिय सहयोगको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । नेपालमा अन्तर्राष्ट्रिय सहयोगको देश विकासमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । अन्तर्राष्ट्रिय सहयोगलाई सहि रूपमा प्रयोग गर्नु नेपालका परोपकारी, समाजसेवी र विद्वत् वर्गको कर्तव्य हो भनिएको छ । 'देशको हालत', 'देशको चिन्ता', 'मुलुकको सुन्यता', 'शान्तिका परेवा', 'विकास', 'चिन्तन' शीर्षकका निबन्ध रचनाहरूमा देशको विकाससँग सम्बन्धित विषयलाई निबन्धको विषयवस्तुका रूपमा प्रस्तुत गरिएका छन् । मुलुकको राजनीतिक व्यवस्था कमजोर भएको अवस्थालाई चर्चा गरिएको छ । राजनैतिक दलका नेताहरूले देश विकासलाई महत्त्व नदिएको विषयलाई निबन्धमा उठाइएको छ । मुलुक संचालन व्यवस्था कमजोर भए पछि जनताहरूले भोग्नु परेको पीडामा चिन्ता व्यक्त गरिएको छ । देश विकासका लागि सम्पूर्ण राजनीतिक दललाई निबन्धका माध्यमबाट घलेले आग्रह गरेकी छन् ।

'समस्याको चाङ', 'महिलाहिंसा बढ्दा', 'विकृतिको जालो', 'जनताका पीडा' नामक शीर्षकका निबन्धहरूमा मुलुकमा फैलिएको विकृति र विसङ्गतिलाई चित्रण गरिएको छ । सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि क्षेत्रमा देखिएको नकारात्मक

क्रियाकलापले गर्दा नेपालीहरूले भोग्नु परेको यथार्थ पीडालाई निबन्धकार घलेले प्रस्तुत गरेकी छन् । देशको आर्थिक अवस्था कमजोर भए पछि सबै सर्वसाधारण जनता आर्थिक रूपमा कमजोर हुने स्थिति र गरिबीले गर्दा सामाजिक समस्याहरू बढ्दै गएको अवस्थालाई निबन्धमा व्यक्त गरिएको छ । मुलुक नै समस्याको जालोमा फसेको सन्दर्भलाई निबन्धकारले प्रस्तुत निबन्धहरूमा चित्रण गरेकी छन् । 'देश समस्याको धनी बनेको छ' निबन्धमा देशको समस्याले बढ्दो रूप लिएको छ । यसको मर्का जनताहरूले भोग्नु पर्ने पीडालाई निबन्धमा चित्रण गरिएको छ । घलेले आजको आधुनिक जमानामा चुप लागेर बस्नु हुँदैन । सबै नेपाली एकजुट भएर देशको विकासमा लाग्नु पर्छ भनी सम्पूर्ण नेपालीलाई आग्रह गरेकी छन् । अझै पनि हामी यस्तै स्थितिमा रहिरह्यौं भने मुलुकमा समस्या बढ्दै जान्छ भन्ने सुझाव निबन्धका माध्यमबाट व्यक्त गरेकी छन् ।

'वाह ! झमककुमारी जीवन काँडा होइन फूल रहेछ' शीर्षकको निबन्धमा साहित्यकार झमककुमारीको साहित्यिक योगदानलाई घलेले प्रसंसा गरेकी छन् । झमककुमारीको लगनशीलताबाट प्रत्येक नेपालीले लगनशील बन्न सिक्नु पर्छ भनिएको छ । आफूले सोचे पछि जस्तो काम पनि गर्न सकिन्छ भन्ने उदाहरण झमककुमारीको परिश्रम व्यक्तित्वबाट पाउन सकिन्छ । घलेले प्रस्तुत निबन्धका माध्यमबाट नेपाली साहित्यमा झमककुमारीको योगदानलाई महत्त्वपूर्ण रूपमा स्वीकार गरेकी छन् । नेपाली साहित्यमा झमककुमारीको आगमनलाई गौरव ठानिएको छ । 'मेरो सहयोग', 'म त डाँडामाथिको घाम', 'मबाट ज्ञान हासिल', 'अकल्पनीय सोचाई', 'सबैको म', 'मेरो अस्वीकार', 'मेरो मानसिकता', 'मित्र भेट', 'म मनकी मात्र', 'मेरो यात्रा' नामक शीर्षकका निबन्धहरू निबन्धरका भद्रकुमारी घलेका जीवनसँग सम्बन्धित रहेका छन् । प्रस्तुत निबन्धहरूमा निबन्धकार स्वयंका निबन्धमा समेटिएका छन् । उनका जीवनमा घटेका घटनाहरूलाई घलेले आफ्नो ८२ वर्षे उमेरमाको अनुभवलाई निबन्धका रूपमा व्यक्त गरेकी छन् । निबन्धकार घलेले समाजमा देखिएका विकृति र विसङ्गतिहरूलाई चित्रण गर्दै यस्ता कुसंस्कारलाई समाजबाट हटाउनु पर्छ भन्ने मान्यता व्यक्त गरेकी छन् । निबन्धकार भद्रकुमारी घलेले आर्थिक कारोबारमा आफू ठगिएकोमा गुनासो पोखेकी छन् । आजका मानिसहरूको स्वार्थी स्वभावलाई सुधार गर्नु आवश्यक रहेको छ भनी

घलेले सामाजिक परिवर्तनको चाहना राखेकी छन् । अब मानिसले परिश्रम गर्न सिक्नु पर्छ स्वावलम्बि भएर सरल जीवनयापनको बाटो अपनाउनु पर्छ भनेकी छन् ।

'वृद्धा संस्मरण शक्ति', 'बुढ्यौलीका अप्ठ्यारा', 'बुढेसकालको लेखाई' निबन्धहरूमा निबन्धकार घलेका वृद्धावस्थाको अनुभव रहेको देखिन्छ । घलेले आफ्नो जीवनमा अनुभव गरेको वृद्धावस्थालाई निबन्धमा चित्रण गरिएको छ । यो अवस्थाको कमजोर शारीरिक अवस्था, थाकेको मानसिकतालाई निबन्धमा प्रस्तुत गरिएको देखिन्छ । बुढेसकाल भएपछि अरूको साहारामा जीवन चलाउनु पर्ने अवस्थालाई देखाइउको छ । 'मेरी दिदी' निबन्धमा निबन्धकार घलेकी दिदीको स्वभावलाई प्रस्तुत गरिएको देखिन्छ । उनकी दिदीले सबै मानिसलाई सत्व्यवहार गरेर असल बनेको विषयलाई प्रस्तुत गरिएको छ । आर्थिक व्यवस्था राम्रो भएका व्यक्तिहरूले मन लगाएर सबैलाई सहयोग गर्नु धर्म हो भन्ने सन्देश घलेकी दिदीबाट पाउन सकिन्छ । 'आँट र साहस', 'संस्कार', 'आजको युवा वर्ग', 'सन्तुष्टिको आधार', 'जीवनको लक्ष्य', 'विश्वास' शीर्षकका निबन्ध रचनाहरूमा मानव भएर जन्मेपछि कुनै न कुनै असल कार्य गर्न सक्नु पर्छ । तब मात्र जीवन सार्थक हुन्छ । जन्मने र मर्ने प्रक्रिया प्रकृतिको नियम हो । जन्म र मरण बीचको समयमा राम्रो कार्य गरेर देखाउनु जीवन हो भनेर निबन्धकार घलेले दावी गरेकी छन् । विविध क्षेत्रमा असल कार्य गर्न सकिन्छ । सामाजिक, आर्थिक, शैक्षिक र समाजसेवा जस्ता परोपकारी सङ्घ स.स्थासँग आबद्ध रहेर सामाजिक उद्देश्य पूरा गर्न सकिन्छ भन्ने साहस निबन्धमा उल्लेख भएको छ । 'असल साथी', 'नेपालको अर्थ नीति', 'जीवन के हो', 'जीवनको सदुपयोग' शीर्षकका निबन्धहरूमा मानवीय सम्बन्धी विविध पक्षको चर्चा गरिएको छ । समाजमा मानव भएर बाँच्नका लागि इमानदार, कर्मशील, मेहनत लगायतका आवश्यक मानवीय गुणको चर्चा गरिएको छ । आफूले असल साथी पाउनका निम्त पहिला आफू असल बन्नु पर्छ भन्ने विचारलाई प्रमुख रूपमा लिइएको छ । तब मात्र हरेक कार्य गर्न सकिन्छ । व्यक्तिले विविध क्रियाकलाप गरेर जीवनको सदुपयोग गर्नु पर्छ । समाजको विकृति र विसङ्गतिहरूदेखि टाढा रहेमा मात्र सक्षम बन्न सकिन्छ भन्ने धारणा निबन्धकारले यहाँ प्रस्तुत गरेकी छन् ।

### ४.१८.२ भाषाशैली

भद्रकुमारी घलेको **बुद्घयौलीको गन्थन** निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग भएको पाइन्छ । घलेका निबन्धमा सरल भाषाको प्रमुखता रहेको देखिन्छ । सरल भाषाको प्रयोग नै उनको भाषिक मान्यता हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा विविध शैलीको प्रयोग भएको देखिन्छ । विशेष गरी आत्मपरक शैलीलाई अपनाइएको देखिन्छ ।

आत्मपरक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "अभाव ग्रस्तको सेवामा, जनताको सेवामा, राष्ट्रको सेवामा भगवान पाएकी छु" (पृ. ४१) ।

विश्लेषणात्मक शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "मेरी दिदी ८५ वर्ष कमाएको सबै अर्कालाई खुवाउँदैमा उनी आनन्दमा थिन् । मैले हिँडेको बाटो ठिक कि दिदीले हिडेको ठिक दोधारमा छु" (पृ. ८०) ।

दैनिकी शैलीका उदाहरणका रूपमा यसलाई लिन सकिन्छ "रोजना लेख्थे अब रोजना लेख्न छुट्दै छ" (पृ. ७७) आदि शैलीको प्रयोग प्रस्तुत निबन्धमा सङ्ग्रहमा रहेको देखिन्छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा शब्द स्रोतगत स्थिति यस प्रकार छ :

तत्सम शब्दको प्रयोग जस्तै ईश्वर, विश्वास (पृ. १०), दर्शन (पृ. १२), दुःख (पृ. १४), भविष्य, संविधान (पृ. १५), वर्ष (पृ. १६), शुद्ध (पृ. २०), संसद (पृ. २१), सुचक (पृ. ५५), राष्ट्र (पृ. ६४), वर्ष (पृ. ६८), दुध (पृ. ७४) आदि शब्दको प्रयोग रहेको पाइन्छ ।

आगन्तुक शब्दको प्रयोग कम्प्युटर, मोबाइल (पृ. १०), हस्पिटल (पृ. १०), पावर (पृ. १८), वकिल (पृ. ३३), टेलिफोन (पृ. ३९) आदि शब्दको प्रयोग भएको पाइन्छ ।

## ४.१९ निष्कर्ष

भद्रकुमारी घले नेपाली साहित्यको निबन्ध क्षेत्रका एक प्रतिभाशाली निबन्धकार हुन् । समसामयिकता, राजसंस्थाप्रति आस्था, धर्ममा विश्वसा, मानवीयता, नारी चिन्तन, प्रकृतिप्रेम, जातीयता, समस्यामूलकता, यात्राका क्रममा अनुभव गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रि क्षेत्रका जनजीवन र सामाजिक विकृति र विसङ्गतिहरूलाई निबन्धको विषयवस्तुमा उल्लेख गरेर उनले हालसम्ममा १७ निबन्ध सङ्ग्रहहरू प्रकाशित गरिसकेकी छन् । ती हुन् : **राष्ट्रिय चिन्तन** (२०४५), **समय दृष्टि** (२०५९),

**राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोहर नारी** (२०६१), **आइमाई हिजो हाज भोली** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **जीवन र समाज सेवा** (२०६६), **राष्ट्र र राष्ट्रियता** (२०६६), **मेरो जीवन यात्रा** ( २०६६), **घलेको इतिहास** (२०६८), **आजको माहोल** (२०६८), **मान्छे मान्छे बनौं** ( २०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरम सीमामा** (२०६९) र **बुढौलीको गन्थन** (२०७०) रहेका छन् ।

घलेका **राष्ट्रिय चिन्तन** र **समय दृष्टि** निबन्ध सङ्ग्रहहरूमा समसामयिकता, मानवीयता, धार्मिकता विषयहरूलाई निबन्ध सङ्ग्रहका विषयवस्तुका रूपमा प्रस्तुत गरिएका छन् । तत्कालीन राजसंस्थाप्रति नेपालीहरूले गरेको विश्वासलाई निबन्धमा चित्रण गरिएको छ । मानव जीवनको मूल्य मान्यताहरूलाई प्रस्तुत गर्दै आधुनिक समाजमा आएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । घलेको ६० पछिका निबन्ध सङ्ग्रहहरूमा समस्यामूलकता, नारी चिन्तन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमणका क्रममा देखेका र अनुभव गरेका विषयहरूप्रति प्रभावित भएर निबन्ध रचना गरिएका छन् । मंगोलियाको जीवनशैलीलाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ । घलेले उनको निबन्ध यात्राको ६९/७० का निबन्धहरूमा आफ्नै जीवनका अनुभव र अनुभूतिहरूलाई संगाल्दै बुढेसकालको अवस्थालाई निबन्धमा चित्रण गरेकी छन् । सामाजिक विकृति र विसङ्गतिले समाजलाई कुसंस्कार तर्फ लैजादै गरेको अवस्थाप्रति निबन्धकार चिन्तित भएको देखिन्छ । यस्ता समस्याहरूलाई समाधान गर्न सम्पूर्ण नेपालीलाई निबन्धका माध्यमबाट आग्रह गरेकी छन् ।

घलेका निबन्धहरूमा सरल भाषाको प्रयोग रहेको पाइन्छ । सरल भाषालाई उनको भाषिक विशेषता मान्न सकिन्छ । उनका निबन्धहरूमा विविध शैलीको प्रयोग भएको छ । विशेष गरी आत्मपरक शैली रहेको छ । अन्य वर्णनात्मक शैली, दैनिकी शैली, प्रश्नात्मक शैली, निजात्मक शैली र व्यङ्ग्यात्मक आदि शैलीको प्रयोग भएको देखिन्छ ।

# पाँचौं परिच्छेद

## सारांश तथा निष्कर्ष

शोपधत्रको पहिलो परिच्छेदमा शोध परिचय अन्तर्गत विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोध सामग्रीको सङ्कलन विधि र शोधपत्रको रूपरेखा राखिएको छ ।

दोस्रो परिच्छेदमा निबन्धको सैद्धान्तिक परिचय दिइएको छ । यसमा निबन्ध विश्लेषणका आधारहरू दिइएको छ । निबन्धको सैद्धान्तिक चिनारी दिने क्रममा निबन्ध शब्दको उत्पत्ती, पूर्वीय र पाश्चात्य साहित्यमा निबन्ध शब्दको परिभाषा, निबन्धको स्वरूप उल्लेख गरिएको छ । निबन्ध तत्त्वहरू, विषयवस्तु, उद्देश्य र भाषाशैलीका बारेमा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेद भद्रकुमारी घलेको निबन्ध यात्रा र प्रवृत्ति शीर्षक अन्तर्गत निबन्धकार घलेको निबन्ध यात्रा उल्लेख गरिएको छ । वि.सं. २०४५ देखि औपचारिक रूपमा निबन्ध क्षेत्रमा प्रवेश गरेकी निबन्धकार घलेले **राष्ट्रिय चिन्तन** (२०४५) नामक निबन्ध सङ्ग्रहबाट निबन्ध यात्रा आरम्भ गरेकी हुन् । घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरण वि.सं. २०४५ देखि २०५९ सम्म मानिएको छ । उनको यस चरणमा दुईवटा निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् । **राष्ट्रिय चिन्तन** (२०४५), **समय दृष्टि** (२०५९) रहेका छन् । घलेले निबन्ध यात्राको पूर्वार्द्ध चरणमा राजसंस्थाप्रति नेपालीको आस्था, धर्मप्रति विश्वास, राष्ट्रिय जीवन, समाजमा घटेका घटनाहरूलाई समसामयिक रूपमा प्रस्तुत गरेकी छन् । **समय दृष्टि** निबन्ध सङ्ग्रहमा मानवीयता, नारी उत्थानका विषयहरूलाई प्राथमिकता दिइएको देखिन्छ । मुलुकको सामाजिक, राजनीतिक, शैक्षिक लगायतका विविध क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई देखाउँदै यस्ता समस्याको समाधान गर्नु पर्छ भन्ने धारणा यस चरणका निबन्धहरूमा प्रस्तुत गरिएको छ । घलेको निबन्ध यात्राको पूर्वार्द्ध चरणलाई आभ्यासिक चरणका रूपमा लिइएको छ । यस चरणमा प्रकाशित भएका उनका निबन्ध सङ्ग्रहहरूमा आत्मपरक शैली,

निजात्मक शैली र काव्यात्मक आदि शैलीको प्रयोग गरिएको छ । काव्यात्मक शैलीले घलेको कवि व्यक्तित्वलाई झल्काएको देखिन्छ ।

निबन्धकार भद्रकुमारी घलेका निबन्ध यात्राको उत्तरार्द्ध चरण वि.सं. २०६० देखि हालसम्म मानिएको छ । यस चरणका निबन्ध सङ्ग्रहहरू **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोह नारी** (२०६१), **आइमाई हिजो आज भोलि** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **जीवन र समाजसेवा** (२०६६), **राष्ट्र र राष्ट्रियता** (२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास** (२०६८), **आजको माहोल** (२०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरम सीमामा** (२०६९), **बुद्ध्यौलीको गन्थन** ( २०७०) गरी १५ वटा निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् । घलेका यस चरणमा प्रकाशित निबन्धहरूमा पूर्वार्द्ध चरणका निबन्ध रचना शैली भन्दा केही फरक विषय र शैली रहेको देखिन्छ । यस चरणमा घलेले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका भ्रमणका क्रममा देखेका भोगेका अनुभव गरेका विषयवस्तुहरूलाई निजात्मक ढङ्गले लेखेर निबन्ध रचनाहरूलाई सङ्गृहीत गरी निबन्ध सङ्ग्रहहरू प्रकाशित गरेकी छन् । घलेको निबन्ध यात्राको उत्तरार्द्ध चरणलाई निबन्ध सङ्ग्रहका प्रकाशनका दृष्टिले निबन्ध रचनाको उर्वरकालका रूपमा लिन सकिन्छ । घलेले यस चरणका निबन्धहरूमा अन्तर्राष्ट्रिय जीवनशैली, प्रकृतिप्रेमलाई प्रमुख रूपमा निबन्धको विषयवस्तु बनाएकी छन् । सामाजिक, शैक्षिक, राजनीतिक, धार्मिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई देखाउँदै त्यसको समाधान गर्न सम्पूर्ण नेपालीलाई अनुरोध गरेकी छन् ।

भद्रकुमारी घले नेपाली साहित्यको निबन्ध विधाका प्रतिभाशाली निबन्धकार हुन् । उनले हालसम्म १७ वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित गरेकी छन् । यिनै १७ वटा निबन्ध सङ्ग्रहका निबन्ध रचनाका आधारमा निबन्धकार भद्रकुमारी घलेका निबन्धात्मक प्रवृत्तिहरूलाई केलाउन सकिन्छ । आत्मपरकता/निजात्मकता, उनको मूलभूत प्रवृत्ति हो । यसका साथै चिन्तनशीलता, समस्यामूलकता, राष्ट्रवादी भावना, नारीवादी भावना, व्यङ्ग्यात्मकता आदि घलेका निबन्धात्मक प्रवृत्तिहरू हुन् ।

चौथो परिच्छेद भद्रकुमारी घलेका निबन्ध सङ्ग्रहहरूको विश्लेषण विषयवस्तु र भाषाशैली आधारमा गरिएको छ । उनका निबन्ध सङ्ग्रहहरू **राष्ट्रिय चिन्तन** (२०४५), **समय दृष्टि** (२०५९), **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०), **सृष्टिको धरोहर नारी** (२०६१), **आइमाई हिजो आज भोलि** (२०६२), **आजको मेरो मन** (२०६५), **अहिलेको परिस्थिति** (२०६६), **जीवन र समाज सेवा** (२०६६), **राष्ट्र र राष्ट्रियता** (२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास** (२०६८), **आजको माहोल** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **म** (२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरम सीमामा** (२०६९) र **बुढ्यौलीको गन्थन** (२०७०) रहेका छन् । यिनै निबन्ध सङ्ग्रह भित्रका निबन्ध रचनाहरूलाई विषयवस्तु र भाषाशैलीका आधारमा विश्लेषणमा गरिएको छ ।

भद्रकुमारी घलेको पहिलो निबन्ध सङ्ग्रह **राष्ट्रिय चिन्तन** (२०४५) मा निबन्ध सङ्ग्रहमा विविध शीर्षकका १४ वटा निबन्धहरू रहेका छन् । ती निबन्ध रचनाहरूलाई विषयवस्तु र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ । यस निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा विविध शीर्षकका निबन्धहरू रहे तापनि प्रमुख रूपमा राजसंस्थाप्रति आस्था धर्मप्रति विश्वास, शान्तिको कामनालाई प्रस्तुत गरिएको छन् । विशेष गरी नेपाली जनजीवनलाई उल्लेख गरेको पाइन्छ । आत्मपरक शैलीको प्रयोग रहेको पाइन्छ । **समय दृष्टि** (२०५९) निबन्ध सङ्ग्रहमा मानवीयता, नारी समस्या र उत्थानलाई प्रस्तुत गर्दै सामाजिक विकृति र विङ्गतिको उन्मुलन गर्न सम्पूर्ण नेपालीलाई निबन्धका माध्यमबाट आग्रह गरिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा घलेले सरल भाषाको प्रयोग गरेको देखिन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा आत्मपरक, प्रश्नात्मक आदि शैलीको प्रयोग गरिएको छ । **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६०) निबन्ध सङ्ग्रहमा तत्कालीन नेपालको राजसंस्था र राजपरिवारले नेपाल र नेपालीका लागि गरेका सकारात्मक कार्यहरूलाई निबन्धको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । तत्कालीन समयमा राजसंस्थाबाट मुलुक संचालन हुने परम्परालाई प्रमुख विषयवस्तुका रूपमा देखाइएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा वर्णनात्मक शैली, प्रश्नात्मक आदि शैलीको प्रयोगका साथै नेपाली उखानको पनि प्रयोग गरिएको छ । **सृष्टिको धरोहर नारी** (

२०६१) निबन्ध सङ्ग्रहमा निबन्धकार भद्रकुमारी घलेले नेपालका प्रतिभाशाली नारीहरूको त्याग र योगदानलाई निबन्धका विषयवस्तुका रूपमा चर्चा गरेकी छन् । नारीले पनि अवसर पाए जस्तो सुकै कठिन कार्य पनि गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत निबन्ध सङ्ग्रहको अध्ययनबाट पाउन सकिन्छ । साहित्यकार, समाजसेवी, डाक्टर, टेम्पोचालक लगायतका नारी हस्तीहरूको साहसलाई निबन्धमा चर्चा गरिएको छ । ती नारीहरूका साहसले आजका नारीहरूलाई उत्प्रेरित गर्छ भन्ने आशा राखिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा वर्णनात्मक शैली र आत्मपरक शैलीको बाहुल्यता रहेको छ । **आइमाई हिजो आज भोलि** (२०६२) निबन्ध सङ्ग्रहमा कालान्तरका नारीदेखि आजसम्मको नारीको अवस्थालाई निबन्धमा चित्रण गरिएको छ । कालान्तरमा मातृसत्तात्मक समाज थियो । नारीकै मातहतमा सम्पूर्ण अधिकार नारीकै थियो । तत्कालीन समाजका पुरुषहरू नारीका पहुँचमा रहन्थे । नारीको हक अधिकार पुरुषले खोसेपछि पितृसत्तात्मक समाजको स्थापना भयो । पुरुषहरूले नारीलाई कमजोर बनाएको अवस्थालाई निबन्धको विषयवस्तुमा उल्लेख गरिएको छ । आजको नारीले आफूलाई युग अनुरूप चलाउन सक्नु पर्ने विषयलाई निबन्धमा चर्चा गरिएको छ । प्रस्तुत सङ्ग्रहमा सरल भाषाका साथै निजात्मक र वर्णनात्मक शैलीको प्रयोग रहेको पइन्छ । **आजको मेरो मन** (२०६५) निबन्ध सङ्ग्रहमा निबन्धकारले आफ्नै जीवनका विविध पक्षलाई निबन्धका विषयवस्तुका रूपमा चर्चा गरेकी छन् । मानिसले जन्मेपछि केही न केहि कार्य गर्न सक्नु पर्छ तब मात्र सार्थक जीवन हुन्छ भनेकी छन् । मानिसको वृद्धावस्थालाई प्रस्तुत गर्दै यो अवस्थामा गाह्रो हुन्छ तर हामीले खानपान, स्वास्थ्यमा ध्यान दियौं भने सहज हुन्छ भनेर नेपालका वृद्धवृद्धालाई सल्लाह दिएकी छन् । शैलीका दृष्टिले घलेका यस निबन्ध सङ्ग्रहमा आत्मपरक शैलीको महत्त्व रहेको छ । त्यसका साथै वर्णनात्मक शैली पनि प्रयोग भएको छ । **अहिलेको परिस्थिति** (२०६६) निबन्ध सङ्ग्रहमा निबन्धकार भद्रकुमारी घलेले वर्तमान राष्ट्रको विग्रँदो स्थितिलाई उल्लेख गरेकी छन् । सामाजिक, राजनीतिक, शैक्षिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति चिन्तित बनेकी छन् । देशको कमजोर अवस्थालाई सुधार गर्न सम्पूर्ण राजनीतिक दलका नेताहरूलाई निबन्धका माध्यमबाट आग्रह गरिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा वर्णनात्मक शैली, निजात्मक शैली र संस्करणात्मक शैलीको प्रयोग गरिएको छ ।

**जीवन र समाज सेवा** (२०६६) निबन्ध सङ्ग्रहमा तत्कालीन राणाकाल, नेपालको राजनैतिक व्यवस्था, सामाजिक, सांस्कृतिक महत्त्वलाई प्रस्तुत निबन्ध सङ्ग्रहका विषयवस्तुका रूपमा लिइएको छ । नेपालमा प्राकृतिक सम्पदा भएर पनि सही सदुपयोग नहुँदा प्राकृति सम्पदाहरू नष्ट हुने अवस्थाप्रति निबन्धकार चिन्तित बनेकी छन् । नेपालको प्राकृतिक सम्पदालाई क्षमता भन्दा बढी उपयोग नगर्न आग्रह गरिएको छ । निबन्धकारको प्रकृतिप्रेम प्रस्तुत निबन्धमा झल्किएको देखिन्छ । घलेले नारी उत्थानलाई पनि प्रमुख रूपमा लिएकी छन् । प्रस्तुत निबन्ध कृतिमा वर्णनात्मक शैली, निजात्मक शैली, र निर्देशनात्मक आदि शैलीको प्रयोग गरिएको छ । **राष्ट्र र राष्ट्रियता** (२०६६) निबन्ध सङ्ग्रहमा निबन्धकार भद्रकुमारी घलेले नेपालको वर्तमान परिस्थिति प्रस्तुत गरेकी छन् । नेपालमा राजनैतिक व्यवस्था कमजोर भए पछि नेपालीहरूले भोग्नु परेको कष्टपूर्ण जीवनप्रति निबन्धकारले सहानुभूति प्रकट गर्दै नेपाली राजनीतिमा सुधार आउनु पर्छ भनेकी छन् । नेपाली साहित्यप्रतिको गौरव गरेकी छन् । प्रस्तुत निबन्ध सङ्ग्रहमा निजात्मक शैली, प्रश्नात्मक शैली र व्यङ्ग्यात्मक आदि शैलीको प्रयोग गरिएको छ । **मेरो जीवन यात्रा** (२०६६) निबन्ध कृतिमा सङ्गृहीत रहेका निबन्धहरूको विषयवस्तुमा घलेले आफ्नो निजी जीवनलाई चित्रण गरेकी छन् । नेपाली आदिवासी जनजातिलाई सचेत हुन आग्रह गरेकी छन् । घलेका जीवनमा देखिएका उत्तार चढावलाई पनि निबन्धको विषयवस्तुमा प्रस्तुत गर्दै कुसंस्कारप्रति व्यङ्ग्य गरेकी छन् । घलेले प्रस्तुत निबन्ध सङ्ग्रहमा आत्मपरक शैली र संस्मरणात्मक शैलीको प्रयोग गरेकी छन् । **घलेको इतिहास** (२०६८) निबन्ध सङ्ग्रहमा घलेले आदिवासी जनजाति घले गुरुङको इतिहास निबन्धको विषयवस्तुमा चर्चा गरेकी छन् । उनले विदेश भ्रमणका क्रममा मंगोलियाको भ्रमण गर्दा आदिवासीहरू मंगोलबाट आएका होइनौं भन्ने विश्वास व्यक्त गरेकी छन् । आदिवासीहरू नेपालकै हुन् भनेकी छन् । प्रस्तुत निबन्ध सङ्ग्रहमा निबन्धकार घलेले निजात्मक शैली, प्रश्नात्मक शैली र संस्मरणात्मक शैलीको प्रयोग गरेकी छन् । **आजको माहोल** (२०६८) निबन्ध सङ्ग्रहमा घलेले देशको ऐतिहासिक, सामाजिक, राजनीतिक अवस्थालाई चित्रण गर्दै प्रमुख रूपमा राजनीतिमा देखिएका खिचातानीलाई निबन्धको विषयवस्तुमा प्रस्तुत गरिएको छ । नेपालको राजनीतिक

अवस्था कमजोर भएपछि देश र जनताले सामना गरेको अवस्थालाई उल्लेख गरिएको छ । सामाजिक विकृति र विङ्गतिले समाजमा बढ्दै गएको हत्या, हिंसा र अमानवीय क्रियाकलापले गर्दा मानव सद्भाव हराउँदै गएको अवस्थाप्रति चिन्ता व्यक्त गरेकी छन् । प्रस्तुत निबन्ध सङ्ग्रहमा निबन्धकार भद्रकुमारी घलेले विश्लेषणात्मक शैली, प्रश्नात्मक शैली र व्यङ्ग्यात्मक शैलीको प्रयोग गरेकी छन् । **मान्छे मान्छे बनौं** (२०६८) निबन्ध सङ्ग्रहमा निबन्धकार घलेले वर्तमान समाजको चित्रण गरेकी छन् । वर्तमान समाजमा राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई उल्लेख गरेकी छन् । वैज्ञानिक युगमा युग अनुरूप आफूलाई संचालन गर्न सक्नु पर्छ भनेकी छन् । प्रस्तुत निबन्ध सङ्ग्रहमा आत्मपरक शैली, वर्णनात्मक शैली र प्रश्नात्मक शैलीको प्रयोग गरिएको छ । **म** ( २०६८) निबन्ध सङ्ग्रहमा निबन्धकार घलेले आफ्नो जीवनका अनुभवहरूलाई उल्लेख गरेकी छन् । आफूले आर्थिक कारोवार गर्दा ठगिएको अवस्थालाई चर्चा गर्दै आधुनिक समाजको स्वार्थी प्रवृत्तिलाई व्यङ्ग्य गरेकी छन् । यस निबन्ध सङ्ग्रहमा आत्मपरक शैली, विश्लेषणात्मक शैली, संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ । **राष्ट्रिय सम्पदा** (२०६८) मा नेपालको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक सम्पदाहरूको वर्णन गरिएको छ । यी राष्ट्रिय सम्पदाहरूले नेपाललाई विश्वमा चिनाएको छ भनी निबन्धरकाले गौरव गरेकी छन् । मुलुकका यस्ता अमूल्य सम्पतिहरूलाई संरक्षण गर्नु हाम्रो कर्तव्य हो भनिएको छ । यस निबन्ध सङ्ग्रहमा वर्णनात्मक शैली, प्रश्नात्मक शैली र व्यङ्ग्यात्मक आदि शैलीको प्रयोग भएको छ । **चरम सीमामा** (२०६९) निबन्ध सङ्ग्रहमा देशको कमजोर अवस्थालाई चित्रण गर्दै मङ्गी, कुसंस्कार, अन्याय, अत्याचारप्रति निबन्धकार चिन्तित देखिन्छन् । घलेले प्रस्तुत निबन्ध कृतिमा आत्मपरक शैलीको प्रयोग गरेकी छन् । **बुढ्यौलीको गन्थन** ( २०७०) निबन्ध सङ्ग्रहमा निबन्धका विषयवस्तुका रूपमा घलेले आफ्नो जीवनको बुढेसकाललाई प्रस्तुत गरेकी छन् । खानपान, व्यायाम, स्वास्थ्यमा ध्यान पुऱ्याएमा सहज हुन्छ भनी नेपाली वृद्धवृद्धालाई सल्लाह दिएकी छन् । अरूको सहारामा बाँच्नु पर्ने बाध्यताले गर्दा सम्पूर्ण वृद्धवृद्धाको सेवा गर्नु नै मानवीयता हो भनिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा घलेले दैनिकी शैली, विश्लेषणात्मक शैलीको प्रयोग गरेकी छन् ।

संक्षेपमा भद्रकुमारी घलेका निबन्धहरूमा राजसंस्था, समसामयिकता र नारी उत्थानलाई विषयवस्तु बनाइएका छन् । घले स्वयं तत्कालीन राजसंस्थासँग सम्बन्धित व्यक्ति भएकाले राजसंस्थालाई महत्त्व दिइएको देखिन्छ । निबन्धकार एक सचेत र चिन्तनशील नारी भएकाले नारी उत्थानलाई प्राथमिकता दिएकी छन् । सामाजिक विकृति र विसङ्गतिको उन्मुलन गर्न खोज्नु यिनका निबन्धहरूको विषयवस्तु हुन् । त्यसैले घलेका निबन्धहरू विषयवस्तुका दृष्टिले साधारण खालका रहेका छन् ।

घलेका निबन्धहरूमा सरल भाषाको प्रयोग रहेको छ । उनका निबन्धहरूमा कलात्मक र आलङ्कारिक भाषाको प्रयोग भएको पाइँदैन । कतै कतै काव्यात्मक शैलीको प्रयोग भएको देखिन्छ ।

समग्रमा भन्नु पर्दा घलेका निबन्धहरू विषयवस्तु र भाषाशैली प्रयोगका दृष्टिमा सामान्य खालका छन् । घलेलाई समसामयिक विषयलाई वस्तुपरक ढङ्गमा प्रस्तुत गर्ने र सामाजिक विकृति र विसङ्गतिलाई केन्द्र बनाएर निबन्धका माध्यमबाट मुक्तिको बाटो खोज्ने निबन्धकारका रूपमा लिन सकिन्छ ।